# पिँधका अनुभवहरू: अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको निजत्व कथा


**संयोजन**

इशान रेग्मी

**सम्पादन**

कैलाश राई



**प्रकाशक**

क्याम्पेन फर चेन्ज

# पिँधका अनुभवहरू: अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको निजत्व कथा


| | |
|---|---|
| लेखक तथा प्रकाशक : | क्याम्पेन फर चेन्ज |
| | कलंकी १४, काठमाडौँ, नेपाल |
| इमेल: | campaignforchange17@gmail.com |
| सम्पर्क : | ९७४५६१०१७४ |
| सम्पादक : | कैलाश राई |
| संस्करण: | पहिलो, कार्तिक २०७९ (Octbor, 202) |
| आवरण तथा लेआउट: | सन्तोषकुमार दाहाल |
| मुद्रण: | एस.के.डि. ग्राफिक एण्ड प्रिन्टिङ सोलुसन |


| | |
|---|---|
| सर्वाधिकार : | लेखक तथा प्रकाशकमा |


| | |
|---|---|
| ISBN: | 978-9937-1-2903-9 |



यस पुस्तकको कुनै अंश कतै प्रकाशन गर्नु परेमा यस पुस्तकबाट साभार गरिएको व्यहोरा खुलाई प्रयोग गर्न सकिनेछ। यो पुस्तक बिक्री वितरणका निम्ति होइन।

# आभार

यो पुस्तक अन्तरलिङ्गी अधिकारकर्मी, क्याम्पेन फर चेन्जका सह-संस्थापक तथा कार्यकारी निर्देशक इशान रेग्मीको परिकल्पनामा शुरु गरिएको थियो। २०७९ जेठ २६-२७ गते अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको भेला गरिएको थियो । उक्त भेलामा यो पुस्तक निर्माणको अवधारणाबारे सहभागीहरूमाझ कुराकानी गरिएको थियो। सोही कुराकानीलगत्तै आफ्ना निजी कथा सार्वजनिक गर्न चाहनुहुने व्यक्तिहरूले हामीसँग आ-आफ्ना भोगाईहरू साझा गर्दै जानुभयो। उहाँहरूको हामीप्रतिको त्यो विश्वास र भरोसाको हामी उच्च कदर गर्दछौँ।

उहाँहरूले चरणबद्ध रुपमा हामीसँग साझा गर्नुभएको भोगाईहरूलाई विभिन्न व्यक्ति तथा संस्थाको संलग्नता, साथ र सहकार्यमा पुस्तकको रुपमा तयार पारिएको छ। यसलाई विभिन्न चरणको कार्य, सहकार्य र परिमार्जन पश्चात यस्तो स्वरुपमा ढालिएको हो। सर्बप्रथम यस पुस्तकका लागि आ-आफ्ना निजी अनुभवहरू हामीमार्फत् बाहिर ल्याउन साहस गर्नुहुने अन्तरलिङ्गी बिबिधताका भएका व्यक्ति र अन्तरलिङ्गी बिबिधताका भएका सन्तानका अभिभावक प्रति बिशेष आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छौं। आ-आफ्ना कथाहरू सार्वजनिक गर्न सहमति जनाउनुहुने र आफ्ना सन्तानहरूको भोगाईलाई सार्वजनिक गर्न मञ्जुरी दिनुहुने सबै अभिभावकहरूप्रति हामी आभारी छौँ।

संकलित कच्चा सामाग्रीलाई पुस्तकको स्वरुप ग्रहण गराउनको निमित्त सम्पादनको कार्यभार सम्हालिदिनु हुने अध्येता, लेखक तथा सम्पादक कैलाश राईलाई विशेष धन्यवाद। त्यस्तै, पुस्तक तयार पार्ने क्रममा आवश्यक सूचना

तथा जानकारी जुटाउनुहुने यस संस्थाका पूर्व कार्यक्रम संयोजक सुमित्रा बोगटीलाई धेरै धन्यवाद। पुस्तकको आवरण तथा लेआउटको जिम्मा लिइ पुस्तकलाई सजाउनुहुने सन्तोष दाहाललाई धेरै धन्यवाद। यस पुस्तक निर्माण कार्यको लागि आर्थिक सहयोग प्रदान गर्नुहुने स्विडेनस्थित RFSL संस्था र त्यसअन्तर्गतको RAP कार्यक्रमलाई धन्यवाद दिन चाहन्छौँ । क्याम्पियन फर चेन्ज र यहाँहरूबीचको साथ र सहकार्य जारी रहने विश्वाससहित सबै-सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

यो पुस्तक तपाईहरूसमक्ष आउनुपहिलेसम्म यी कथाहरू अन्तरलिङ्गी व्यक्तिका निजी कथा-व्यथा थिए। अब यसलाई तपाईहरू सामु ल्याएका छौँ। तपाईहरूको रचनात्मक र समभावपूर्ण प्रतिक्रियाको अपेक्षासहित अग्रीम धन्यवाद।

क्याम्पेन फर चेन्ज

२०७९ कार्तिक १

## प्रकाशकीय

## अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूबारेको भ्रम र संकीर्ण सोच भत्काउनुपर्छ

हाम्रो समाजमा विविध यौन बिशेषताको बारेमा एकदमै सीमित बुझाई रहेको छ । शिशु जन्मिँदा उसको बाह्य यौनाङ्ग शिश्न भएमा बालक र बाह्य यौनाङ्ग योनी भएमा उसलाई बालिका भनि निर्धारण गर्ने चलन स्थापित छ । सोहिअनुसार व्यक्तिहरूका लागि सामाजिक मूल्य र मान्यताहरूको निर्धारण गरी अभ्यासमा ल्याइदै आइएको छ । त्यही मूल्य मान्यता र अभ्यासलाई नै सामाजिक रुपमा 'बैध' र 'सही' मानिन्छ । समाजमा यस प्रकारका अभ्यासहरू मात्रै व्यापक रहीरहँदा विविध यौन विशेषता भएका व्यक्ति अर्थात् अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरू बहिष्कृत हुँदै आइरहेका छन् । उनीहरूमाथि समाजका विभिन्न तहमा विभिन्न किसिमका विभेद, लाञ्छना, हिंसा, दूर्व्यवहार र अपमानित व्यवहारहरू हुँदै आइरहेको छ ।

चिकित्सा विज्ञानले यौनाङ्ग, प्रजनन् ग्रन्थि र क्रोमोजोमको ढाँचाहरूको आधारमा विविध यौन बिशेषताको पहिचान गरेको हो । तर हाम्रो समाजले शिश्न र योनी, सन्तानोत्पादन गर्न सक्ने क्षमता र पुरुषमा XY र महिलामा XX गुणसुत्र (क्रोमोसोम) भएका व्यक्तिहरूको अस्तित्वलाई मात्र स्वीकारेको छ । शिश्न र योनीबाहेकको यौनाङ्गको ढाँचा, शिश्न र यौनीसँग सम्बन्धित द्वितीय प्रजनन् ग्रन्थीबाहेका ग्रन्थीको ढाँचा र XY र XX गुणसुत्र (क्रोमोजम) बाहेकको गुणसुत्र (क्रोमोजम) विविधताको बारेमा कहीँ कतै छलफल हुने गर्दैन । त्यसैले हाम्रो समाजमा त्यसबारेको बुझाई तथा ज्ञानको अभाव

छ । कुराकानी गरिएको खण्डमा पनि यस्ता विशेषता हुनुलाई “बिकार”, “असामान्य” र पूर्वजन्मको पापको फलको संज्ञा दिने गरिएको छ । यौन विशेषताको विविध पहिचान भएका व्यक्तिहरूलाई अन्तरलिङ्गी विविधता भएका व्यक्ति भनिन्छ भन्ने कुरा बल्ल बल्ल सार्वजनिक वृत्तमा झिनो रुपमा सुन्न र सुनाउन थालिएको छ । विडम्बना, अन्तरलिङ्गी व्यक्तिहरूको अस्तित्वलाई समाजले स्वीकार्न भने सकेको छैन । समाजले नस्विकारिदिंदा घरपरिवारले पनि आफ्ना अन्तरलिङ्गी विविधता भएको सन्तानलाई सहजै अपनाउन र साथ दिनमा कठिनाई पैदा गरिदिएको छ ।

हाम्रो समाजमा अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूप्रतिको सोचाइ र व्याख्या साँघुरो छ । नेपाली भाषाको “लिङ्ग” शब्दको परम्परागत प्रयोगले लिङ्ग (Sex), लैङ्गिकता (gender) दुबैलाई जनाउने भएकोले अन्तरलिङ्गी विविधताका व्यक्तिहरूलाई कतै तेस्रोलिङ्गी (Third gender) र कतै पारलिङ्गी (Transgender) व्यक्ति भनेर सम्बोधन गरिएको छ । यसरी बुझिनु भनेको अन्तरलिङ्गी व्यक्तिहरूको अस्तित्व खुम्च्याउनु हो ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघद्वारा जारी तथ्यपत्रकानुसार अन्तरलिङ्गी विविधता भएकाहरूको संख्या विश्वकै जम्मा जनसंख्याको करिब ०.५ देखि १.७ प्रतिशत रहेको छ । विभिन्न अध्ययनले ४० भन्दा बढी अन्तरलिङ्गी विविधता रहेको कुरा औंल्याएको छ । तसर्थ अन्तरलिङ्गी यौन विविध बिशेषता आफैमा एउटा छाता शब्द हो । विगत एकदशक यता अन्तरलिङ्गी भन्ने शब्द नेपालका केही यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका निमित्त काम गर्ने संस्था तथा अभियन्ताहरूले प्रयोग गर्दै आएका छन् । तापनि उनीहरूले प्रयोग गर्ने गरेको अन्तरलिङ्गी शब्दको अर्थ, त्यसको परिभाषा र व्याख्यालाई बुझ्दा उनीहरूमा पनि अन्तरलिङ्गी विविधताबारे सीमित ज्ञान रहेको थाहा पाउन सकिन्छ । सीमित ज्ञानकै आधारमा त्यस्तै खालको भाष्यको प्रयोगले गर्दा अन्तरलिङ्गीहरूको बारेमा अझैपनि सान्दर्भिक रुपमा

बहस तथा छलफल हुन सकेको छैन। जे जति बहस र छलफल भइरहेका छन् तिनले  हाम्रो समाजमा यदि कसैको अस्पष्ट यौनाङ्ग भएमा त्यस्तो व्यक्ति अन्तरलिङ्गी व्यक्ति हो भन्ने सपाट बुझाईलाई नै अनुमोदन गर्दै आइरहेका छन् । जसलाई हाम्रो समाजले संकीर्ण दृष्टिकोण राखेर पूर्व जन्ममा गरेको पापको फलको संज्ञा दिने गरेको छ, जुन सरासर गलत हो । यहि संकीर्ण बुझाइका कारण अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको जीवन झन् कष्टकर बनाइदिएको छ ।

नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका LGBTIQA+ सम्बन्धी अधिकारवाला, सरोकारवाला र सरकारबीच विभिन्न खालका साझेदारी तथा समन्वयकारी कामकाजहरू गर्दै आइरहेका छन्। अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको बारेमा तुलनात्मक रुपमा नगण्य मात्रामा मात्रै कामहरू भएका छन्। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अभियान र क्रियाकलापहरूमै पनि अन्तरलिङ्गी विविधताका व्यक्तिहरूबारे खासै छलफल भएको पाइदैन । त्यसले अन्तरलिङ्गी विविधता भएकाहरूको मुद्दालाई झन् ओझेलमा पार्दै लगेको छ । उनीहरूको हक अधिकारको लागि कहिल्यै कतै पनि बहस तथा छलफल हुने वातावरण र ठाउँ बन्न सकीरहेको छैन। नेपालका ऐन कानूनहरूले अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूलाई समेट्न सकेको छैन। विभिन्न मानव अधिकारका अभियानले पनि अन्तरलिङ्गी विविधता भएको जनसंख्याको मुद्दालाई बुझ्न सकेको छैन।

त्यही तथ्यलाई बुझेर हामीले अन्तरलिङ्गी विविधता भएकाहरूका निमित्त काम गर्नु अतिआवश्यक रहेको निर्क्यौल गर्यौं। सन् २०१६ मा नेपालका विभिन्न ठाउँमा रहनुभएका हाम्रा सम्पर्कमा आउनुभएका अन्तरलिङ्गी व्यक्तिहरूको एउटा भेला राख्यौं। नेपालकै सन्दर्भमा त्यो भेला अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको पहिलो राष्ट्रिय भेला थियो,

जुन दुई दिनसम्म चलेको थियो । त्यत्तिञ्जेलसम्म निल हिरा समाजले पनि अन्तरलिङ्गी विविधताबारेमा आवाज उठाउन सकीरहेको थिएन । निल हिरा समाजसँगै सम्पर्कमा रहेर विभिन्न कार्यक्रमहरूमा संलग्न रहनुभएका केही व्यक्तिहरूले यौनिक तथा लैंगिक अल्पसंख्यकहरू बारेको अनेक छलफलहरूमा आफ्नो समस्या र सरोकारको कुरा नआएको बारेमा धेरैपल्ट आपसी कुराकानी पनि भएको थियो । त्यसपछि हामी आफैले त्यस्ता समस्याबारेमा सघन संवाद गर्नको लागि भेला राखेका थियौँ। त्यो भेलाले हामीलाई अन्तरलिङ्गी विविधता भएकाहरूका लागि काम नगरी नहुने पक्कापाक्की गर्न सघायो । त्यही भेलामै हामीले अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको एउटा लुज नेटवर्क बनायौँ- तदर्थ समितिको रुपमा । सन् २०१७ मा अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूका लागि काम गर्ने एउटा संस्था- क्याम्पेन फर चेन्ज- स्थापना गर्यौँ।

संस्था बनाइसकेपछि विभिन्न अन्तर्राष्ट्रिय सकारात्मक अभ्यासहरूलाई अनुसरण गर्दै हामीले संस्थागत तवरबाट काम थाल्यौँ । कहीँ कतैबाट अन्तरलिङ्गी विविधताबारे कुनै काम गरेको छ कि भनेर सोधखोज गर्यौँ। जानकारीमूलक स्रोत सामाग्रीहरू भेटिएला कि भनेर खोज्यौँ। अहँ, हामीले कतैपनि त्यस्ता सामाग्रीहरू भेटेनौँ। त्यसैले हामी आफैले त्यस्ता सामाग्रीहरू निकाल्ने जमर्को गर्न थाल्यौँ। यो पुस्तक त्यसैको अर्को एउटा सानो प्रयास हो । अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूप्रतिको गलत बुझाई, दोषी हेराई परिवर्तन गर्न र गराउन अति आवश्यक छ। त्यसको लागि पर्याप्त मात्रामा यस बारेमा कुराकानी हुनु आवश्यक छ । जानकारीमूलक स्रोत सामाग्रीहरू उत्पादन हुनु आवश्यक छ । त्यस्ता सामाग्रीहरूको व्यापक प्रचारप्रसार र तिनको आधारमा छलफल तथा अन्तरक्रियाहरू हुनु आवश्यक छ ।

त्यस्तै क्रियकलापहरूमा केही त टेवा दिन सकुँ भन्ने हेतुले हामीले यो पुस्तक प्रकाशन गरेका छौँ। यो पुस्तकमा देशका विभिन्न भूभागमा बसोबास

गर्नुहुने अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको जीवन संघर्ष पस्केका छौँ । यी कथाले अन्तरलिङ्गी विविधता भएको व्यक्ति भएकै कारणले झेल्नुपरेको कष्ट, घर परिवार तथा समाजको अस्विकार्यता, सामाजिक तथा न्यायिक बहिष्करण र राज्यको असंवेदनशील चरित्र र त्यसकै कारण थप समस्यामा परेको वास्तविकतालाई दर्शाउँछ ।

यो पुस्तकले अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूलाई आफू र आफूजस्ता व्यक्तिहरूका बारेमा जानकार हुन सघाउनेछ । अन्तरलिङ्गी सन्तान भएका अभिभावकहरूलाई आफ्नो सन्तानहरूबारे जानकार हुन र उनीहरूलाई साथ सहयोग दिन प्रेरित गर्न सक्नेछ । यस पुस्तकका कथाकारहरूले आ-आफ्ना व्यक्तिगत कथालाई अन्तरलिङ्गी व्यक्तिहरूको राम्रो जीवनयापनमा केही योगदान दिन सकुँ भन्ने हेतुले समाजसामु ल्याउनुभएको छ । यी कथाहरूले समाजमा अदृश्य पारिएका अरू थुप्रै खालका कथाहरूलाई बाहिर ल्याउन सकारात्मक ऊर्जाको काम गर्नेछ भन्नेमा हामी विश्वश्त छौँ। त्यस अलावा यो पुस्तक यदि कोही पनि व्यक्तिमा भएको अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूबारेको भ्रम, गलत बुझाई र संकीर्ण सोचलाई चिर्न सहयोगी हुन सकेमा पनि हामी हाम्रो प्रयास सफल भएको मान्नेछौँ।

**इशान रेग्मी**
सहसंस्थापक तथा कार्यकारी निर्देशक
क्याम्पेन फर चेन्ज

# सम्पादकीय

## यौनाङ्गकै आधारमा लैंगिकता निर्धारण हुने कुराभन्दा पर सोचौँ

जहाँसुकै होस्, जोसुकैको कोखबाट होस् बच्चा जन्मिएपछि सबैजसोको पहिलो जिज्ञासा हुनेगर्छ- के जन्मियो ? छोरा कि छोरी ? । विश्वव्यापी रुपमै बच्चा जन्मिदा कि छोरा जन्मिन्छ कि छोरी जन्मिन्छ भन्ने हाम्रो बुझाई एकदम मजबुत र ध्रुबसत्य कुरा जसरी गडिएर बसेको छ । करिब ९८ प्रतिशत जनसंख्यामा यही कुरा लागू हुने गर्छ । तब, ९८ प्रतिशतको कुरा त सबैजसोलाई ज्ञात भएकै कुरा भयो । त्यसो भए बाँकी चाहिँ के त ? उनीहरूको वास्तविकता के हो ? त्यसलाई कसरी बुझिएको छ ? कसरी बुझ्नुपर्छ भन्नेबारेमा विभिन्न मुलुकहरू, खासगरी पश्चिमा मुलुकहरूमा धेरथोर बहस, छलफलहरू हुने गरेका छन् । त्यसबारेमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुने, नीति तुर्जमा गर्ने र ऐन कानूनहरू समेत बन्ने बनाउने क्रम पनि चलिरहेको छ । नेपालको सन्दर्भमा भने यसबारेमा सार्वजनिक रुपमा छलफल तथा अन्तरक्रिया गर्ने चलन बसीसकेको छैन । महिला वा पुरूषबाहेकको लैंगिक पहिचानको अवधारणा बाहेकका लैंगिक पहिचान, यौन अभिमुखीकरण र यौन विशेषताका पक्षहरू अझैपनि अमान्य र अस्वीकृत छन् ।

एक अध्ययनले देखाएको तथ्य, संसारभर जन्मिने बच्चाहरू यौनाङ्गको आधारमा पारम्परिक रुपमा परिभाषा गरिने शिश्न (पुरुष जनेन्द्रिय) र योनी लिएरै मात्रै जन्मिने गर्दैनन् । कोही शिश्न र योनी दुबै लिएर जन्मिएका हुनसक्छन् । कोही यी दुबै यौनाङ्गहरू अष्पष्ट स्वरुपमा लिएर जन्मिएका हुनसक्लान् । कोही अरू अरू थुप्रै भिन्न भिन्न विशेषता, उदाहरणको लागि यौनाङ्ग, प्रजनन् ग्रन्थी तथा गुणसुत्र (क्रोमोजोम)हरूको ढाँचाहरू लिएर जन्मिएका हुन्सक्लान् । त्यस्ता यौन विशेषताहरूका कारण उनीहरू पुलिङ्गी वा स्त्रीलिंगी शरिरका परम्परागत धारणा र मान्यता भित्र अटाउदैनन् । जसलाई अन्तरलिङ्गी विविधता भएका व्यक्ति भन्ने गरिन्छ ।

त्यस्ता विविधता भएका बच्चाहरू वर्षेनी २० लाख भन्दा बढी संख्यामा जन्मिने गर्छन् भन्ने एक अन्तर्राष्ट्रिय तथ्याङ्क छ । तथ्याङ्कले नै देखाएको छ, भिन्न भिन्न यौन विशेषतासहित जन्मिएका बच्चाहरू विश्वमै करिब १.७ प्रतिशत रहेका छन् । अर्को एउटा स्मरणीय पक्ष, अन्तरलिङ्गी विविधता भन्ने कुरा जन्मजात मात्रै हुँदैन । र यो सँधै सदृश्य लक्षण देखिनेगरी मात्रै पनि हुँदैन । त्यस्ता चिन्ह वा लक्षणहरू व्यक्तिको शारिरीक विकास, यौनजन्य संवेदनशील अंगहरूको विकास, प्रजनन् क्षमता आदिको विकासको कुनैपनि चरणमा देखिन सक्छन् । वा नदेखिनेगरी पनि हुनसक्छ । यहाँ यो पुस्तकमा हामीले समेटेका अनुभवकथाहरू कुनै न कुनै स्वरुपमा लक्षणहरू देखिने वा त्यस्ता चिन्हहरू देख्न सकिने सन्दर्भका छन् । त्यसको अर्थ नेपालमा अरु अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरू छैनन् भन्ने होइन । बरू त्यस्ता व्यक्तिहरूलाई उनीहरूको वास्तविक प्राकृतिक अवस्था सहित समाजमा बाहिर आउने वातावरण र अवसर नभएको हो ।

अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूको हकमा शरिरका अंग र प्रजनन्- महिला भए योनी, पाठेघर, स्तन, XX गुणसुत्र (क्रोमोजोम) गर्भधारण तथा सन्तानोत्पादन क्षमता आदि र पुरूष भए शिश्न, अण्डाकोष, XY गुणसुत्र र गर्भधारण गराउन सक्ने क्षमता आदि- का आधारमा समाजले स्थापित गरेको लैंगिकताको अवधारणा बेकामे हुन्छ । त्यही बेकामे अवधारणा र मान्यतालाई कडीकडाउँका साथ लागू गर्नैपर्ने ढिपी राखिदा नै अन्तरलिङ्गी व्यक्तिहरूको सही पहिचान हुनबाट रोक्ने बलियो तगारो खडा हुन पुग्छ । किनकी सामाजिक मूल्य मान्यताले व्यक्तिको यौनाङ्गकै आधारमा उसको लैंगिकता निर्धारण गरिदिएको छ । अर्थात् योनी लिएर जन्मिएपछि निश्चित भूमिका, दायित्व र मान्यता अनिवार्य पालना गर्नैपर्छ । शिश्न (लिंग) लिएर जन्मेपछि निश्चित भूमिका, दायित्व र मान्यताको अनिवार्य पालना गर्नैपर्छ । अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरू त्यस्ता भूमिका र मान्यताहरूको ढाँचाभित्र पर्दैनन् । त्यहीबाट उनीहरूमाथिको विभेद, वहिष्करण र लाञ्छना शुरु हुन्छ ।

अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरू आफूलाई पुरुष, महिला वा गैरद्वयसांख्यिकको रुपमा पहिचान गर्न सक्दछन् । त्यस्तै, उनीहरू

विषमयौनिक, समयौनिक, द्वयौनिक, सर्वयौनिक, अयौनिक आदि यौन अभिमुखीकरणका हुन सक्दछन् । किनकी अन्तरलिङ्गी विविधता र लैंगिक पहिचान तथा यौन अभिमुखीकरण आपसमा गाँसिएर आउने भिन्न-भिन्न कुरा हुन् । अन्तरलिङ्गी विविधताको विषमता र त्यससँग गाँसिएका अरू पक्षहरूबारे बुझ्न नचाहँदा, उनीहरूप्रति नकारात्मक पूर्वधारणाहरुकै कारण उनीहरूमाथिको विभेद, बहिष्कार, तिरष्कार क्रमशः बढ्दै र गहिरिदै जान्छ । जसको अन्त्य हुन्छ हुँदैन वा कहाँ र कसरी हुन्छ वा कहिल्यै नहुन पनि सक्छ भन्ने कुनै निश्चित हुँदैन ।

त्यसैले अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूलाई मनोमानी पूर्वाग्रही हेय र घृणाको दृष्टिकोणबाट हेरिनुको सट्टा उनीहरूको वास्तविकता र भिन्न प्राकृतिक अवस्थालाई बुझ्ने चेष्टा गरौँ । सामाजिक बहिष्कार र अपमानित गरिनुको सट्टा समभाव र सम्मानभाव राखौँ । उनीहरूलाई सामाजिक, पारिवारिक वा व्यक्तिगत तवरमै दण्डित गरिनुको सट्टा आपसमा सौहार्द वातावरण, सौहार्द सम्बन्ध कायम राखौँ। उनीहरूको सामान्य र सहज जीवन यापनका निमित्त आवश्यक पहल गर्न सक्नेजति प्रयास गरौँ। तर त्यसो गर्न नसकिएको खण्डमा बाधा चाहिँ खडा नगरौँ।

सीमान्तकृत समुदाय र समुदायका व्यक्तिहरू धेरै हिसाबले बहिष्करणमा परेकै हुन् । तर सीमान्तकृत र बहिष्कृत समुदाय र व्यक्तिहरू सँधै सबै सन्दर्भमा थिचिएकै मात्रै पनि नहुन सक्छन्। सापेक्षित रुपमा कुनै न कुनै रुपमा सहुलियत प्राप्त र संरचनागत लाभांश प्राप्त गर्न सक्ने अवस्थामा पनि हुन्छन्। तर अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरू संरचनागत लाभांश प्राप्त हुने खेमामा नगण्य मात्रामा पर्ने गर्छन् । उनीहरूका वास्तविकता बारे जानकार समूह एकदमै सानो छ। त्यसैले अन्तरलिङ्गी विविधता भएका व्यक्तिहरूका सरोकार, समस्या र मुद्दाबारे सकारात्मक सोच र खुला मानसिकता सहित कुरा गरौँ।

**कैलाश राई**

सम्पादक

काठमाडौँ, २ कार्तिक २०७९

# कथाक्रम


| | | |
|---|---|---|
| १ | नयाँ जीवन पाएँ | १ |
| | *– अभिषेक चौधरी* | |
| २ | मेरो जीवन दुःख र आशाले भरिएको छ | १२ |
| | *– कृष्ण बहादुर मोक्तान* | |
| ३ | 'म त सृष्टिको बरदान हुँ' | २२ |
| | *– चैनु चौधरी* | |
| ४ | अन्तरलिङ्गी विविधताबारे बुझ्नुपर्ने धेरै कुराहरू छन् | ३० |
| | *– नबीन चौधरी* | |
| ५ | अन्तरलिङ्गी यौन विशेषता भएको व्यक्ति हुँ भनेर थाहा पाउनै समय लाग्यो | ३७ |
| | *– बिमला श्रेष्ठ, पाँचथर* | |
| ६ | आशा | ४५ |
| | *– शुशिला कटुवाल* | |
| ७ | सन्तानसँगै हुर्कदा... | ५१ |
| | *– मदन प्रसाद कुर्मी* | |
| ८ | अप्ठ्याराहरू पन्छिदै गए | ७६ |
| | *– टि.के हुमागाईँ* | |

# नयाँ जीवन पाएँ

*– अभिषेक चौधरी*

म परिवारको पहिलो सन्तान । छोराको महत्व बढी भएको समाजमा पहिलो सन्तान छोरा होस् भन्ने चाहना मेरो आमाबावुको पनि थियो सायद । २०५५ सालमा परिवारको जेठो सन्तानको रूपमा स्थानीय अस्पतालमा म जन्मँदा नर्सहरूले छोरा जन्मियो भनिदिए । आमाले भन्नुभएको, जन्मजातै मेरो यौनांगको ढाँचा पुरुष जनेन्द्रीय स्पष्ट देखिनेगरी थियो । साथै केही अष्पष्ट ढाँचामा महिला जनेन्द्रीय पनि थियो । अस्पतालले 'छोरा जन्मियो' भनिदिएपछि आमाबुवा  छोरा बोकेर घर आउनुभएट । घरमा खुशीयाली मनाउनुभएछ । पहिलो सन्तान नै छोरा भयो भनेर गाउँ टोल, छरछिमेकीमा समेत खुशीयाली छाएछ ।

घरमा लगेपछि आमाले तेल लगाउँदाखेरी मेरो महिला जनेन्द्रिय केही स्पष्ट भएझैँ लागेछ । म १० दिनको हुँदा महिला जनेन्द्रीयबाट पिसाब चुहिन थालेछ । आमाले त्यो कुरा थाहा पाउनुभएपछि घरका अरू सदस्यहरूसँग यो कुरा भन्नुभएछ । तर घरमा अरुले यो सामान्य कुरा हो, बिस्तारै आफै बन्द हुन्छ भन्नुभएछ । आमाले पनि त्यस्तै होला भन्ठान्नुभएछ । तर दिन बित्दै जाँदा मेरो पिसाब चुहिन बन्द भएन । मेरो त्यस्तो अवस्थाको उपचार खोज्नुको सट्टा आमालाई पोषिलो खाना दिन छाडिएछ । नुनसँग मात्रै उहाँले खाना खानुपर्ने भएछ । आमाले पोषिलो खानेकुरा खाँदा बच्चाको समस्या झन् बढ्नेछ भन्ने धारणाले आमालाई थोरै र पोषणबिनाको खानेकुरा दिन थालिएको रहेछ । लगातार पिसाब चुहिदा फोहोर हुने समस्या त छँदैथियो ।

पिसाब सफा गर्दाखेरी मेरो यौनांग पाछिएर रातो बन्दै गएछ । बिस्तारै घाउ नै भएछ । त्यसबेला मेरो पिसाब चुहिने समस्याकै कारणले मेरो आमाबुवालाई 'कस्तो हिजडा बच्चा जन्माएको' भनेर घरबाट निकालीदिनुभएछ । आमाबुवा घरपरिवारबाट छुट्टिएर बस्न थाल्नुभएछ ।

घरको आर्थिक अवस्था कमजोर थियो । तैपनि आमाबुवाले मेरो पिसाब चुहिने समस्याको समाधान खोज्दै आसपासका स्वास्थ्य चौकी, अस्पताल, बैद्यलगायतका सबैतिर धाउनुभएछ । उहाँहरूले आफूले गर्न सक्नेजति सबै गर्नुभएछ । मलाई उपचारको लागि लान सक्ने आसपासका सबै ठाउँहरूमा लानुभएछ । तैपनि उहाँहरूले समाधानको उपाय भेट्नुभएन । ठूला र महंगा अस्पतालमा उपचार गर्न लानुबाहेक अरू विकल्प उहाँहरूले बाँकी राख्नुभएन । आर्थिक स्थिति कमजोर भएकैले चाहेर पनि उहाँहरूले ठूला अस्पतालहरूमा जँचाउन लान सक्नुभएन ।

जब म ८ वर्षको भएँ । मलाई स्कूल भर्ना गरिदिनुभयो । म त्यसबेलासम्म केही कुराहरू बुझ्ने भइसकेको थिएँ । अरूहरूको मप्रतिको व्यवहार र बुझाई सुन्दा मलाई नराम्रो लाग्थ्यो । मलाई नै किन यस्तो भएको भनेर सोच्थें । स्कूलमा पनि मलाई त्यस्तै नराम्रो व्यवहार होला, मलाई अनेक अनेक भनेर लाञ्छना लगाउलान् भनेर मनमनै डराएको थिएँ । मनमा डर बोकेर म स्कूल गएँ । म त्यहाँ पुग्दा मेरो समस्या कसैलाई थाहा थिएन । तर निरन्तर पिसाब चुहिरहँदा सबैलाई थाहा हुने नै भयो । मेरो कपडा सबै भिज्थ्यो र गन्हाउथ्यो पनि । मलाई कक्षाकोठाभित्रका सबैले 'कट्टुमै मुत्ने मुतुवा' भने । बिस्तारै अरू कक्षाकाहरूले पनि त्यसै भन्न थाले । पिसाब गन्हाउने भन्दै मेरो नाम 'बासमति' राखिदिए । मेरो पिसाब चुहिने समस्याको कारण थाहा पाएपछि 'छक्का', 'हिजडा' भन्दै गिज्याउँथे । स्कूलमा त्यस्तो माहौल भएपछि मलाई स्कूल जान नपरे हुन्थ्यो भन्ने लाग्थ्यो । ती दिनहरूमा म बिहान अबेरसम्म सुत्थे, ताकी स्कूल जान ढिला होस् र जान नपरोस् । तर त्यो मेरो समस्याको

समाधान थिएन । मेरो समस्या स्कूलका शिक्षकहरूको कानमा पनि पुगेछ । शिक्षकहरूले थाहा पाएपछि भने मलाई जिस्काउने, होच्याउनेहरूलाई गाली गर्न र भनेको नमानेमा सजाय पनि दिनुभएछ । त्यसपछि भने मलाई स्कूलमा केही सजिलो हुनथाल्यो ।

म ९ बर्षको थिएँ । स्कूलको प्रधानाध्यापकले मेरो बुवासँग भेट्नुभएछ । उहाँले मेरो उपचार गराउनेबारे कुरा भन्नुभएछ । उहाँले नै बाँकेको कोहलपुर अस्पताल जान सल्लाह दिनु भएछ । केही दिनपछि, पैसाको जोहो गरि मेरो बाबा र म कोहलपुर अस्पताल पुग्यौं । अस्पतालमा सामान्य चेक जाँच गरियो । उपचारको लागि अस्पतालमै भर्ना हुनुपर्छ भनेपछि म भर्ना भएँ । त्यहाँ डाक्टरहरू पालैपालो मलाई हेर्न आउँथे । यस्तो लाग्थ्यो, डाक्टरहरूले म जस्तो मान्छे पहिला कहिल्यै देखेका थिएनन् । कुनै डाक्टरले कुनै रिपोर्ट बनाउथे, कसैले मेरो यौनांगको फोटो खिच्थे । त्यहाँ कसैलाई मेरो गोपनियता र अप्ठ्यारोपनको ख्यालै थिएन । उनीहरूका लागि म एक अचम्मको जन्तुझैँ थिएँ, एक प्रयोगशालाझैँ बनेको थिएँ ।

४ दिनसम्म मलाई के के औषधी खुवाए । घरि एउटा आएर एउटा औषधी दिन्थ्यो र जान्थ्यो । फेरी अर्को आएर अर्कै औषधी दिएर जान्थ्यो । जाँच गर्ने भनेर मेरो रगत त यति निकाल्थे की म आफै अचम्ममा परेको थिएँ- आखिर यत्तिका रगत केको लागि होला ? पाँचौँ दिनमा एकजना डाक्टर आएर भन्नुभयो, 'उपचार त हुन्छ, तर पछि गएर नराम्रो हुन्छ' । मेरो पिसाब चुहिने समस्याको कारण मैले र मेरा आमाबुवाले झेल्नुपरेको तनाब, सुन्नुपरेको दूर्बचन, साथीभाइ र आफन्तहरूको छि:छि दुर दुरको व्यवहारबाट हामीलाई छुटकारा चाहिएको थियो । त्यसैले हामी जे जस्तो हुन्छ उपचार गर्ने पक्षमा पुगिसकेका थियौँ । संयोग पनि कस्तो, त्यत्ति नै बेला आमा बिरामी हुनुभयो । उहाँलाई बर्दियाको गुलरियाको अस्पतालमा भर्ना गर्नुपर्यो । म र बुवा मेरो

उपचार थाँती राखेर घर फर्कियौँ। केही दिनपछि आमालाई अस्पतालबाट घर ल्याइयो।

पिसाब चुहिरहने हुँदा मेरो यौनांगमा घाउ हुन्थ्यो। पाछिन्थ्यो। एकदम दुख्थ्यो। हिड्नै नसक्ने हुन्थे। बिस्तारै मेरो शरिरका अरू भागहरूमा पनि घाउ खटिरा आउन थाल्यो। मेरो शारीरीक अवस्था बिग्रँदो थियो। धेरै उभिन पनि नसक्ने भएँ। घुँडा टेकेर बस्थेँ। सुत्न पनि समस्या हुन्थ्यो। घोप्टो परेर सुत्ने गर्थे। मानसिक रुपमा पनि म कमजोर बन्दै गइरहेको थिएँ। कत्ति कष्टकर दिनहरू थिए ती। ओच्छयान र कपडा भिजेपछि फेर्नैपर्यो। त्यसबेला मसँग न पर्याप्त फेर्ने कपडाहरू थिए। न घरमा पुग्दो ओच्छयाउने कपडाहरू नै थिए। कही कतै जाँदा पनि फेर्नका लागि कपडाहरू बोक्नुपर्थ्यो। तर मसँग कपडा नै नहुने हुँदा खासै कतै जादिनथेँ। गर्मी मौसममा जाडोको बेलाभन्दा कम कपडा चाहिन्थ्यो। तर गर्मीमा घाउ हुने, पोल्ने र दुख्ने चाहिँ अति नै हुन्थ्यो। स्कूलमा पनि पछाडीको बेञ्चमा गएर बस्ने गर्थेँ। गन्हाउँछ भनेर कोही पनि मसँग बस्न चाहँदैनथे। मेरो छेउमा पर्नै मान्दैनथे। म उनीहरूको छेउ गएभने झपार्थे। मसँग सबै तर्किन्थे। मलाई हेला गर्थे। साथीहरूसँग खेल्न मन पर्थ्यो। उनीहरूले मसँग खेल्नै मान्दैनथे। मलाई देख्नासाथ 'बासमति आयो' भन्दै जिस्काउँथे अनि मसँग परपरै तर्केर जान्थे। मेरो उमेर बढेसँगै मेरो पिसाब गन्हाउने समस्या झन बढ्दै गयो। बाटोमा हिड्दासमेत मलाई 'छिः कस्तो गन्हाएको ? उता जा' भनेर मानिसहरूले भन्न थाले।

यस्तै समस्याहरूसँगै म हुर्किदै थिएँ। म १६ वर्षको भएँ। त्यसबेला बर्दिया जिल्लामा  लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको लागि काम गर्ने एउटा कार्यालय स्थापना भएछ। मेरो गाउँको एकजना दिदीले त्यो कार्यालयको बारेमा थाहा पाउनुभएछ। उहाँले त्यहाँ गएर मेरोबारेमा बताउनुभएछ। त्यो कार्यालयमा काम गर्ने नबीन चौधरी मलाई भेट्न मेरो घरमा आइपुग्नुभयो। उहाँले मलाई धेरै कुराहरू बताउनुभयो। एउटा

कार्यक्रमको लागि काठमाडौँ जाने कुरा पनि गर्नुभयो। काठमाडौँ जाने कुरामा सुरुमा मेरो आमाले 'हुन्न' भन्नुभयो। थप कुराकानी गरेपछि भने आमा बुवा म काठमाडौँ जाने कुरामा मञ्जुर हुनुभयो।

मेरो बारेमा बिस्तारै गाउँबाहिरका मानिसहरूले पनि थाहा पाउदै जान थाले। एकदिन एकजना पत्रकार मेरो घरमा आइपुगे। उनी सायद गुलरियातिरबाट आएका थिए जस्तो लाग्छ। उनले म र मेरो आमाबुवासँग थुप्रै कुराकानी गरे। हामीले पनि उनीसँग सहज रुपमै कुराकानी गर्यौँ। उनले मेरो यौनांगको तस्बीर पनि खिचे। हामीलाई मेरो उपचारको लागि कहीँ कतैबाट सहयोग मिल्ला कि ? कसैले पहल गरिदेलान् कि भन्ने आशा थियो। उनी हाम्रो सहयोगी खोजीदिन सक्ने मान्छे हुनुपर्छ भन्ने ठानेर हामीले उनीसँग खुलस्त कुराकानी गर्यौँ। उनीसँग हामीले हाम्रा सबै समस्याबारे कुरा गर्यौँ। उनको प्रश्नको उत्तर पाएर, हाम्रो समस्याबारे थाहा पाएर उनी निस्के।

केही दिनपछि त्यहीँको स्थानीय एक पत्रिकामा मेरो तस्बीरसहित 'न केटा, न केटी जन्मिएको' भनेर हाम्रो कुराकानी छापिएछ। त्यो थाहा पाएपछि मलाई झनक्क रिस उठ्यो। हामीले अर्कै अपेक्षा र बुझाइसहित आपसमा कुराकानी गरेका थियौँ। हाम्रो कुराकानीलाई त्यसरी पत्रिकामा छापेको देख्दा मलाई मन परेन। अनि मैले त्यो कुरालाई बेवास्ता गरिदिएँ।

नबिन चौधरी दाइले काठमाडौँ जानुपर्छ भनेर मलाई फोनमा सम्पर्क गर्नुभयो। माघको ठण्डी महिना थियो। मसँग न चाहिंदो कपडा थियो न त गाडी चढ्ने पैसा नै। आमाले ५ हजार रुपैयाँ सापटी माग्नुभयो, एकजना गाउँले दिदीसँग। मेरो एकदम मिल्ने साथीले मलाई आफ्नो लुगा दियो। २०७२ सालको माघ २३ गते म काठमाडौँको लागि घरबाट निस्कैँ। मेरो मिल्ने साथी मलाई गुलरिया बसपार्कसम्म छोड्न आयो। त्यो दिन, पहिलोपल्ट म जीन्दगीमा बर्दिया जिल्ला बाहिर जाँदैथिएँ। त्यो यात्रा मेरो लागि कठिन र लामो यात्रा हुनेवाला थियो। मलाई केही घण्टा बस्न पनि

समस्या हुन्थ्यो । गुलरियाबाट काठमाडौँ पुग्नको लागि मैले कम्तीमा पनि २०/२२ घण्टा गाडीमा बस्नुपर्थ्यो । म गाडी चढेँ, मनमा अनेक खालको भाव बोकेर ।

भाग्यबस, त्यही गाडीमा बर्दियाकै अर्को एकजना मजस्तै समस्या भएको व्यक्ति पनि भेटिए । उनीपनि म जान लागेकै कार्यक्रमका लागि हिडेका रहेछन् । हामी दुबैजना सँगै बस्यौँ । सिट भिज्छ भनेर हामीले आफू बस्ने सिटमा ठूलो प्लाष्टिक बिछ्यायौँ । त्यसमाथि बस्यौँ । हाम्रो गाडी गुड्यो । वरपरका यात्रुहरूले 'कसले पिसाब गर्यो ? कस्तो पिसाब गन्हायो' भन्न थाले । कतै गाडीवालाले हामीलाई गाडीबाट निकालीदेलान् भन्ने पीर लिएर हामी चुपचाप बसीरह्यौँ । अरूहरू बोल्दा, पिसाब गन्हाएको कुराबारे सोधखोज गर्दा हामी केही नभएझैँ बसीरह्यौँ । काठमाडौँ नपुञ्जेलसम्म हामीले निदाएको बहाना गरिरह्यौँ । बल्ल हामी भोलिपल्ट विहान काठमाडौँ पुग्यौँ ।
हामीले त्यहाँ होटलमा बस्नुपर्थ्यो । होटलमा जाँदा हामीलाई 'कोठा खाली छैन' भनेर फर्काइदिए । पिसाब गन्हाएको र पिसाब चुहिने समस्या भएको भनेर हामीलाई केही होटलहरूले बस्न दिएनन् । बल्ल बल्ल एउटा होटलले हामीलाई बस्न दिने भयो । तर त्यहाँ हामीले ओछ्यानमा होइन, प्लाष्टिक ओछ्याएर भुइँमा सुत्नुपर्ने भयो । हामीले त्यसै गर्यौँ । सबैजना आरामले ओछ्यानमा सुत्दा हामी चिसो सिमेन्टको भुइँमा प्लाष्टिक ओछ्याएर सुत्यौँ । त्यसबेला आफ्नै जिन्दगीदेखि धिक्कार लाग्यो । पर्शुराम सर र इशान दाइले हाम्रो लागि बडी स्प्रे किनेर ल्याइदिनुभयो । बडी स्प्रे प्रयोग गर्दा हाम्रो पिसाब अलि कम गन्हाउथ्यो । त्यसले हामीलाई थोरै भएपनि राहत मिल्यो । साथीहरूले हाम्रो समस्या थाहा नपाउन सक्छन् भनेर पनि ढुक्क लागेको थियो ।

भोलिपल्ट, काठमाडौँको बालुवाटारमा रहेको नेपाल हाउस क्याफेमा दुइदिने कार्यक्रम सुरु भयो । कार्यक्रममा विभिन्न ठाउँबाट करिब १३ जना

व्यक्तिहरूको सहभागीता रहेको थियो। उनीहरू सबै अन्तरलिङ्गी बिबिधता भएका व्यक्तिहरू रहेछन्। त्यो कार्यक्रम नेपालमा पहिलोपटक हुन लागेको रहेछ। कार्यक्रममा सहभागी भएका हामीहरू पहिलो पटक एकअर्कासँग भेटिरहेका थियौँ। त्यसैले प्रायजसो खुशी देखिन्थे। सबैले आ-आफ्नो अनुभव सुनाइरहँदा मलाई पनि कता कता खुशी लागिरह्यो। त्यहाँ अरू साथीहरू भेट्नु पहिलेसम्म संसारमा यस्तो म एक्लो व्यक्ति हुँ जस्तो लाग्थ्यो। मै मात्रै किन त्यस्तो भएको होला भन्ने लाग्थ्यो। तर जब मैले म जस्तै अरु साथीहरूलाई त्यहाँ भेटें, म एक्लो रहेनछु भनेर आँट पलायो। अरु साथीहरूको पनि पीडा र दुःख सुन्दा मेरो दुःख मात्रै ठूलो रहेनछ भन्ने लाग्यो।

२ दिनको कार्यक्रममा धेरै कुरामा छलफल भयो। मैले पनि मेरो समस्याबारे भन्ने मौका पाएँ। कार्यक्रममा महिला तथा बालबालिका मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, निल हिरा समाजलगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। सोही कार्यक्रममा पर्शुराम सर र इशान दाइले मेरो उपचारको लागि आह्वान गर्नुभयो। कार्यक्रममा पाल्नुभएका महिला तथा बालबालिका मन्त्रालयका प्रतिनिधिज्यूले मेरो र मजस्तै समस्या भएको अर्को साथीको उपचारको लागि मन्त्रालयबाट सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। बस्नको लागि निल हिरा समाजको केयर एण्ड सपोर्ट होममा व्यवस्था गरियो। मेरो उपचार हुने भयो भनेर म अति खुशी भएँ।

२०७२ साल माघ २७ गतेको दिन, हाम्रो उपचारको लागि बीर अस्पताल जानुपर्ने दिन। अस्पताल जानु पहिले हामीलाई राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा लगियो। निल हिरा समाजको गाडीमा निल हिरा समाजका १ जना कर्मचारी, इशान दाइसहित हामी दुईजना आयोगको कार्यालय पुग्यौं। त्यहाँ हाम्रो निबेदन दर्ता गरियो। त्यहाँबाट हामी सिधै बीर अस्पताल पुग्यौं। त्यो दिन हाम्रो सामान्य चेकजाँच भयो। जाँचपछि हाम्रोलागि बस्ने ब्यबस्था गरिएको ठाउँ लाजिम्पाटमा गयौं। डाक्टरकानुसार

हाम्रो समस्या जटिल खालको थियो । त्यसैले अभिभावकको उपस्थिति र मञ्जुरीमा मात्रै उपचार प्रक्रिया अघि बढाउन सकिन्थ्यो । इशान दाइले हाम्रो अभिभावकलाई फोन गरेर बोलाउनु भयो । त्यसको पर्सिपल्ट हाम्रा घरबाट अभिभावक आइपुग्नुभयो ।

हामी हाम्रा अभिभावकसहित उपचारको लागि फेरी बीर अस्पताल गयौं । भर्ना त भयौँ । तर हामीसँग उपचारको लागि चाहिने पैसा भने थिएन । हामीले सहयोग पाउँनेछौँ भनेको ठाउँ कहीँ कतैबाट पनि सहयोग आउने नआउने ठेगानै भएन । 'सीटीस्क्यान गर्नू' भनेर डाक्टरले लेखेर दिएको ३ दिन बितिसकेको थियो । अस्पतालमा भर्ना भइसकेर पनि मेरो उपचार नहुने भयो भन्ने लागेर म साह्रै निराश भएँ । अब यत्तिकै घर फर्कनुपर्ने भयो भनेर मैले हार मानिसकेको थिएँ । इशान दाइले आफ्नो व्यक्तिगत खर्च हाम्रो उपचारको लागि खर्चिनुभएछ । अनि बल्ल हाम्रो सीटीस्क्यान भयो । समस्या जटिल खालको भएकोले डाक्टरहरू पनि केही अलमलको अवस्थामा देखिनुहुन्थ्यो । उपचार सफल होला नहोला भन्ने एकखालको अष्पष्ट माहौल थियो । त्यहीमाथि हामीसँग पैसा नै थिएन ।

हाम्रो उपचारको लागि आर्थिक सहयोगको अपिल गरेर रकम संकलन गर्ने सल्लाह भयो । त्यसपछि हाम्रो उपचारको प्रक्रिया अघि बढाइयो । हाम्रो चेकजाँचपछि मसँगैको साथीको उपचार हुन नसक्ने कुरा डाक्टरले भन्नुभयो । उनलाई घर फर्काइयो । म अस्पतालमा एक्लै भएँ । सबै बिरामीहरूको आफन्त, साथीहरू भेटघाटमा आउँथे । अरूहरूको शुभचिन्तक र साथीहरू देख्दा आफू एक्लो भएँ भन्ने लाग्थ्यो । मेरा भने आमाबुवा, साथी, दाइ जे भनेनि सबैथोक इशान दाइ नै हुनुहुन्थ्यो । कहिलेकाहीँ आमाबुवा, साथीहरूको न्यास्रो लाग्थ्यो । मलाई बेग्लै वार्डमा राखिएको थियो । त्यहाँका केही कर्मचारीहरू मलाई देख्दै नचाहने, मेरो नजिकै पर्न नचाहने थिए । उहाँहरूको डियुटी परेको दिन मैले साह्रै हेपाइ र खरो वचनहरू खेप्नुपर्थ्यो । तर मलाई

माया गर्ने कर्मचारीहरू पनि हुनुहुन्थ्यो । उहाँहरूको डियुटी परेको दिनमा म ज्यादै खुशी हुन्थे । घरको याद पनि आउदैनथ्यो । केयर एण्ड सपोर्टमा काम गर्नुहुने रामनाथ दाइ मलाई भेट्न आइरहनुहुन्थ्यो । उहाँको त्यो मायाले मलाई त्यहाँ बस्न धेरै सहयोग पुर्यायो । तर उहाँ मलाई भेट्न आउँदा अरू कर्मचारीहरूले गाली गर्ने गरेको कुरा मैले पछि थाहा पाएँ । यस्तायस्तै मलाई घृणा गर्ने र माया गर्नेहरूको माझमा तीतामिठा पलहरूसँग मैले अस्पतालको ४ महिना काटे । घरबाहिर यत्तिका लामो पट्यारलाग्दो समय मैले बिताएको त्यही अस्पतालको बसाइ नै थियो । त्यहाँ बस्दा जे जस्तो भएपनि मनभरि आशा थियो- मेरो उपचार हुनेछ । मेरो समस्या समाधान हुनेछ । म अस्पतालकै वार्डमा बसीरहे । उपचारको लागि चाहिने पैसाको जोहो गर्नमा इशान दाइले के कति हण्डर खेप्नुभयो वहाँले मात्रै भन्न सक्नुहुन्छ ।

एकदिन मलाई राखिएको वार्डको माथिल्लो तल्लामा एक पारलैंगिक महिलालाई भर्ना गरिएको कुरा थाहा पाएँ । उनको लागि निल हिरा समाजको अध्यक्षकै नेतृत्वमा पैसा उठाएर आर्थिक सहयोग गरिएको रहेछ । समाजले मलाई पनि सहयोग गर्ने वचन दिएको थियो तर मैले त्यस्तो कुनै सहयोग पाइनँ । समाजले एकजना आवश्यक परेको व्यक्तिलाई सहयोग गरेकोमा मलाई धेरै खुशी लाग्यो । तर मलाई दिएको वचन पूरा नगर्दा र मेरो समुदायको नेतृत्व गर्ने, हकअधिकारको लागि लडीरहेको संस्थाले मलाई एकचोटि भेट्न पनि नआएकोमा चित्त पनि दुख्यो । केही दिनसम्म, हाम्रै समुदायको लागि पहल गरिरहेको संस्थाले समुदायकै व्यक्तिहरू कसैलाई काखा कसैलाई पाखा किन गरेको होला ? भन्ने प्रश्नले मेरो मन अशान्त बनाएको थियो ।

२०७३ सालको बैशाख २३ गते । मेरो पहिलो सर्जरी हुने दिन । हप्तादिन अघि मेरो सर्जरीको मिति तोकिएको थियो । मेरो सर्जरी हुनेदिन थाहा पाएपछि मलाई मनमा केही डर, केही अनौठो महशुश भइरह्यो । डाक्टरले ‘हामी प्रयास गर्छौं तर भन्न सकिदैन’ भनेकोले पनि मनमा अनेक कुरा खेल्न थाल्यो । तर

मसँग अरू विकल्प थिएन। मुटु दह्रो पारेर बसे। रक्तचाप बढेमा वा अरू केही भएमा सर्जरी हुन नसक्ने हुँदा मैले आफूलाई सम्हाल्नुपर्ने थियो। सक्दो सम्हाले। २३ गतेको दिन खाली पेट राखेर विहान ९ बजे अप्रेशन कक्षमा मलाई लगियो। अप्रेशन कक्षबाहिर बुवा र इशान दाइ दिनभरि मलाई कुरेर बस्नुभएछ। मलाई साँझको ६ बजे अप्रेशन कक्षबाट बाहिर निकालिएछ। म अप्रेशन गरेको तीनदिनपछि मेरो होश आएको रहेछ। जब म होशमा आए, अप्रेशन गरेर मेरो महिला जनेन्द्रियबाट पिसाब चुहिने समस्या रोक्न सफल भएको कुरा थाहा पाएँ। मैले नयाँ जीवन पाएको अनुभव गरेँ। इशान दाइ र बुवा पनि एकदम खुशी हुनुहुन्थ्यो। अप्रेशन गरेको ठाउँ बिस्तारै सन्चो हुँदै गयो। म अस्पतालबाट डिस्चार्ज भए। तर तीन-तीन दिनमा फलोअपको लागि अस्पताल जानुपर्थ्यो। अस्पतालबाट निस्केको १ महिनापछि म घर फर्के। मेरो सर्जरी सफल भएको थाहा पाएर घरमा खुशीयाली छायो। मेरी आमा सबैभन्दा खुशी हुनुभएको थियो। सबैजनाको खुशी र आफ्नै बद्लिएको जीवन देख्दा मेरो शरीरै एकदम हलुंगो लाग्यो। जहाँ पनि म निर्धक्क जान सक्छु, जोसुकैको छेउमा पनि उभिन, बस्न सक्छु भन्ने थाहा पाउँदा मात्रै पनि यसै यसै मन र शरिर फुरुंग भएको थियो।

मेरो उपचारको क्रममा रहँदा मैले ९ कक्षाको परिक्षा दिन सकिन। मैले पुनः ९ कक्षामै भर्ना गर्नुपर्यो। मेरो उपचार र सर्जरीबाट मेरो शरीर तंग्रिएको थिएन। शारीरिक अवस्था कमजोर भएकोले मैले आराम पनि गर्नुपर्ने थियो। मेरो पहिलो सर्जरी सफल भएपनि त्योसँग सम्बन्धित अरू सर्जरी पनि गर्नुपर्ने थियो। त्यसपछि पनि अरू थप दुइवटा सर्जरी गरियो। तीनवटा सर्जरीपश्चात मेरो पिसाब चुहिने समस्या समाधान भयो। मलाई 'बासमति' भनेर होच्याउन र गिज्याउन पनि कम हुँदै गयो। मेरो स्वास्थ्यस्थिति सामान्य नै छ। तर विभिन्न कारणले गह्रुँगो, बलको काम गर्न सक्दिनँ। तर म खुशी छु। अन्तरलिङ्गी पहिचानका कारण ममाथि हुने गरेको विभेद पनि केही कम भएको महशुश

गरेको छु। तर विभेद र अपमान हुन बन्द भने कहिल्यै नहुने रहेछ। समाजले दिने लाञ्छनाहरू धेरथोर बोक्नैपर्ने रहेछ।

घरको आर्थिक अवस्था यसै कमजोर थियो। मेरो उपचारको क्रममा बुवाले पनि राम्रोसँग काम गर्न पाउनुभएन अनि अझ कमजोर बन्दै गयो। घरको अवस्था नाजुक बन्दै गएको देखेर नपढ्ने सोच बनाउदैथिए। त्यो कुरा इशान दाइले थाहा पाउनुभएपछि उहाँले मलाई पढ्नु अति जरुरी छ भनेर सम्झाउनुभयो। हौसाउनुभयो। मैले उहाँकै सहयोगमा आफ्नो पढाईलाई निरन्तरता दिएँ। अहिले म स्नातक तह पहिलो बर्षमा अध्ययन छु। आर्थिक रुपमा आत्मनिर्भर बन्ने प्रयत्नमा क्याम्पेन फर चेन्ज संस्थाकै सहयोगमा बंगुर पालन व्यबसाय गरिरहेको छु।

# मेरो जीवन दु:ख र आशाले भरिएको छ

*– कृष्ण बहादुर मोक्तान*

मेरो जन्म ठयाक्कै कहिले भयो मलाई थाहा छैन । म बारा जिल्लामा जन्मिएको थिएँ रे भन्ने कुरा पछि थाहा पाएको थिएँ । मसँग म २०३८ सालमा जन्मिएको ब्यहोराको नागरिकता छ । मेरो बुवाको नागरिकता मकवानपुर जिल्लाको भएकोले कानूनी रुपमा मैले पनि त्यहीकै नागरिकता पाएँ । म सानो हुँदा मेरो लालनपालन कसले गर्यो ? हामी कहिले बारा जिल्लाबाट मकवानपुर आयौँ ? के कारणले मकवानपुर आयौँ ? त्यो केहि पनि थाहा छैन । मलाई जन्म दिने आमा को हुन् ? कहाँ र किन जानु भयो ? मलाई अहिलेसम्म थाहा छैन ।

मैले थाहा पाएदेखि नै म बुवा र सानीआमासँग थिएँ । मैले आमा बुवाको माया र स्नेहपूर्ण लालनपालन पाइनँ । आमा बुवाको साथ र माया कस्तो हुन्छ भन्ने महशुस गर्न पाइनँ । म सानैछँदा बुवाले दोस्रो बिहे गर्नुभयो । बहिनी र भाइ जन्मिए । बहिनी र भाइ नजन्मिदा पनि म सानीआमा र बुवाको लागि खासै मायालु सन्तान थिइनँ । बहिनी र भाइ जन्मिसकेपछि त हुनै कुरै भएन । म मेरो सानीआमाको लागि एउटा काम गर्ने बच्चा सरह थिएँ । बुवाले मलाई पढ्नको लागि स्कुल भर्ना गरिदिनुभयो । तर मैले स्कूल जान पाइनँ । सानीआमाले जान नै दिनुभएन | मलाई अरुको घरमा गोठालो गर्न अह्राउनुभयो । उहाँले अह्राएपछि नजाने कुरै भएन ।

मकवानपुरको चौकी टोलमा म गोठालो गर्न गएँ । दिनभरी गाईबस्तुहरू चराउन लैजान्थें । साँझपख फर्काएर ल्याउँथें । गोठमा हुल्थें । खाना खाने

बेलामा मलाई बासी मोही, ढिडो दिन्थे। म त्यही खान्थें। त्यो खाएपछि पेट अघाउनुको साटो ढाडिन्थ्यो। पखाला चल्थ्यो। मलाई नखाँदा एक बिसन्चो खाएपछि अर्को बिसन्चो हुन्थ्यो । घरका अरूहरू भने ताजा-ताजा अनि मिठा-मिठा परिकारहरू खाएको देख्थें। केही समयपछि म त्यो घरबाट भागें। घर आएँ। आफ्नो जाने ठाउँ अरू कहाँ नै थियो र ? घर फर्केपछि 'किन भागेर आको ?' भनेर भक्कु कुटाइ खाएँ। अनि फेरि मलाई त्यही लगियो। मलाई त्यहाँ बस्नै मन लाग्न छाडेको थियो। केही दिनपछि म फेरि त्यहाँबाट भागें। गोठालो गरेवापत मैले बासी खानेकुरा खान पाउँथें । गाली र कुटाइ खान पाउँथें। सानीआमाले भने साहुले ज्यालास्वरुप दिने गरेको पैसा पाउने गरेको कुरा मैले पछि थाहा पाएको थिएँ।

मलाई फेरि अर्को मकवानपुरकै भैंसे भन्ने ठाउँको एकजना बाहुन थरको जिमिन्दारको घरमा काम गर्न पठाए। त्यो घरमा त झन् यति धेरै भैंसी र बाख्राहरू थिए । म इत्रो बच्चा थिएँ, उनीहरूको बग्रेल्ती बाख्रा र भैंसी स्याहार्नुपर्ने ! बिहानदेखि साँझसम्म एकछिन पनि फुर्सद हुन्थेन । मलाई बस्नको लागि बाख्राको खोरनेर व्यवस्था गरिएको थियो। म त्यही खाने र सुत्ने गर्थें। घरका मानिसहरू भने घरको माथिल्लो तल्लाको चोटामा शानले बसेर मिठो-मिठो परिकारहरू खाने गर्थे। मलाई भने उही बासी भात, मोही, ढिडोहरू नै दिने गर्दथे। उनीहरूले माथि बसेर मजा मानी मानी खाएको देखेर मलाई पनि त्यस्तै खानेकुराहरू खूब मन लाग्थ्यो । म मुख मिठाउँदै काम गर्ने गर्थें।

एकदिन त अति भयो भनेर मैले साहुनीसँग भनें, 'तपाईहरूले खाएकै खानेकुरा मलाई पनि दिनुस् न। मलाई किन यस्तो दिनुभएको ?'। साहुनीले 'गोठालोले खाने यस्तै हो' भन्नुभयो। मीठो मीठो खानेकुरा खाएर चिटिक्क परेर उनीहरूका बच्चाहरू स्कुल जान्थे। म उनीहरू स्कूल गएको टुलुटुलु

हेरिपठाउँथे र आफू गाईबस्तु लिएर गोठालो हिड्थें। मलाई अति नरमाइलो लाग्थ्यो। बेला बेलामा एक्लै बसेर खूब रून्थे।

म गोठालो जाने गरेको तलतिरको खोलामा एकजना बुढीआमैको पसल थियो। उहाँले मलाई खुब माया गर्नुहुन्थ्यो। म बेलाबेलामा उहाँले अह्राएको काम सघाइदिन्थें। उहाँले मलाई भात, कहिलेकाहीँ मासु र चिउरा खान दिनुहुन्थ्यो। त्यस्ता खानेकुरा खान पाएको दिन मेरो लागि अति आनन्दको दिन हुन्थ्यो। म प्रायजसो त्यही बुढी आमैको पसल आसपास रहन्थें, गाइबस्तुहरूलाई चर्न छाडिदिएर।

एकदिन त्यही ठाउँमा एक्कासी ड्याङड्याङ आवाज आयो। गोली हानाहान भयो। खै किन र क-कस्को लडाई भयो मलाई थाहा भएन। तर गोलीको आवाजले आत्तिएर सबै गाईबस्तुहरू जंगलबाट निस्केर घर फर्किए। म भने त्यही बसीरहेँ। दुईटा बाख्रा भने घर पुगेनछन्। घरका मान्छे बाख्रा र मलाई खोज्दै, चिच्याउँदै त्यहाँ आइपुगे। म गोलीकै आवाजले डराएको थिएँ, त्यहीमाथि बाख्रा हराएको भन्दै मलाई खोज्न आइपुगेपछि मैरै होसले ठाउँ छाड्यो। आत्तिएर मलाई के गरुँ के गरुँ भयो। कतै लुकीजान पाए पनि हुने भन्ने लाग्यो र म त्यहाँबाट भागें- खोलैखोला। खोलैखोला भागेको भागेकै थिएँ, कुनै घर वा बस्ती नै देखिनँ। मलाई झन् डर लाग्न थाल्यो। निस्पट्ट अध्यारो हुँदै गयो। घरि कता तर्साएझैँ लाग्थ्यो। घरि कताबाट केही आवाज आएझैँ लाग्थ्यो। डराइडराइ म हिडिरहेँ। भाग्दाभाग्दै म कहाँ पुगे थाहै पाइनँ। धन्न कुकुर भुकेको आवाज सुनें। गाउँ आएछ भन्ने लागेर लामो सास फेरें। घर भएतिर म लम्किदै गएँ। भोटे कुकुरले झम्टेर मेरो सात्तै लियो। मलाई कुकुरले लुछेर मार्यो भन्ने लागेर म स्तब्ध भएँ।

एकजना बुढोबा घरबाहिर निस्किनुभयो। म डरले थरथरी काँपीरहेको थिएँ। बाले कहाँबाट आएको भनेर सामान्य तरिकाले सोध्नुभयो। बल्ल

मलाई लाग्यो- 'म बाँचे' । उहाँलाई सबैकुरा बताएँ । म बेस्सरी भोकाएको र थाकेको थिएँ । उहाँले मलाई भात दाल खान दिनुभयो । रातको ३ बजेतिर होला, पेटभरि खाएर म सुतें । भोकको सूरमा धेरै खाएर होला पेट अस्पट भएर म निदाउन सकिनँ । सबैजना सुतीसकेका थिए । त्यहाँ एउटा टुकीबत्ती बलिरहेको थियो । कत्तिखेर त्यो बत्तीले छेवैमा सुतेको मान्छेको सिरकलाई सल्काएछ । म निद्रा नलागेर छट्पटिरहेकै बेलामा उज्यालो साह्रै भयो कसरी ? भन्ने सोचेर वरपर हेरेँ । सिरक बलीरहेको देखे । मैले सबैलाई उठाएँ । सबैले मिलेर त्यो आगो निभायौँ । त्यो रात म त्यहाँ सुत्न पुगेर एउटा दुर्घटना हुनबाट जोगिएको कुरामा बुढोबाले गुण मान्नुभयो । त्यसपछि हामी सबै फेरि सुत्यौँ । म पनि कत्तिखेर निदाएछु ।

विहान आँखा खुल्यो, त्यो चुनिया भन्ने गाउँ रहेछ । त्यहीको एकजना तामाङको होटलमा मलाई लगियो । त्यहाँ काम गर्ने मान्छे चाहिएको रहेछ । मलाई खान र बस्ने ठाउँ चाहिएको थियो । होटेलमा पुगेर मैले गर्नुपर्ने कामको विवरण दिइयो । अनि काम गर्ने ठाउँतिर लगियो । मैले माँझ्नुपर्ने भाँडाहरूको यत्रो रास देखेरै म शुरूमै तर्सिएँ- 'आम्बो, मेरो ज्यानभन्दा नि ठूलो मैले माँझ्नुपर्ने भाँडाको रास ?' । त्यसो त काम त्यही भाँडा माँझ्नुपर्ने मात्रै थिएन । अरू पनि यत्ति धेरै कामहरू गर्नुपर्थ्यो । म त्यसबेला पनि बच्चै त थिए नि ।

मेरो भागमै त्यस्तो हो कि के हो कुन्नी, त्यो होटलमा पनि मलाई खानकै दुःख भयो । भात खान त कहिल्यै नपाउँने । खाली ढिडो खानुपर्थ्यो । त्यो होटेलमा राँगा-भैँसीको सुकुटी खूब चल्थ्यो । होटेलमा आएका ग्राहकहरूले खाएर छाडेको खानेकुरा, मासुको टुक्रा, सुकुटीको टुक्राहरू हेर्दा सफा जस्तो लाग्यो भने टिपेर क्वाप्प मुखमा हाल्थें र चपाउँदै भाँडा माझ्थें । एकदिन त साहुले मलाई आफूखुशी चुरोट रक्सी निकालेर पिउछस्, चोर्छस्, भन्दै सिस्नुपानीले पिट्यो । मैले खाएकै थिइनँ त्यसैले मैले गरेको हो भन्ने

कुरै भएन । पछि थाहा भयो, साहू-साहूनीकै दुईजना हुर्केका छोरीहरूले साथीहरूसँग मिलेर लुकेर खाँदा रहेछन् ।

म काम गर्ने होटेल नजिकै अर्को पनि एउटा त्यस्तै होटेल थियो । साहू तामाङ, साहूनी क्षेत्री । साहूले गाडी चलाउथे, साहूनीले होटल । कहिलेकाहीँ उनीहरूले मलाई बोलाउँथे र मासु, भात, दाल र तरकारी पेटभरी खान दिन्थे । बच्चाको बुद्धि त हो, पेट र आँत भरिञ्जेल खान पाउनु नै मेरो लागि ठूलो कुरो थियो । कसैले मिठो खानेकुरा दिएमा र एकशब्द मीठो वचन बोलिदिएमा त्यसै त्यसै मन फुरूंग भएर आउँथ्यो । सायद मायाप्रेम र खानेकुराको अभावमा म हुँर्किदै गरेकोले होला । उनीहरूले त्यसरी खान दिएपछि त 'ओहो, यहाँ त यस्तो मिठो मिठो खान दिंदारहेछन् । कत्ति जाती रहेछन्' भन्ने लाग्यो र म उनीहरूकैमा काम गर्न थालें ।

तर दुःख गर्नेलाई जहाँ पनि दुःखै हुन्छ सायद । त्यहाँ पनि मैले काम त उत्तिकै गर्नुपर्थ्यो । दिन न रात, सँधै होटेल खुल्लै हुन्थ्यो । राती पनि सुत्नै नपाउने । म उङ्दै अर्धनिद्रामा भाँडा माँझ्थे । कहिलेकाहीँ भाँडा माँझ्दामाँझ्दै त्यही भुसक्कै निदाउथें । साहूनीले कहिले जगको पानी खन्याएर उठाउँथ्यो । कहिले जे पायो त्यहीँको झटारो हानेर ब्यूझाउँथ्यो । सुत्नै नपाउने भएपछि कहिलेकाहीँ म भागेर जंगल जान्थें । मलाई खोजेर नभेटुन् भनेर मसानघाटमा भएको एउटा टहरोजस्तोको मुनी गएर सुत्थें । म १०/११ वर्षको थिएँ हुँला त्योबेला । मैले भूतप्रेतको कथाहरू सुनेको थिइनँ तर खै किन हो कुन्नी बेलाबेलामा तर्साएझैँ महशुश गर्ने गर्थें । कहिले कोही बोलेजस्तो आवाज आउँथ्यो, कहिले कता सर्याकसुरुक गरेझैँ लाग्थ्यो । मनको डर भगाउनलाई आवाज आएतिर ढुंगा हान्थे अन्धाधुन्ध । अनि फेरि सुत्थें ।

एकरात मसानघाटमै सुतीरहेको थिएँ, एकजना झाँक्रीबा आइपुगे । उनी मलाई देखेर छक्क परे । अत्तालिदै उनले भने 'किन यहाँ बसेको बाबु ? तर्साउँछ, मार्छ । घर जाउ' । मैले 'मलाई केही गर्दैन' भन्ने जवाफ दिएँ । उनी

चेपाङ जातिका झाँक्री रहेछन् । मलाई त्यत्ति भनेर उनी त्यहाँबाट आफ्नो बाटो लागे । उनी गइसकेपछि पो मलाई मन ढक्क फुलेर आयो । डर लाग्न थाल्यो । तैपनि मैले होटेलमा फर्केर दुःख पाउनुभन्दा यहीँ सुत्छु भनेर रात त्यहीँ बिताएँ । बिहानै होटेल फर्के अनि आफ्नो काम शुरु गरेँ । होटेलपछिको मेरो अर्को घर नै त्यही मसानघाट बनेको थियो । जहाँ मैले अज्ञात आवाजहरू (त्यो पनि मनको डरको कारण पैदा भएको भ्रम हुनसक्ला)बाहेक अरू कसैको केहीपनि सुन्नु पर्दैनथ्यो ।

लगभग  डेढ वर्षपछि साहू साहूनीले त्यहाँको होटेल छोडेर काठमाडौँ जाने भए । मलाई पनि सँगै लाने भए । उनीहरूले काठमाडौँको बालाजुमा भाडा पसल सुरू गरे । म त्यसबेला १२ बर्षको थिएँ । मलाई उनीहरूले नै खाना पकाउन सिकाए । उनीहरूको घरमा खाना पकाउने बनाएर राखे । खाना पकाउने, उनीहरूलाई दिने, सरसफाई गर्ने, मेरो दिनचर्या त्यहि भयो ।

मलाई आफूसरहका अरू बच्चाहरूसँग खेल्न खूब मनपर्थ्यो । बाहिर सडकमा कोही बच्चा खेलेको देख्दा जाउँ जाउँ लाग्थ्यो । कहिलेकाहीँ अरु बच्चाहरूसँग खेल्न जान्थें । खेल्दाखेल्दै समय बितेको थाहै हुँदैनथ्यो । घर फर्केपछि बेस्सरी पिटाई खान्थें । मलाई पिट्दाखेरी भात पस्किने पन्यू नै बांगिएको थियो । त्यसरी पिटाइ खाएपछि म त्यहाँबाट भाग्थें । भागेको दिन सडकमा सुत्थें । उनीहरू मलाई खोज्न आउँथे । फेरी फर्काएर घर लान्थे । यही क्रम दोहोरिरह्यो ।

त्यही सिलसिलामा सडकमा रात बिताउनेहरू नै मेरा साथी बने । उनीहरूको कुरा सुन्दा म छक्क परेँ, उनीहरू त धनी बाउका छोराछोरी पो रहेछन् ! कुलतमा फसेर घर छोडेका रहेछन् । उनीहरूलाई देख्दा 'यिनीहरुलाई त भोकै बस्नु पर्दैन, कुटाइ खानुपर्दैन, बाउ आमा पनि छन्, किन बाटोमा सुत्नुपरेको होला ?' भन्ने लाग्थ्यो । उनीहरूलाई भने कुनै कुराको वास्तै

थिएन । ती साथीहरूले मेरो बारेमा कहिले सोधेनन् । मलाई कुनै खालको दूर्व्यवहार पनि गरेनन् ।

मैले ५ वर्षसम्म काम गरेपछि त्यो घर छोडें । होटेलमा काम गर्न थालें । राती भने सडकमै सुत्थें- भृकुटीमण्डप, रत्नपार्क, रानीपोखरीतिर । त्यहाँ सुत्दा 'खाते'हरूसँग मेरो संगत हुनथाल्यो । उनीहरूको पनि एक जना 'डन' हुँदोरहेछ । 'डन'ले भनेपछि सबैले मान्नुपर्ने रहेछ । एकदिन 'डन' भन्ने केटाले 'लेउ यो सिरक ओढ, बिहान उठेपछि उ त्याँ राखीदिनु' भनेर एउटा ठाउँ देखायो । अनि हामी ३/४ जना रानीपोखरीको बाटोमा सिरक ओढेर सुत्यौँ । उनीहरू दिनभरि डुल्थे । कहिलेकाही कसैले फिल्म हेर्न पनि लैजाने गर्दारहेछन् ।

म पनि उनीहरूको समूहमा सामेल भएँ । हामी सडकमै मस्त थियौँ । एकदिन, हामीलाई सिविन भन्ने बालबालिकाको लागि काम गर्ने संस्थाको मान्छेले भेटाएर उनीहरूसँगै लगे । सिबिनमा लगिएकाहरूलाई राख्नको लागि ए, बी, सी भनेर वर्ग छुट्याएको हुँदोरहेछ । हामी ए वर्गमा परेका थियौँ । त्यो भनेको कोहि नभएकाहरू र एकदमै फोहोरी ठाउँमा राखिने वर्ग रहेछ । मैले जीवनमा धेरै कष्ट भोगेपनि अलिक सफा सुग्घर चाहिन्थ्यो । सिविनको त्यो ए सेक्सन साह्रै फोहोर थियो । जुम्रै जुम्रा परेका गन्हाउनेहरू त्यहाँ राखिएका थिए । खानाचाहिं टन्न दाल भात दिन्थ्यो । दिनमा हामीलाई चित्र बनाउ भनेर के के सामाग्रीहरू दिन्थे । आफु त नपढेको मान्छे केहि गर्न आउदैनथ्यो । जे पायो त्यहिं केरमेर गर्थें । आफूले बनाएको चित्रको बारेमा आफैले भन्नुपर्थ्यो । म त त्यहिं खोला, नाला, घाँससँग हुर्केको थिएँ । केरमेर बनाएको चित्रलाई यो घाँस हो, यो खोला हो भनिदिन्थें । अरू केही साथीहरूले भने साह्रै राम्रो, लोभलाग्दो चित्र बनाएका थिए ।

मलाई केहीदिनपछि बी सेक्सनमा पठाइयो। त्यहाँ बच्चा पनि थिए, ठूला मान्छेहरू पनि थिए। त्यहाँ चाही खाने र सुत्ने ठाउँ राम्रो थियो। त्यहाँ गएपछि २ घण्टा पढाउथ्यो अनि खेलाउथ्यो पनि । मैले त्यहाँ अक्षर चिन्ने मौका पाएँ। आफ्नो नाम लेख्न सिकें। केहि समयपछि एकजना सरले मलाई मेरो घरपरिवारको बारेमा सोध्नु भयो। मैले 'बाउ त कता छन् कता थाहा छैन। मेरो ठूलीआमा सावरिमा छन्, फुफू नवलपुरमा छन्' भने। पछि मेरो बारेमा सोध्ने सरले मलाई सावरिमा लगेर ठूलीआमाको जिम्मा लगाइदिनुभयो । उनी आफ्नै ठूलीआमा त होइनन्। पर्ने ठूलीआमा हुन्। उनले 'अर्काको बच्चा राख्नु हुँदैन, पछि केहि भयो भने दोष आउँछ' भनेर फुफूको जिम्मा लगाइदिए । फुफूले पनि त्यहि भने अनि फुफाजुले बुवाको घरमा लगेर छोडी दिए।

मलाई घर फर्कन फिट्टिक्कै मन थिएन। तर पनि म घुमीफिरीकन घर नै पुर्याइएँ। घर गएपछि मैले बुवालाई नागरिकता बनाई दिनु भने। बुवाले २०६७ सालमा मेरो नागरिकता बनाईदिए। नागरिकता बनेपछि मैले होटेलमा खाना पकाउने काम सुरु गरें। मलाई त्यो होटलले त्यहि बस्ने व्यवस्था गरिदियो। तलब महिनाको ५ सय रुपैयाँ दियो। त्यत्तिबेला मलाई घर जानु परेन भनेर आनन्द लाग्यो। मेरो काम देखेर एक महिनापछि मेरो तलब ५ सय रुपैयाँ बढाईदिए। मैले त्यो होटेलमा साढे २ बर्ष काम गरें। महिनाको ५ हजार भन्दा माथि मेरो तलब बढेन। काम चाहिँ २४ घण्टा खट्नुपर्थ्यो। खाना पनि खासै राम्रो पाइदैनथ्यो। सादा खाना खानुपर्थ्यो, त्यो पनि साहुनीले खटाएर दिन्थिन्। कहिलेकाहीं बिक्री भएर बचेकुँचेको मासुको हड्डी र रहलपहल पनि खान पाइन्थ्यो। तर मलाई त्यस्तो खानु मन पर्दैनथ्यो। बरू २ टुक्रा भएपनि राम्रो मासु खान पाए हुन्थ्यो भन्ने लाग्थ्यो र म त्यसै भन्थे साहूनीसँग।

सँगै काम गर्ने एकजना साथीले काम छोड्यो। पछि उसले मलाई पनि अर्को एक जनासँग सम्पर्क गराई दियो। त्यसपछि मैले पनि त्यो होटेल छोडेर

परासीमा भएको अर्को होटेलमा काम गर्न गएँ। त्यहाँ मलाई महिनाको १२ हजार तलब दियो। काम त त्यहाँ पनि उस्तै नै हो। मलाई कहिले पेट खराब हुने, कहिले ढाड दुख्ने, कहिले हात खुट्टा दुख्ने हुन्थ्यो। काम गरेर पैसा कमाउन थाले पनि उपचारमै सबै खर्च हुन्थ्यो। कमाएको पैसा जम्मा गर्न सकिनँ। त्यो होटेल मलाई राम्रो लागेको हो। त्यहाँ खाना खानु, नखानु सबै आफ्नै हातको कुरो थियो। पहिलेजस्तो रोकटोक थिएन। तर जीवनमा केही न केही समस्याले कहिल्यै नछोड्ने रहेछ। म अलि अरु पुरुष जस्तो हट्टाकट्टा थिइनँ। मेरो शरीर केही केही महिलाको जस्तो थियो। त्यही कारणले मलाई कसैले दूर्व्यवहार गरेनन्। तर बिरामीले मलाई अलि धेरै सताउन थाल्यो। मलाई काम गर्न गाह्रो हुँदै जान थाल्यो। त्यसैले मैले परासीको त्यो होटेलको काम छोडें।

म हेटौडा आएँ। त्यहाँ आएपछि के गर्ने ? कहाँ जाने ? भन्ने ठेगान थिएन। तर म घर फर्किन भने चाहदिनथें। म यत्तिकै हेटौडाका सडक र गल्लीहरू चाहार्दै हिड्न थालें। त्यहीबेला एकजना बाजेले मलाई एउटा आश्रमको बारेमा बताउनुभयो। त्यो आश्रम हेरचाह गर्ने मान्छेको खाँचो परेको कुरा बाजेले मलाई सुनाउनुभयो। अनि म आश्रममा गएँ। त्यहाँ बृद्धबृद्धाहरू आराधना गर्न आउँने रहेछन्। उनीहरू र अरू दानकारीबाट उठेकै दानदक्षिणाले नै आश्रम चल्नेरहेछ। बृद्धबृद्धाहरूसँग पनि कहाँबाट पैसा आओस् र ? छोराबुहारीहरूले खटाएर दिएकैबाट निकालेर आश्रमलाई दान गर्दारहेछन्। सबैका आ-आफ्नै कथा-व्यथा हुन्छन्। आश्रम चलाउन पनि उत्तिकै मुश्किल रहेछ। म यो आश्रममा बस्न थालेको ३ वर्ष भयो। आश्रमको मालिकले आश्रम चलाउन नसक्ने कुरा राखिसकेका छन्। यहाँबाट निस्केर जाने पनि कहाँ हो ? थाहा छैन।

मेरो जीविकोपार्जनको कुनै स्रोत छैन। मैले राज्यको सामाजिक सुरक्षा भत्ता अन्तर्गतको असहाय भत्ता पाउनको लागि वडा कार्यालयमा पहल पनि

गरें। वडा कार्यालयले 'तिमीलाई केको आधारमा भत्ता दिने ?' भनेर सोध्यो। मैले 'म अन्तरलिङ्गी व्यक्ति हुँ, मेरो कोहि छैन, केही छैन' भने। उनीहरूले 'मेडिकल रिपोर्ट ल्याऊ' भने। मैले डाक्टरलाई जँचाएर उनीहरूले मागेझैँ मेडिकल रिपोर्ट बनाएर पेश गरे। त्यसपछि उनीहरूले 'अन्तरलिङ्गीको लागि भत्ता छुट्याएको छैन' भन्ने जवाफ दिए। त्यसो भए 'असहाय भनेर दिन मिल्ला नि त ?' भन्दाखेरी 'त्यो पनि दिन सकिदैन' भनेर फर्काइदिए।

मेरो शारिरीक अशक्तता बढ्दै गइरहेको छ। त्यसले गर्दा मैले काम गर्ने क्षमता गुमाउदै गइरहेको छु। मसँग भएको सीप पनि उपयोग गर्न नसक्ने बन्दै गइरहेको छु। चाहेँरै पनि काम गर्न नसक्ने अवस्थामा छु। यो कत्ति पीडादायी अनुभव हो भन्ने कुरा म यहाँ भन्नै सक्दिनँ। एकातिर दैनिक खानपान अर्कोतिर औधषीउपचारको खाँचो छ। मनकारी मानिसहरूको सहायता र साथले म आफू जसोजसो जीविका चलाउइरहेको छु। तर सँधै अरूकै भरमा कसरी चल्नु ? तर उपाय पनि के नै छ र मसँग ? मसँग प्रश्न मात्रै छ- खै अब के गर्ने ? मेरो स्वास्थ्यस्थिति सुधार्न र सुध्रिन सकेमा केही गरेर खान सक्ने थिएँ कि भन्ने लाग्छ। त्यसको लागि राज्यबाट केहि व्यवस्था हुन सकेमा केही त सहज हुन्थ्यो कि ? जीउन कठिन छ, तैपनि आशा मारेको छुइनँ।

# ‘म त सृष्टिको बरदान हुँ’

*– चैनु चौधरी*

मेरो नाम चैनु चौधरी हो । मेरो घर इटहरी गैसारमा छ । मेरो जन्म कुन सालमा भयो त्यो त ठ्याक्क मलाई थाहा भएन । आमाबुवाको आठ सन्तानमध्ये म कान्छी छोरीको रुपमा जन्मिएको थिएँ । मेरा पाँचजना दिदी, एक दाजु र एक भाइ छन् । हामी सगोलमा बस्दा ठूलो परिवार थियौँ । म ३-४ बर्षको छँदा आमा बित्नुभयो । त्यसको अर्को बर्ष मेरो जेठो दाजुको बिहे भयो । बिहेपछि दाजु भाउजु छुट्टिएर बस्न थाल्नुभयो । केही समयको अन्तरालपछि दिदीहरूको पनि पालैपालो बिहे भयो । घरमा बुवा, भाइ र म मात्रै भयौँ । बुवाले ज्याला मजदुरी गरेर घर चलाउनुहुन्थ्यो । हामी चौधरीहरूले त्यतिबेला छोरीलाई पढन पठाउने गर्दैन थिए । उनीहरूलाई घरकै कामकाज सिकाउने र सानैदेखि काममा लगाउने गरिन्थ्यो । म पनि बच्चैदेखि बाख्रा, गोरु चराउदै, घाँस काट्दै हुर्किएँ ।

घरमा आमा हुँदा माहौल नै बेग्लै थियो । हामी जहाँ गएपनि घर आउँदा जे जस्तो भएपनि खाना पाकीसकेको हुन्थ्यो । कामबाट थाकेर, भोकै घर आइपुग्दा तातो न्यानो खानेकुरा खान पाउथ्यौँ । आमा बित्नुभएपछि दिदीहरूले त्यो काम गर्नुहुन्थ्यो । उहाँहरूको पनि बिहे भएपछि घरमा पहिलेजसरी खाना पाकेको हुँदैनथ्यो । म ७ बर्षको थिएँ, मलाई खाना पकाउन आउदैनथियो । भाइ भोकले छटपटाउथ्यो । रुन्थ्यो । भाइ त्यसरी छट्पटाउँदा म के गरुँ भन्ने अलमलमा पर्थें । कहिलेकाही छिमेकीको घरमा गएर केही खानेकुरा भएमा

मागेर ल्याउँथे। त्यही खानेकुरा भाइलाई खुवाएर उसको रुवाई र भोकाइ शान्त पारिदिन्थें। भाइको भोक मेटाउन पाउँदा नै मलाई सन्तोष मिल्थ्यो। आफू भोकै भएपनि भाइले खान पाएकैमा म खुशी हुन्थें। तर सँधै त्यसरी मागेर मात्रै भोक टार्नु सम्भव कुरै थिएन। मैले आफैले खाना पकाउन सिकें।

भाइ स्कूल पढ्ने उमेरको भएपछि उसलाई स्कूल पढ्न पठाएँ। बुबा त्यतिबेला ६० बर्ष पुगीसक्नु भएको थियो। उहाँको दमको रोग र बढ्दो उमेरले गर्दा काम गर्न नसक्ने हुनुभएको थियो। मैले गाउँ छेउमा रहेको एउटा मिलमा काम गर्न थालें। त्यसबेला म ८ वर्षकी थिएँ। ठूलो मान्छेलाई दिनको ४० रुपैयाँ ज्याला दिन्थ्यो। मलाई भने दिनको २० रुपैयाँ दियो। दाजु घरको जेठोबाठो छोरा भएकोले उहाँले केही भरथेग दिनुहोला भन्ने पनि मनमा आशा राखेको थिएँ। सायद बुवाले पनि त्यो आशा राख्नुभएको होला। दाजुले ४ कक्षा पढ्नु भएको थियो। उहाँले हुलाकमा जागिर गर्नुहुन्थ्यो। कामकै सिलसिलामा उहाँ धेरैजसो बाहिरबाहिरै हिडीरहने गर्नुहुन्थ्यो। उहाँले हाम्रो बारेमा सोधखोज गर्ने पनि गर्नुहुन्नथ्यो। त्यसैले उहाँमाथि राखेको आशा बिस्तारै निराशामा बद्लियो। हामीले उहाँसँग आशा गर्न छाड्यौँ।

बरू म आफैले बुवा र भाइको हेरचाह गर्दै घरको जिम्मेवारी लिन थालेँ। घरको कामकाज सकाएपछि घर बनाउने साइटमा काम गर्न जान्थें। एकदिन घर बनाउने साइटमै काम गरिरहेको बेलामा कोही एकजनाले घरमा काम गर्ने मान्छे चाहिएको कुरा गरेको सुने। म आफै कुरा के रहेछ भनेर बुझ्न गएँ। मलाई काम चाहिएको थियो, उनीहरूलाई काम गर्ने मान्छे। मैले त्यो घरमा काम गर्न जान थालें। तर त्यहाँ काम गर्नेलाई राम्रोसँग खाना नदिने रहेछ। उनीहरूको मप्रतिको व्यवहार पनि राम्रो खालको थिएन। मैले त्यो घर छाडेर अर्कै घरमा काम गर्न थालेँ। तर दोस्रो घरमा पनि उस्तै समस्या झेल्न थालें। त्यो घरमा पनि मैले काम नगर्ने निधो गरें। त्यसपछि अर्को घरमा काम गर्न

गएँ। संयोगबस त्यो घर भने राम्रो परेछ। त्यहाँ काम गर्न मलाई सजिलो भयो। त्यसबेला म १५ वर्षको थिएँ। महिनाको सय रुपैयाँ तलब दिन्थ्यो।

भाइले ६ कक्षासम्म पढ्यो। ऊ १३ बर्ष पुगेको थियो। घर बाहिरबाहिरै डुलेर हिड्न थाल्यो। पछि थाहा पाएँ, उसले मुग्लिन-नारायणघाटमा चल्ने गाडीमा काम गर्न थालेछ। १६ बर्ष पुगेपछि उसको बिहे गरिदियौँ। उसको परिवार बस्यो भनेर बुवा र म खुशी भयौँ। मलाई मेरो एउटा जिम्मेवारी सकियो भन्ने लाग्यो। सानैदेखि मैले आमा बनेर उसलाई हुर्काएको थिएँ। त्यसैले उसको बिहे गराउनु मेरो दायित्व हो भन्ने मलाई लागेको थियो। पछि भाइ-बुहारीले मलाई एकदमै चित्त दुखाए। नराम्रो बचन लगाए। मेरो जीवनको एकमात्र आड भरोसा भाइ नै थियो। मेरो लागि भाइ छ, म उसको लागि छु भन्ने सोचेर म बसीरहेको थिएँ। मेरो भरोसा टुट्यो। एउटै आमाको कोखबाट जन्मेको हामी दुई सन्तान, सँगै सुखदुःख काटेको दिदीभाइ। एकअर्काको सहारा बनेर अघि बढिरहेका हामी समयअनुसार हाम्रो मन र सोच बद्लिएछ। हाम्रो बाटो फरक भएछ। त्यो कुरा थाहा पाएपछि मलाई असह्य भयो। म साह्रै दुखेँ। मेरो मन अति रोयो।

घरमा मबाहेक सबैको आ-आफ्नै घरपरिवार र व्यवहार भयो। म बुवाको साहारा बनेर बस्न थालेँ। मैले गर्दैआएको घरको काम निरन्तर गर्दै गएँ। त्यो घरका मानिसहरू मेरा लागि निकै सहयोगी बनेर आए। म १७ वर्ष पुगेको थिएँ, त्यसबेला बल्ल मैले छोरीहरू हुर्केपछि महिनावारी हुन्छ भन्ने कुरा थाहा पाएको थिएँ। तर मेरो त महिनावारी नै भएको थिएन। मैले म काम गर्ने घरको भाउजुसँग आफ्नो महिनावारी नभएको कुरा राखें। उहाँले आफ्नो श्रीमान्सँग सल्लाह गर्नुभएपछि मलाई पैसा दिएर 'जँचाउन जानू' भन्नुभयो। म धरानमा रहेको घोपा क्याम्पसमा भएको अस्पतालमा जँचाउन गएँ। त्यहाँ त्यस्तो केही समस्या भएको पत्ता लागेन। त्यसपछि म फेरि बिराटनगरमा भएको अर्को अस्पताल पनि गएँ। त्यहाँ पनि केही पत्तो लागेन।

पछि सिलिगुडी गएर जँचाएँ। त्यहाँ डाक्टरले मेरो पाठेघर नै नभएको पत्ता लगायो। म छक्क परेँ। केही चिन्ता पनि लाग्यो। तर मेरो जीवनमा अनेक अरू कुराहरू थिए, जसको बारेमा मलाई चिन्ता लिनुथियो। जिम्मेवारी पूरा गर्नु थियो। त्यसैले मेरो पाठेघर नभएको र महिनावारी नभएको कुरामा मात्रै घोत्लिएर चिन्ता लिने समय मसँग थिएन। म काम गर्ने गरेको घरको दाइले मलाई ढाडस दिँदै भन्नुभयो, 'चिन्ता नलेउ, राम्रोसँग काम गर, यहीँ बस'। उहाँले त्यत्ति भनिदिँदा मात्रै पनि मलाई ठूलो राहत मिलेको थियो।

त्यही घरमा काम गर्दैगर्दा एकिदन म सब्जी लिन बजार गएर फर्किंदै थिएँ। एकजना केटाले मलाई जिस्कायो। उसले त्यसरी जिस्काउँदा मलाई किन किन साह्रै नमज्जा लाग्यो। मैले त्यही घटनालाई निहुँ पारेर भाउजुसँग भने, 'अब म केटीको कपडा लगाउदिन'। अनि मैले आफूलाई केटाको स्वरुपमा ढालें। दाइको नानीहरूको कपाल छोटो पारेर काटिदिनुहुन्थ्यो। मैले पनि दाइलाई आफ्नो कपाल काटिदिन भने। उहाँले काटीदिनुभयो। १८ वर्षको हुँदा मैले आफूलाई केटाको रुपमा उभ्याएँ। चौधरीहरूकोमा छोरीहरूले प्यान्ट सर्ट लगाउन र छोटो कपाल काट्न मनाही थियो। मैले त्यही गरेँ। यदि हाम्रो समुदायमा पहिलेदेखि त्यसो गर्न छुट भएको भए मैले पहिले नै त्यसो गरिसक्ने थिएँ। मलाई पहिलेदेखि आफूलाई केटी जस्तो होइन केटा भएर हिड्न, बस्न मन पर्थ्यो। तर त्यसप्रति खासै ध्यान दिएकै थिइनँ।

मैले काम गर्ने ठाउँमा दाइ भाउजुको शारीरिक अपांगता भएको छोराको हेरचाह गर्नुपर्थ्यो। उसलाई म भाइ भन्ने गर्थें। भाइले टेलिभिजनमा अनेक कार्यक्रमहरू हेर्ने गर्थ्यो। उसैले एकदिन मलाई भारतमा ठूलो समूहमा रहेका किन्नर/हिजराहरूको बारेमा टेलिभिजनमा प्रसारण भइरहेको श्रव्यदृश्यहरू देखायो। त्यो देख्दा मलाई कता कता आफू पनि त्यस्तै होकी भन्ने लाग्यो। मनमनै नेपालमा पनि यस्तै समुदाय भइदिएको भए कत्ति जाती हुन्थ्यो भन्ने लाग्यो।

मैले काम गर्ने घर र त्यो घरका सदस्यहरू मेरा लागि ठूलो आड हुनुहुन्थ्यो । उहाँहरूकोमा काम गरीरहँदा मेरो जीवन र घर सहज ढंगले चलिरहेको थियो । त्यो सहारा पनि टुट्नु रहेछ, टुट्यो । काम गर्दागर्दै म लडेपछि मेरो खुट्टा बिग्रियो । खुट्टा डमडमी सुनियो । दाइले उपचार गराउन लानुभयो । उपचारले मेरो खुट्टा केही बिसेक भयो तर पहिलेजसरी काम गर्न, हिड्न, भारी र बलको काम गर्न नसक्ने भएँ । त्यसपछि मैले काम छाडेर घर फर्कने निधो गरेँ । म घर फर्कीआए । त्यसपछि मसँग भएको केही पैसाले मैले एउटा किराना पसल खोलेर चलाउन थाले ।

मलाई देख्ने मानिसहरूले 'छक्का', 'हिजरा' भन्दै गिज्याउँथे । कसै कसैले भगवानकै देन नै यस्तो होला पनि भन्ने गर्थे । २०६३ सालमा निल हिरा समाजको शाखा इटहरीमा खुल्यो । दिपक राई हाम्रो गाउँमा आयो । उसले आफ्नो नाक-कान छेडेको थियो । ऊ हामी भएको ठाउँमा आएर कुरा गर्न थाल्यो । त्यसपछि ऊ बेलाबेलामा गाउँमा आउने, हामीहरूसँग कुरा गर्ने गर्न थाल्यो । ऊसँग कुरा गरेपछि मलाई पनि ऊसँगै समुदायका अरू मानिसहरूसँग भेट्न र निल हिरा समाजमा जान मन लाग्यो । गाउँका मान्छेहरूले 'त्योसँग नजानु, त्यसले बेच्छ' भने । एकजना गाउकै दाइले मेरो जिम्मा लिनुभएपछि म उहाँसँगै इटहरी गएँ । त्यहाँनेर मैले रवि सर, संजय सरहरूसँग भेट्ने मौका पाएँ । उहाँहरूले मलाई 'तिमी त तेस्रोलिंगी हौँ' भन्नुभयो ।

हाम्रो भेट भएको केही समयपछि मलाई सामाजिक परिचालकको काम पनि दिइहाल्नुभयो । मैले आफ्नो पसल बन्द गरेर सामाजिक परिचालकको काम लिएँ । त्यो काम पाएपछि मैले बैंक खाता खोल्नुपर्ने भयो । त्यसको लागि मसँग नागरिकता थिएन । म ३० वर्षको भइसकेको थिएँ । अरू सबैको नागरिकता बनीसकेको थियो । नागरिकता बनाइदिएपछि पैतृक सम्पत्तिमा भाग लाग्छ, छोरीले अंश माग्छे भनेर छरछिमेक र आफन्तहरूले बुवालाई भनेकोले उहाँले मेरो नागरिकता बनाइदिन चाहनुभएन । मैले बुबालाई

'मलाई अंश केही चाहिदैन । म बिहे पनि गर्दिन । आफै गरेर खान्छु । नागरिकता बनाइदिनुभए पुग्छ' भनेर फकाएँ । उहाँलाई ढुक्क बनाउन केही पैसा पनि दिएँ । बल्ल उहाँले मेरो नागरिकता बनाउन मान्नुभयो र मेरो नागरिकता बन्यो ।

त्यतिबेला मलाई ३ हजार ६ सय रुपैयाँ तलब दिनुभएको थियो । हामीले समुदायमा गएर कण्डम र जानकारीमूलक किताबहरू बाँड्ने गर्थ्यौँ। एचआइभीसम्बन्धी कुराकानी गर्ने गर्थ्यौँ। अरू हामीजस्तै मेटी/तेस्रोलिंगी पुरुषहरूलाई संस्थाबारे जानकारी गराउने र उनीहरूलाई संस्थासँग आबद्ध पनि गराउनुपर्थ्यो। काम थालेको ३ महिना त मलाई काम गर्न सक्दिन कि ! जस्तो लागेको थियो। मैले भनेजस्तो समुदायका मानिसहरू संस्थामा आबद्ध गराउन सकेको थिइनँ । तोकिएजति मानिस ल्याउन नसक्दा र सम्पर्क गर्न नसक्दा हामीले पाउने तलबबाट पैसा काट्ने गरिन्थ्यो । मलाई 'अब एक महिनाभित्रमा पनि तिमीले मान्छे ल्याउन सकेनौ भने तिम्रो काम हुँदैन' भनियो। सुरुसुरुमा मलाई एचआइभीसम्बन्धी, कण्डमको बारेमा कुरा गर्नु असाध्यै लाज लाग्थ्यो। त्यसैले मैले खुलेर कुरा गर्नै सक्दिनथैँ। आफूलाई नै धक लागेको विषयमा अरूलाई म कसरी बुझाउन सक्थेँ र ? मेरो त्यस्तो समस्या बुझेपछि संजय सरले मलाई कसरी कुरा गर्ने भनेर १५ दिनसम्म सिकाउनुभयो। त्यसपछि म आफ्नो काममा निस्कें। त्यसको एक महिनामा मैले धेरैमान्छे भेटें, उनीहरूलाई संस्थामा ल्याएँ । मेरो कामसँग सरहरू खुशी हुनुभयो।

मैले आफ्नो काम गर्दै गएँ। धेरै खालका मानिसहरूसँग भेट गर्दै गएँ। एकदिन सप्तकोशी एफएमबाट अन्तर्वार्ताको लागि मलाई बोलाइयो। त्यो कुरा सुनेपछि संजय सरले मलाई भन्नुभयो, 'तिमी आफुलाई मेटी वा तेस्रोलिंगी हुँ भनेर नभन्नु, किनकी तिमी इन्टरसेक्स अर्थात् अन्तरलिंगी हौँ'। त्यसबेलासम्म म आफूलाई तेस्रो लिंगी हुँ भन्ठानिरहेको थिएँ। त्यही दिन

पहिलो चोटी मैले इन्टरसेक्स भन्ने शब्द सुनें। सरले मलाई बुझाउनुभएपछि मैले अन्तरलिंगीबारे केही कुराहरू थाहा पाएँ।

निल हिरा समाजमा हरेक बर्ष मेरो कामको लागि सम्झौता थपिदै गयो। त्यही काम गर्दागर्दै १२ बर्ष बित्यो। मेरो तलब ३ हजार ६ सयबाट ५ हजार पुगेको थियो। १२ वर्ष काम गरिसकेपछि एक्कासी 'तिमी पढेको छैनौ, तिमीलाई दिने काम हामीसँग छैन' भनेर मलाई भनियो। २०७० सालमा बुवा बित्नुभएपछि म एक्लिएको थिएँ। तैपनि मसँग मेरो जागिर छ भन्ने एकखालको राहत मनमा थियो। त्यही पनि नरहेपछि म एकफेर फेरी कहिँ न कहिँको भएँ। तर केहि काम गर्नु पर्छ भन्ने त छँदैथियो। अरुको काम गर्दा गर्दा थकाई पनि लागिसकेको थियो।

एकजना गाउँले भेनाले मेरो घर छेउमै साइकल मर्मत गर्ने पसल राख्नुभएको थियो। म बेलाबेलामा उहाँको पसलमा जान्थें। निल हिरा समाजमा सामाजिक परिचालकको काम गरिरहँदा हप्ताको दुइदिन कार्यालय जानुपर्थ्यो। अरू बेला भने विभिन्न ठाउँहरूमा गएर जनचेतनामूलक कुराकानी गर्ने, एचआइभीबारे बताउने र समुदायका मानिसहरूसँग गाँसिने र संस्थामा आबद्ध गराउने गर्नुपर्थ्यो। तराइको ठाउँ भएकोले गाउँमा दिउँसो हिडडुल गर्न सकिदैनथ्यो। ३ बजेपछि निस्किन्थें। दिउँसो भने प्रायजसो साइकल मर्मत गर्ने गर्थें। त्यहाँबाट केही आम्दानी पनि हुन्थ्यो। म सन् २०२० मा जागिरबाट निस्किएपछि भिनाजुकै साइकल पसलमा काम गर्न थालें। गत वर्ष भिनाजु बित्नुभयो। त्यसपछि मैले आफ्नै साइकल मर्मत गर्ने पसल चलाउने बिचार गरेँ। अहिले म साइकल मर्मत पसल चलाएर आफ्नो गुजारा गरिरहेको छु।

मैले निल हिरा समाजमा काम गर्दैखेरी सन् २०१६ मा इशानजीसँग भेटेको थिएँ। त्यसपछि उहाँसँग बेलाबेला कुराकानी गरिरहन्थें। उहाँले सन् २०१७ मा क्याम्पियन फर चेन्ज नामको अन्तरलिंगी व्यक्तिहरूको लागि

काम गर्ने संस्था स्थापना गर्नुभयो। त्यो संस्थाको स्थापनाकालदेखि नै म कुनै न कुनै हिसाबले जोडिदै आएको थिएँ। मेरो जागिरे जीवन सकिएपछि म त्यही संस्थासँग नजिकिएँ। त्यो संस्थासँग आबद्ध भएपछि मैले अन्तरलिंगीबारे थप कुराहरू जान्ने बुझ्ने मौका पाएँ।

अहिले म भाइबुहारीको परिवारसँगै बसीरहेको छु। आफ्नो जीवन फर्केर हेर्दा आफ्नो र परिवारको ख्याल कसरी राख्ने भन्ने भागदौडमै बिताएछु जस्तो लाग्छ। तर मैले जे गरेँ त्यसमा कुनै दुखेसो लाग्दैन। जिन्दगीमा दुःख, सुःख धेरै भोगें। यो दुःख, सुःख त मानिसको साथी हो। कहिले रूवाएर जान्छ भने कहिले धेरै खुसी बोकेर आउँछ। अहिले मेरो जीवनमा केहि स्थिरता छ भन्न सक्छु। म आफूलाई एक अन्तरलिंगी पुरुष भन्छु। अरुले मलाई तेस्रो लिंगी भन्दा 'म तेस्रोलिंगी होइन। अन्तरलिंगी हुँ पुरुष' भनेर भन्न र बुझाउन सक्छु। जस्ले म अनि म जस्ता मान्छेलाई भेदभाव गर्छ, अपमान गर्छ त्यो जस्तो मुर्ख यो संसारमा सायद कोही पनि छैन होला जस्तो लाग्छ। किनकी म यस्तो भएर जन्मिनुमा न मलाई जन्माउनेको, न मेरो, न त अरू कसैको गल्ती छ। म त यो सृष्टिको बरदान हुँ। मेरो पनि यो संसारमा त्यतिकै बाँच्ने, रमाउने हक छ, जति महिला र पुरुषको छ।

# अन्तरलिङ्गी विविधताबारे बुझ्नुपर्ने धेरै कुराहरू छन्

*– नबीन चौधरी*

बर्दिया जिल्लाको बार बर्दिया गाउँमा आमाबुवाको जेठो सन्तानको रुपमा मेरो जन्म भयो । मेरो नाम राखियो- ललिता चौधरी । म सानैदेखि गाइबस्तु चराउन जान्थे । गाइबस्तुलाई जंगलमा चर्न छाडीदिएर साथीहरूसँग खोलामा पौडी खेल्न जान्थ्यौँ । म केटी भएपनि मेरा साथीहरू सबै केटाहरू नै हुन्थे । केही केटाहरूले मलाई 'केटी भएर पनि हामीसँग खेल्न आउँछ' भनेर भन्ने पनि गर्थे । उनीहरूले त्यसो भन्दा मलाई खासै वास्ता लाग्दैनथियो । मलाई छोरीकै रुपमा हुर्काइदैथियो । तर म आफूलाई छोरी हुँ भन्ने कहिल्यै लागेन । अरूहरूले छोरीको रुपमा अपेक्षा गरेझैँ मेरो हाउभाउ र सोचाइ पनि थिएन । त्यत्तिबेला अरूले के भने, के गरे भन्ने कुरामा म ध्यानै दिन्नथें । त्यसैले त्यस्ता कुराहरूको प्रभाव पनि ममा परिसकेको थिएन र म जे जस्तो थिएँ म त्यसैमा रमाउन सक्थेँ सायद ।

म हुर्किदै गएँ- अरूको नजरमा छोरी बनेर, आफ्नो लागि छोरा बनेर । समाजको अपेक्षा र मेरो व्यवहारबीच तालमेल नमिल्दा मेरो बारेको नकारात्मक कुराकानीहरू बढ्दै गए । मलाई सम्झाउनेहरू पनि बढे । मलाई मनपरी भन्नेहरू पनि बढे । उनीहरूको त्यस्तो कुराले मलाई असर गर्न थाल्यो । खासगरी 'हिजडा', 'छक्का' भन्ने शब्दले मलाई घोच्न थाल्यो । जबकी त्यसको अर्थ पनि म बुझ्दिनथेँ । तर मलाई नै किन त्यसरी हेपेर त्यस्तो भनेका होलान्, अरूलाई किन नभनेका होलान् भनेर रिस उठ्थ्यो । जब त्यसको अर्थ थाहा पाएँ झन् मेरो रीसको सीमा रहेन । एकदमै नराम्रो लाग्यो । तर

समाजको त्यस्तै व्यवहारले गर्दा म अरूभन्दा बेग्लै रहेछु भन्ने पनि महशुश गरेँ। सायद संसारमा म नै त्यस्तो एक्लो हुँला भन्ने सोचेँ। मलाई क्रमशः मानिसहरूसँगको भेटघाट र जमघटहरूबाट टाढा राख्न थालियो। पारिवारिक तथा आफन्तजनहरूसँगको जमघटहरूबाट पनि परै राख्न थालियो। मलाई बिस्तारै सामाजिक रुपमा एक्ल्याउदै लगियो।

चौधरी समुदाय प्राय संयुक्त परिवारमा बस्ने गर्छौं। जग्गाजमिन हुनेको गाईबस्तु, बंगुर पनि त्यत्तिकै पाल्ने गर्छन्। खेतीबालीको काम त भइ नै हाल्ने भयो। त्यसैले काम, काम अनि काम मात्रै हुने। म त्यस्तै कामै काममा व्यस्त रहन थालेँ। बाली लगाउने र भित्र्याउने समयमा त बिहानको खानापनि खेतबारीमै खाने गर्थ्यौं। मेरो आमाहरूको पालासम्म छोरी पढाउने चलन थिएन। मेरो पालामा पढाउन थालिएको थियो। मलाई पनि स्कूल भर्ना गरिदिनुभयो। मलाई छोरीकै रुपमा स्कूलमा भर्ना गरिएको थियो। स्कूलले पनि छात्रा नै भनेर भर्ना लिएको थियो।

म जन्मदै अन्तरलिङ्गी विविधता भएको व्यक्तिको रुपमा जन्मिएको रहेछु। मेरो आमाबुवालाई यही शब्द र अर्थ ठ्याक्कै थाहा नभएपनि केही भिन्न विशेषतासहित म जन्मिएको हो भन्ने कुरा थाहा थियो। तर उहाँहरूलाई त्यसको बारेमा स्पष्ट थाहा नभएर मलाई छोरी नै मान्नुभयो। पछि अरूहरूले मेरो बारेमा थाहा पाएपछि 'यो केटा पनि होइन, केटी पनि होइन' भनेर गिज्याउन थाले। मलाई हाँसोको पात्र बनाउन थाले। मैले आमासँग 'किन मलाई त्यसो भनेका ?' भनेर सोधेपछि आमाले मलाई साँचो कुरा बताउनुभएको थियो। तर त्यो कुरालाई कसरी भन्ने, कसरी लिने भन्ने बारेमा आमाबुवासँग ज्ञान थिएन।

मेरो शारीरिक विकास केटाको जस्तै हुदैँ गयो। म पनि आफुलाई केटा नै हुँ भन्ठान्थें। अरूसामु पनि त्यसरी नै परिचय दिन्थं। तर म अरूको नजरमा छोरी थिएँ। केटी थिएँ। मैले त्यस्तै बोलीचाली गर्नुपर्ने, लुगा

लगाउनुपर्ने अपेक्षा राखिन्थ्यो । समाजको अपेक्षा पूरा गर्न नसक्दा झेल्नुपर्ने दूर्व्यवहार र अपमानको मानसिक असर अरूले बुझ्दैनन् । मैले झेल्ने दूर्वचन र दुर्व्यवहारहरूले मभित्र थुप्रै खुल्दुलीहरू जन्मायो । जसको उत्तर खोज्ने प्रयासमा म लागेँ । मैले रेडियोबाट केही सूचना वा जानकारी पाइन्छ कि भन्ने आशा राखेर नियमित रेडियो सुन्न थालेँ । तर मैले त्यसबेला भनेझैँ जानकारी पाइनँ । पत्रपित्रकाहरू पनि खोजीखोजी हेर्न थालेँ । आमाले खाजा खान दिएको पैसाले गुलरिया गएर पत्रिका किन्थेँ । पढ्थेँ । त्यहाँ पनि मैले खोजेको सामाग्री पाइनँ । तर अहिले सोच्दा, सायद मिडियाहरूसँग पनि अन्तरलिङ्गी विविधताबारे जानकारी र सामाग्रीहरू नै थिएन होला । अहिले पनि मिडियाहरूमा अन्तरलिङ्गीबारेमा खासै सामग्री पाइदैन । त्यसबेला मोबाइल, इन्टरनेट, सामाजिक सञ्जाल थिएन । हुन त अन्तरलिङ्गी विविधताबारेको कतिपय कुराहरू कहिले थाहा नहुन पनि सक्ने रहेछ । म आफै पनि यसबारेमा बुझ्दै नै छु । जति बुझ्यो उति नै बुझ्न बाँकी कुराहरू भेटिन्छ । तर त्यसबेला मलाई आफ्नो बारेमा जान्न र बुझ्न एकदमै हतार थियो ।

म कक्षा ५ मा पढ्थेँ । मलाई मेरो बारेमा धेरै कुरा थाह थिएन । तरपनि मलाई अरुले गरेको ब्यबहार भने पटक्कै मन पर्दैनथियो । मलाई फुटबल खेल्न मन लाग्थ्यो । तर मलाई केटी भनेर खेल्ने टिममा लिदैनथे । केटाहरूले परपरै पन्छाउन खोज्थे । कक्षाकोठामा सँगै बेञ्चमा बस्न नदिने, धकेलेर निकाल्ने, छक्का भन्दै तर्काउने गर्थे । तर मलाई भने उनीहरूसँगै खेल्न मन लाग्थ्यो । उनीहरूलाई नै साथी बनाउन मन पर्थ्यो । ६ कक्षामा पुगेपछि मैले आफ्नो नाम परिवर्तन गरे- नबीन । त्यसपछि त कक्षामा सँगै पढ्नेहरूले नै मलाई केही दिनसम्म साह्रै गिज्याउन र हेप्न थाले । मैले सहेरै टारें । मैले सहीराखेपछि बिस्तारै उनीहरूले गिज्याउन र हेप्न कम गर्दै लगे । तर कक्षाभित्र बेञ्चमा बस्न नदिने, धकेल्न काम गर्न भने बन्द गरेनन् । त्यसबारेमा कक्षा

शिक्षिकाहरूलाई भनें। उहाँहरूले केही प्रतिक्रिया नै दिनुभएन। कही कसैबाट पनि राम्रो व्यवहार र सहयोगी साथ नपाउँदा म यस्तो जन्मिनु नै गलत हो त ? भन्ने लाग्थ्यो।

मेरो उमेर बढ्दै गएसँगै समाज, छरछिमेकी र आफन्तहरूले ममाथि गर्ने व्यवहार अझ असह्य खालको बन्दै गयो। जता गएपनि अपमानित हुनुपर्ने। जसले जे भनेपनि सहनुपर्ने। मेरा दिन त्यसरी नै अगाडी बढ्दै थियो। मेरो मनभित्र भने आफ्नै बारेमा एककिसिमको अन्तरद्वन्द्व चलिरह्यो। मेरो ध्यान पढाईमा भन्दा आफ्नो बारेमा जान्नु र बुझ्नुमै एकोहोरियो। यहि दौरानमा मैले गुलरियामा लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको लागि काम गर्ने संस्था छ भन्ने कुरा थाहा पाएँ। तर त्यहाँ कसरी जाने होला भन्ने सकस भयो। त्यो तेस्रो लिंगीहरूको संस्था हो भनेर मलाई सुनाइएको थियो। हाम्रो गाउँघरतिर तेस्रो लिंगी भनेका नराम्रो हुन्। छाडा हुन्छन् भन्ने गरेको सुनेको थिएँ। म त्यहाँ गएको अरूले थाहा पाए भने मलाई पनि तेस्रो लिंगी नै भनेर छाडा अनि अझ के के भन्ने हुन् कि ! सोचेर डराएँ। म एकदिन गुलरिया गएको मौकामा त्यो संस्थामा गएँ। मैले पहिलोचोटि तेस्रो लिंगी व्यक्तिहरू देखेँ। भेटेँ। त्यो उनीहरूको आफ्नो सुरक्षित ठाउँ थियो सायद, त्यसैले उनीहरू रमाइलोसँग कुराकानी र मेकअप गर्दै बसिरहेका थिए। उनीहरूले मलाई एलजिबिटिआइको बारेमा थुप्रै कुराहरू बताए। उनीहरूको कुरा चाख मानेर सुनेँ।

उनीहरूको कुरा सुनीसकेपछि मैले पनि मेरो बारेमा सबै कुरा राखेँ। मेरो कुरा सुनीसकेपछि उनीहरूमध्ये कसैले तिमी जस्तो व्यक्तिलाई अन्तरलिङ्गी भन्छन् भन्यो। अहो ! अन्तरलिङ्गी !? मैले त्यहीँदिन म जस्तो व्यक्तिलाई अन्तरलिङ्गी भन्दा रहेछन् भन्ने कुरा थाहा पाएँ। मैले बर्षौंदेखि जान्न खोजेको कुरा जान्ने मौका पाएँ। म त्यहाँ गएर एकदम ठीक गरेँ भन्ने लाग्यो।

त्यहाँ म जस्तो व्यक्ति कोहि थिएनन् तर पनि मलाई त्यहाँ जान मन पर्थ्यो । म समय समयमा त्यहाँ जान थालेँ ।

मैले १० कक्षाभन्दा माथि पढ्न सकिनँ । खेतबारीमै काम गरेर बस्न थालेँ । बेला बेला संस्थाको केहि कार्यक्रम भयो भने मलाई जानकारी आउँथ्यो र गुलरिया जान्थेँ । कुराहरू सुन्थेँ । आफ्नो बुद्धिले भ्याएसम्म बुझ्थेँ र मनन गर्थेँ । सन् २०१२ मा मलाई सामाजिक परिचालकको काम गर्नको लागि संस्थाले बोलायो । म गएँ । संस्थाले यौन स्वास्थ्य र एचआइभी/एड्सको लागि काम गर्ने गर्थ्यो । कार्यक्रमको लक्षित वर्ग विशेषागरी एमएसएम (पुरुषले पुरुषसँगै यौनसम्बन्ध राख्ने- MSM) र ट्रान्सजेण्डर थिए । तैपनि महिला पुरुषहरूलाई पनि फिल्डमा गएर एचआइभी एड्सबारेमा जानकारी दिने गर्थ्यो । कण्डम र लुब्रिकेन्ट बाड्ने गर्थ्यो ।

मैले पनि सामाजिक परिचालकको रुपमा त्यही काम गर्न थालेँ । कसैकसैलाई एचआइभी परिक्षण गर्न लाने, परिक्षण गर्दा कुनै यौन रोग लागेको पाइएमा वा एचआइभी पोजिटिभ देखिएमा अस्पतालमा रिफर गर्ने काम गर्ने गर्थेँ । कण्डम बाँड्दा कण्डम लगाउने तरिका पनि सिकाउनु पर्थ्यो । कोहि कोहि केटाहरूले 'पहिले तँ  आफु लगा हामी हेर्छौं, अनि सिक्छौं' भन्थे । त्यस्ता ब्यबहारले मलाई काम गर्ने क्रममा एकदमै असुरक्षित महसुस हुन्थ्यो ।

मैले मजस्तालाई अन्तरलिङ्गी भन्दारहेछन् र मजस्ता थुप्रै मानिसहरू रहेछन् भनेर आमाबुवालाई पनि बताएँ । उहाँहरूले मेरो कुरा सुनेपछि केही सन्चको सास फेर्नुभयो । तर मेरो अन्तरलिङ्गी पहिचानकै कारण आमाबुवाले नानाथरिको कुरा सुन्नु परिरहेकै थियो । गाउँलेहरू आमाबुवासँग खास बोल्न र भेट्न मन गर्दैनथे । मेरा पनि साथीहरू टाढिएर गए । मेरो एकजना मात्रै मिल्ने साथी थिई । उसँग नै म आफ्नो मनको सबै कुराहरू भन्थेँ । हामीबीच भावनात्मक सम्बन्ध गहिरिदै गयो । हामी कहिले एकअर्काको प्रेममा पर्यौं,

पत्तै पाएनौँ। हाम्रो सामिप्यता उनको परिवारलाई खासगरी उनको दिदीलाई रत्तिभर मन परेको थिएन। तर हामी पनि एकअर्कासँगै बाँच्ने प्रण गरिसकेका थियौँ। हामीलाई छुट्याउन हरसम्भव प्रयास गरिएपनि हामी छुट्टिएनौँ। बरु हामीले बिहे गर्ने निर्णय गर्यौँ।

हाम्रो निर्णयमा मेरो घरपरिवारलाई कुनै आपत्ति थिएन। तर उसको घरपरिवारले मान्ने कुरै थिएन। 'त्यस्तो हिजडासँग बिहे गर्ने ?!, तैँले अरू कुनै केटा पाइनस् ?, त्यसको त बच्चा हुँदैन, बच्चा नभएपछि तँलाई बुढेसकालमा कस्ले पाल्छ ?' भनेर उनलाई मसँग बिहे नगर्न भनियो। तैपनि उनले मेरो साथ छोडिनन्। हामी सँगै बस्न थाल्यौँ। उनको माइतीहरूसँग बोलचाल बन्द भयो। त्यो कुराले मलाई मनमनै चोट दिएपनि कता कता उनीहरूको हस्तक्षेप नहुँदा केही सहजता पनि महशुश गरेको थिएँ। तर आफ्नै आमाबुवा, दिदीबहिनी, दाजुभाइहरूसँग नबोलेर पनि काम चल्दैन। बिस्तारै सम्बन्ध सुधार्नु पनि पर्थ्यो। उनको माइतीसँगको सुध्रिदै जान थाल्यो। पहिलेजस्तो सुमधुर सम्बन्ध नबनेपनि एकखालको सम्बन्ध भने बन्न सकेको छ। उनी आफ्नो माइती जाने आउने गर्छिन्। अहिलेलाई हामी त्यसैमा खुशी छौँ।

सामाजिक परिचालकको रुपमा काम गर्दा फिल्डमा कर्मचारीभन्दा पनि हामी नै बढी खटिनुपर्थ्यो। समुदायका व्यक्ति तथा समाजसँग हामीले अन्तरक्रिया गर्नुपर्थ्यो। कार्यक्रम बनाउने, लागू गर्ने जस्ता कामकाजहरूबारे हामी एकदमै अनभिज्ञ नै हुन्थ्यौँ। सामाजिक परिचालकको रुपमा लामो समय काम गरेपछि अन्य पदमा रहेर काम गर्ने इच्छा लाग्यो। मैले त्यसको लागि प्रयास गरेपनि त्यो अवसर भने पाइनँ। तर त्यो संस्थामा गएपछि नै मैले आफ्नो पहिचान थाहा पाएँ। थुप्रै कार्यक्रमहरूमा सहभागी हुने, कुराहरू बुझ्ने र मानिसहरू भेट्ने अवसर पाएँ। अरू अन्तरलिङ्गी साथीहरूसँग जोडिन पाएँ। बिस्तारै मैले अन्तरलिङ्गीको बारेमा कार्यक्रमहरूमा बोल्न थालेँ।

यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको कार्यक्रमहरूमा भाग लिइसकेपछि मलाई लाग्यो- हाम्रो मुद्दाबारेमा कुनै पनि मानवअधिकारका अभियानहरूमा छलफल हुँदैन । त्यसैले अझै पनि धेरै अन्तरलिङ्गी व्यक्तिहरू समाजमा आफ्नो पहिचान के हो भन्ने बारेमा अन्यौलमै छन् । आफ्नो वास्तविक पहिचान लुकाएर बाँच्न बाध्य छन् ।

सन् २०१९ को अन्त्यतिर नयाँ दातृ निकायले संस्थालाई सहयोग गर्ने कुरा सुनेँ । केहि कर्मचारी हटाउने र केहि नयाँ छान्ने प्रक्रिया सुरु भयो । मेरो पढाई छैन भनेर मलाई कामबाट निकालियो । सामाजिक परिचालकको रुपमा मैले ९ वर्ष काम गरें । मैले पछि थाह पाएँ- म भन्दा कम पढेको मान्छेले पनि त्यहाँ काम गरिरहेको रहेछ । ९ वर्षको मेरो अनुभवले मलाई अन्त कतै कुनै संस्था वा कार्यालयमा काम गर्न सक्ने बनाएको थिएन । जीविकोपार्जनको लागि कुनै सीपमूलक तालिम पनि लिन पाइनँ । म पूर्णत बेरोजगार भएँ । मेरो परिवारको पूर्ख्यौली सम्पत्तिको रुपमा खेती गर्ने केही जमिन भएकोले साँझबिहान खानको लागि समस्या परेन । तर बाँकी आवश्यकता पूरा गर्ने आम्दानीको स्रोत मसँग भएन । मैले ज्याला मजदुरी गर्न थालेँ । त्यहिँ समय कोरोनाको महामारी फैलियो । सबैतिर बन्दाबन्दी भयो । खान र बस्नबाहेकका अरु विभिन्न समस्याहरूसँग म घेरिएँ ।

कोरोनाको प्रभाव बिस्तारै कम हुँदै जान थालेपछि आफै केहि गर्नुपर्छ भन्ने मनसाय बनाएँ । मैले बंगुर पालन गर्ने सोंच बनाएँ । अन्तरलिङ्गी व्यक्तिहरूको लागि काम गर्ने संस्था क्याम्पेन फर चेन्जका प्रतिनिधिसँग भेटेर मैले आफ्नो योजना साझा गरें । उक्त संस्थाको सहयोगमा मैले सन् २०२१ जुनदेखि बंगुर पालन सुरु गरें । यो बर्षदेखि बाख्रा पालन पनि शुरु गरेको छु । अहिले बंगुर र बाख्रापालनबाट मैले जीविकोपार्जन गर्न थालेको छु ।

# अन्तरलिङ्गी यौन विशेषता भएको व्यक्ति हुँ भनेर थाह पाउनै समय लाग्यो

*– बिमला श्रेष्ठ, पाँचथर*

मेरो जन्म २०३७ सालमा पाँचथरमा भएको हो । म मावालीघरको अजी (हजुरआमा)सँगै हुर्किएँ । मलाई सबैभन्दा बढी माया अजीले नै गर्नुहुन्थ्यो । अजीको मायामा पुल्पुलिदै म हुर्किदै थिएँ । स्कूल जान्थें । साथीहरूसँग रमाउँथें । म दिउँसो गाईवस्तु चराउन जान्थें । गोठालो गएर साँझपख फर्कदाखेरी अजीले गाईको दूधसँग खाना मुछेर राखिदिनु भएको हुन्थ्यो । त्यो खाना खान मलाई एकदम मिठो लाग्थ्यो । अजीकै कारण मैले आफ्नो बाल्यकाल रमाइलोसँग बिताउदै थिएँ । म ८ बर्षको थिएँ, अजीसँगको साथ छुट्यो । उहाँले हामी सबैलाई सदाको लागि छाडेर जानुभयो । त्यसपछि मलाई आफ्नै घर साह्रै बिरानो लाग्यो । जे गर्दा पनि न्यास्रो लाग्थ्यो ।

म सानैदेखि छोरी बनेर हुर्किदै थिएँ । मलाई सबैले छोरी नै भन्थें । म आफू पनि केटी नै हुँ भन्थे र भन्छु । तर मेरो शारीरिक हुर्काइबढाई भने आम केटीहरूको भन्दा भिन्दै खालको हुन थाल्यो । म किशोरास्थामा लागे । मेरा सँगैका साथीसँगीहरूको शारीरिक विकास सबैले अपेक्षा गरेअनुरुप हुँदै गयो । उनीहरूको महिनावारी शुरु भयो । मेरो पनि हुन्छ भन्ने अपेक्षामै हामी सबैजना बसेका थियौं । तर मेरो शारिरीक विकास र महिनावारीको चक्र अपेक्षाअनुरुप भएन । मेरो कद अरू केटी साथीहरूको भन्दा अग्लो हुँदै गयो । महिनावारीको चक्र कुनैदिन त शुरु होला भन्दाभन्दै त्यो दिन नै आएन ।

त्यसो नहुँनासाथ गाउँ-टोलमा मेरो बारेमा नानाथरिका कुरा गर्न थालियो। शुरुशुरुमा त्यस्तो कुराहरू सुन्दा 'उनीहरूले के भनेका होलान्' भन्ने सोच्थें। त्यसबेला म त्यस्ता कुराहरू केही पनि बुझ्दिनथें। जति जति मेरो उमेर बढ्दै गयो, त्यत्ति त्यत्ति मेरा बारेमा अनेकथरिको कुरा काट्ने क्रम पनि बढ्दै गयो। मेरो उमेरसँगै दिमाग पनि छिप्पिदै जाँदा त्यस्ता कुराहरू पनि बिस्तारै बुझ्दै जान थालें। म आफैले पनि अरू साथीसंगीहरूसँग आफूलाई दाँजेर हेर्न थालेँ। हो, म उनीहरूभन्दा केही भिन्न देखिन्थे। उनीहरूभन्दा ममा केही फरकपन छ भन्ने महशुश गर्ने गर्थे। 'राम्री', 'सुन्दर' केटीको परम्परागत परिभाषाभित्र म पर्दिन भन्ने मलाई लाग्थ्यो। अरूहरूले पनि त्यसै भन्ने गरेको बारम्बार सुन्न थाले- "हेर हेर, यिनीसँगैका केटीहरू यति राम्री राम्री छन्, यिनी चाहिँ किन यस्ती ?"।

उनीहरूको अनुसार राम्री हुनु भनेको केटीको शारीरिक विकास भएर स्तनको आकार बढ्नु, खिरिलो कम्मर हुनु, नरम वा कोमल देखिनु हो भन्ने मैले बुझें। किनकी तिनै शारीरिक विशेषता अरू साथीसंगीहरूसँग थियो, मसँग थिएन। मेरो भिन्न शारीरिक बनावटकै आधारमा मलाई 'अलच्छिनी' भन्न थाले। गाउँलेहरूले मनमर्जी उपनामहरू दिँदै बोलाउन थाले। त्यसबेला मैले काटेका ति अपमानका क्षण र दिनहरू अहिले सँम्झदा पनि गाह्रो हुन्छ। सम्झन पनि मन लाग्दैन। ती सबैकुरा बिर्सिएर बाँचु जस्तो लाग्छ। तर त्यसबेला केही मान्छेले 'कसै कसैको महिनावारी ढिलै शुरु हुन्छ' भनेको पनि सुनें। त्यसले मलाई केही राहत दिन्थ्यो। अँ, मेरो महिनावारी ढिलै हुन्छ होला भन्ने आशामा बस्थें। म २० वर्ष पुगे। महिनावारी भने शुरु नै भएन। त्यसपछि भने मैले मेरो महिनावारी हुन्छ भन्ने आशा गर्न छाडें।

सँधैजसो मलाई भनिने अप्रिय शब्दहरूसँग म बाँच्न थालें। अपमानित व्यवहार र अनुत्तरित प्रश्नहरूसँगै म घेरिएर बस्न थालें। मनभित्र यत्ति धेरै उल्झनहरू पैदा भएका थिए। 'मलाई नै किन यस्तो भएको होला !' भन्ने

गुनासो गर्दागर्दै मानसिक तनाबमा परेँ। बेलाबेलामा त्यस्तो तनाब बढेर धान्नै मुश्किल पर्थ्यो । त्यसमाथि गाउँ-समाजको अपहेलना र नराम्रो व्यवहारले तनाब र पीडा थपीदिन्थ्यो । त्यस्तो कुरा उनीहरूले कहिल्यै सोचेनन् । त्यतापट्टि बुझ्ने कोशीश नै गरेनन्। बुझ्नै नखोजेपछि उनीहरूको त्यस्तो वचन र व्यवहारले ममा पर्ने असर कसरी बुझून् ?

घरकै मान्छेले समेत मेरो मानसिक अवस्था र पीडालाई बुझ्न सकेका थिएनन्। म १५ बर्षको थिएँ। हाम्रो घरमा पूजा लगाइएको थियो। त्यतिबेला घरको मान्छेले अरूको सामुन्ने मेरो बारेमा नराम्रो बोलेपछि 'घरकाले नि मलाई हेला गर्छन्' भनेर खुब छट्पटिएँ । त्यसबेला मान्छेहरूले किन आत्महत्या गर्छन् भन्ने कुरा बुझेँ। मलाई पनि यसरी सबैको गाली खाएर, नराम्रो व्यवहार र अपमान सहेर बाच्नु भन्दा मर्नु नै बेस होला भन्ने पनि लागेको थियो । बेला बेलामा मरूँ भन्ने सोच्थें । तर अरूले माया नगरे नि आफैलाई आफ्नो माया लागेर आउँथ्यो। जीन्दगीमा सबै राम्रो र खुशी अनि सुख मात्रै त कहाँ पाइन्छ र ? भन्ने सोच्दै म बाँच्न थालें । तनाबै-तनाब भएपनि बाँच्नु नै जाती भन्ने लाग्यो । मानिसहरूका तिखो दूर्वचनहरू सुने पनि नसुनेझैँ गर्न थालें। बिझ्ने दूर्व्यवहारहरूलाई बेवास्ता गर्न थालें।

आम केटीहरूले झैँ मपनि आफ्नो जीवन बिताउन चाहन्थें । आम केटीहरूको भन्दा मसँग विशेष नयाँ रहर थिएन। राम्रो पढ्ने, जागिर खाने र घरजम गरेर परिवारसँग दुःखसुख सामान्य तवरमा बाँच्ने रहर र सपनाहरू नै मसँग थिएँ। तिनै रहर पालेर म हुर्किंदै थिएँ। बिस्तारै त्यस्ता मेरा मनका रहरहरू एकपछि अर्को गर्दै मर्न थालें। मैले देखेका सपनाहरू एकपछि अर्को गर्दै बिस्तारै टुट्दै जान थाले। नयाँ सपना देख्ने हिम्मत त हुँदै भएन। जसोतसो १० कक्षासम्मको पढाई सकें। त्यसपछि मेरो पढाई रोकियो। नेपाल प्रहरीमा जागिर खान्छु भन्ने मेरो बालखैदेखिको ठूलो सपना थियो । मेरो शारीरिक

बनावटले गर्दा म त्यहाँ पनि ‘अयोग्य’ ठहरिन्छु र थप अपमानित भएर फर्किनुपर्छ भन्ने डरले मैले त्यो सपना त्यागें।

सँगैका दिदीबहिनी, साथीसंगीहरूको भटाभट बिबाह हुन थाल्यो। उनीहरूको आ-आफ्नो घरबार भयो। परिवार भयो। उनीहरूको त्यस्तो जीवन देख्दा मलाई पनि त्यस्तै जीवन बाँच्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो। तर म आफ्नै शारीरिक बन्धनभित्र बाँधिएको थिएँ। वा भनुँ न समाजको सोच र मान्यताअनुरुप म बाँधिएको थिएँ। महिनावारी नै नभएपछि मेरो बच्चा पनि त जन्मिदै होला भन्ने लाग्थ्यो मलाई। हाम्रो समाजमा महिला पुरुषको बिबाह हुनु भनेको नै बच्चा जन्माउनुका लागि हो भन्ने कुरा स्थापित छ। त्यो कुराबारे म जानकार बनेपछि बिबाह गर्नु मेरो ‘बोझिलो’ रहर मात्रै हो भन्ने लाग्न थालेको थियो।

म २३ वर्षको थिएँ, मेरो बिबाहको कुरा चल्यो। आफ्नो रहरलाई थाँती राखेर मैले बिबाहलाई अस्वीकार गरिदिएँ। बिबाहपछिको मेरो जीवनमा आइपर्ने समस्याहरू सम्झेर मैले त्यसबेला बिबाह गर्न नकारेको थिएँ। एक्लै हुँदा त यस्तो दुःख र मानसिक तनाबले पुरिएको छु, बिहेपछि त झन् के के थपिएलान् भनेर म डराएको थिएँ। त्यसबेला मलाई लाग्यो- बिहेपछि बच्चा जन्माउन सकिन भने न म खुशी हुन्छु, न श्रीमान् र परिवार नै खुशी हुनेछन्। मलाई ‘बाँझी’, ‘थारी’ भन्दै दुत्कार्नेछन्। सन्तान दिन नसकेको भनी सायद ममाथि सौता ल्याइनेछ। अनि मेरो अवस्था अहिलेको भन्दा झन् खराब हुनेछ। म न माइतीको न घरको बन्नेछु… यस्तै यस्तै अनेक खालका त्रसित मानसिकतामा म बाँचीरहेको थिएँ।

मैले आफुलाई एकदमै एक्लो महशुस गर्ने गर्थें। मनको कुरा बुझ्ने, सुन्ने कोही भइदिए हुन्थ्यो भन्ने भित्री चाहना थियो। त्यतिबेला मसँग अहिलेजस्तो मन भुलाउने धेरै साधन र माध्यमहरू थिएनन्। रेडियो एउटा गतिलो साधन थियो। मोबाइलको चलन आइसकेको थिएन। शहरहरूमा

मोबाइलको चलन आएको भएपनि मेरो पहुँचमा थिएन। सामाजिक सञ्जाल त झनै भर्खरै आएको हो। त्यसबेला रेडियोमा आउने विभिन्न कार्यक्रमहरू सुनेर म आफ्नो मन भुलाउने गर्थें। मेरो एकमात्र भरपर्दो साथी बनेको थियो- रेडियो नेपाल।

एकदिन, रेडियोमा कार्यक्रम सुन्दै थिएँ। त्यहाँ एलजिबिटि (लेस्वियन, गे, बाइसेक्सुअल, ट्रान्सजेण्डर) समुदायबारे केही भनेको सुनें। त्यसबेला एलजिबिटि भनेको के हो मलाई थाहा थिएन। त्यो कार्यक्रम ध्यान दिएर सुनें। जति सुन्दै गए त्यत्ति मलाई त्यो विषयमा चासो लाग्दै गयो। त्यसपछि त्यो कार्यक्रम नछुटाइकन सुन्न थालें। कार्यक्रम सुनेरै एलजिबिटिबारे केही बुझ्न थालें। त्यही कार्यक्रममा प्रस्तोताले LGBT को लागि काम गर्ने संस्थाको ठेगाना पनि बताउथ्यो। सम्पर्क नम्बर दिन्थ्यो। मैले त्यो नम्बर टिपें। त्यहीँ समयमा मैले तराईतिरको एकजना दाइ भेटें। उहाँले पनि त्यो संस्थामा गएर बुझ्दा धेरै कुरा थाहा हुन्छ भन्नुभयो। मैले त्यो संस्थाको नम्बरमा सम्पर्क गरें। त्यसपछि म आफै पाँचथरबाट दमकमा रहेको संस्थाको कार्यालय पुगें।

घरबाट निस्कँदा मनमा केही डर, केही संकोच र धेरै कौतुहलता थियो मसँग। त्यहाँ गएर के भन्ने, कसरी कुरा गर्ने होला ? मलाई त्यहाँ के के भन्ने होलान् ? मैले के कसो गर्ने होला ? भन्नेजस्ता अप्ठ्यारोले मलाई सताइरह्यो। त्यहाँ पुगेपछि एकजनाले मलाई राम्रो व्यवहार देखाएर कुराकानी गर्नुभयो। मेरो बारेमा सोध्नुभयो। मलाई बिस्तारै सहज महशुश हुन थालेपछि मैले आफ्नो बारेमा बताएँ। त्यहाँ भएका अरूहरूले पनि मलाई आफ्नो बारेमा बताएपछि मैले आफ्नो बारेमा कुरा खोल्न असुरक्षित महशुश गरिन। त्यहाँ भएका धेरैजसोले आफू तेस्रोलिङ्गी महिला र समलिङ्गी महिला हुँ भनेर मेरो सामु आ-आफ्नो परिचय दिए।

उनीहरूका कथा-व्यथा सुन्दा 'ए, मेरो जस्तै पीडा रहेछ' भन्ने लाग्यो। म मात्र एक्लो रहेनछु भन्ने महशुस गरें। तर उनीहरूले भनेझैँ न म तेस्रोलिंगी

थिए न त समलिंगी नै। म के हुँ त ? भन्ने प्रश्न मभित्रै थियो। मैले मेरो बारेमा सबै बताइसक्दा पनि उनीहरूले मलाई म को हुँ ? के हुँ ? भन्ने कुरा स्पष्टसँग बताएनन्। तर 'तिमी एलजिबिटि मै पर्छौ। कपाल काट। केटा भएर हिड' भनेर उनीहरूले सुझाए। उनीहरूको त्यो सुझाब मलाई किन किन चित्त परेको थिएन। त्यसैले मैले उनीहरूले सुझाएझैँ कपाल काटिन। केटा बनेर हिडिन। मलाई पुरुष बन्नु थिएन। तैपनि आफू सरह दुःख र कष्ट भोगेका मानिस भेटेपछि मलाई धेरै खुशी मिलेको थियो।

म आफ्नो घर फर्किएँ। उही खेतीपाती, तिनै बस्तुभाउ स्याहार्ने काममा व्यस्त भएँ। त्यो संस्थामा गएर फर्किएपछि मलाई संस्थामा बसेर काम गर्न पाए हुन्थ्यो भन्ने लागिरह्यो। मैले मेरो यही इच्छा दमक शाखाका संस्थाका प्रमुखसँग राखें। उहाँले कुनै त्यस्तो काम आयो भने र कुनै पदको लागि बिज्ञापन खुल्यो भने खबर गर्छौं भन्नुभयो। केहि महिनापछि मलाई संस्थाबाट कल आयो। मैले सामाजिक परिचालक (पियर एजुकेटर) को रुपमा काम गर्नुपर्ने रहेछ। म पाँचथरबाट तराई झरें। त्यतै कोठा भाडा लिएर बस्न थालें। त्यसबेला हप्ताको १ दिन मात्रै काम गर्नको लागि अफिस जानुपर्थ्यो।

कहिलेकाहीं अफिसमा कार्यक्रमहरू गर्ने गरिन्थ्यो। कार्यक्रमपछि खाजा खाएर हामी फिल्ड भिजिट गर्न जान्थ्यौं। फिल्डमा एलजिबिटि, एचआइभी/एड्स बारेमा जानकारी दिन्थ्यौँ। एलजिबिटिबारे कुरा गर्दा मान्छेले हामीलाई नराम्रो दृष्टिकोणले हेर्थे। मान्छेहरूसँग कुरा गर्न गाह्रो पनि हुन्थ्यो। काम गर्दै जाँदा अरु साथीहरू भेट्ने क्रम रहीरह्यो। चुनौती र समस्याहरू भए पनि त्यसरी काम गर्न रमाइलो लाग्थ्यो मलाई। मैले एकवर्ष सामाजिक परिचालकको रुपमा काम गरें। त्यसपछि कार्यालय सहयोगीको रुपमा काम गर्न थालें। कार्यालय सहयोगीको भूमिकामा काम गर्दा पहिलेजस्तो फिल्ड जानु पर्दैनथ्यो।

काम गर्दै जाँदा मैले एलजिबिटि बारेमा धेरै कुराहरू थाहा पाउदै

गएँ । बेलाबेलामा विभिन्न तालिम र कार्यक्रमहरूमा संस्थाका साथीहरू काठमाडौँ जाने गर्थे । उनीहरूलाई संस्थाले नै पठाउँथ्यो । तर म चाहिँ सँधै अफिसमै बस्नुपर्थ्यो । कहीँ जान नपाउँदा मलाई खल्लो पनि लाग्थ्यो । म पनि त्यसरी तालिम र कार्यक्रमहरूमा जान पाए अझ कति कुरा सिक्थे भन्ने लागेर मन खिस्रिक्क हुन्थ्यो । काठमाडौँमा रहेको निल हिरा समाजले प्रत्येक वर्ष गाईजात्रा कार्यक्रम गर्ने गर्दोरहेछ । त्यही अवसरमा म पनि एकपल्ट काठमाडौँ जान पाए । गाइजात्रा कार्यक्रममा इशान रेग्मीसँग भेट भयो । हामीबीचमा कुराकानी भयो । मैले उहाँसँग आफ्नो कुरा राखें । उहाँले मलाई एक खालको काउन्सेलिङ नै गर्नुभयो । उहाँसँगको त्यो कुराकानीमा मैले म अन्तरलिङ्गीव्यक्ति भएको कुरा थाहा पाएँ ।

हुन त मलाई पहिले पनि मान्छेहरूले चेकअप गर्नु, के भएको हो भनेर थाहा हुन्छ भनेर भन्ने गर्थे । यसो सोचे, केही बिमारी थिएन मलाई । कतै दुख्दैन थियो ।  प्राकृतिक रुपमा आफै महिनावारी हुनुपर्ने हो, भएन । त्यसमा के भनेर जँचाउन जानू ? भन्ने लागेर मैले खासै ध्यान दिइन । मेरो परिवारले नि कतै जँचाउन लानेबारे कहिल्यै कुरा गरेनन् । तर के भएर यस्तो भएको हो भन्ने खुल्दुली मभित्र छँदैथियो । जब म दमकमा काम गर्न थाले, त्यहाँ एकजना महिला डाक्टर हुनुहुँदोरहेछ भन्ने कुरा थाहा पाएँ । त्यसपछि एकफेर सोधीहालूँ न भन्ने लागेर म उहाँकोमा गएँ । त्यहाँ मेरो पाठेघरको भिडियो एक्स-रे गरेर हेरियो । डाक्टरले “तपाईको पाठेघर हुनुपर्ने भन्दा धेरै सानो छ । पाठेघर पूर्ण रुपले विकास नभएको भएर महिनावारी नभएको हो” भन्नुभयो । त्यत्ति कुरा थाहा पाएर म फर्किएँ । तर त्यस्तो अवस्था भएको व्यक्तिलाई के भन्ने ? मेरो पहिचान के हो ? मेरो पाठेघर सानो हुनुले मेरो यौनिक पहिचानलाई नै निर्धारण गर्छ भन्ने कुराबारे म अनभिज्ञ थिएँ । इशानजीसँगको भेटवार्ताबाट बल्ल मेरो पहिचान पत्ता लाग्यो ।

यसो सोचेँ- एलजीबिटिको लागि काम गर्ने संस्थामै काम गरिरहँदा पनि मैले आफ्नो पहिचानबारे जान्ने र बुझ्ने अवसर किन पाइनँ । मजस्ता अन्तरलिङ्गीव्यक्तिहरूले आफ्नो बारेमा, आफू के हुँ ? को हुँ ? भनेर थाहा पाउन पनि कत्ति गाह्रो रहेछ । एलजिबिटिभित्र रहेको विविधताभित्रै म पनि पर्छु भन्ने कुरा त धेरैले भने । तर सायद अन्तरलिङ्गीविविध पहिचानबारेमा मैले काम गरेको संस्था र संस्थामा कार्यरत मानिसहरू त्यसबेलासम्म पूर्ण रुपमा जानकार थिएनन् कि ? भन्ने लाग्यो । जे भएपनि मैले आफ्नो यौनिक विशेषताको पहिचान थाहा पाएकैमा खुशी थिएँ । त्यही संस्थामै बसेर काम गर्ने मेरो रुचि कत्ति पनि कम भएको थिएन ।

सन् २०१९ को एक दिन, म अफिसबाट घर फर्कदै थिएँ । म दुर्घटनामा परेँ । मेरो एउटा खुट्टा भाँचियो । म उपचारको क्रममा आराम गर्दै घरमा बसें । केही समयपछि मैले खुट्टा टेक्न र हिडडुल गर्न थालें । म अफिस गएँ । अफिसले पनि निको भएपछि आउनू भनेको थियो । जब म त्यहाँ पुगे, त्यसपछि मलाई 'अब तिमीले काम गर्न सक्दैनौँ' भनियो । मलाई चाहिँ 'म काम गर्न सक्छु' भन्ने नै लागिरहेको थियो । पहिलेभन्दा ममा धेरै आत्मविश्वास र केही कार्य अनुभव पनि त थियो । त्यसैले म झन् पहिलेभन्दा राम्रोसँग काम गर्न सक्छु भन्ने लागेको थियो । तर मेरो सोचविपरित, मैले ८ वर्ष काम गरेको संस्थाले मलाई 'काम गर्न सक्दैनौ' भनेर निकालीदियो ।

त्यसपछि मैले सिलाइको तालिम लिएँ । तालिम लिएर आफैले एउटा टेलरिङ पसल खोलें । त्यही पसलबाट अहिले आफ्नो गुजारा चलाइरहेको छु । अहिले ८४ वर्षको मेरो आमा र म सुखदुःख बस्दै छौँ ।

# आशा

*– शुशिला कटुवाल*

मेरो जन्म वि.सं. २०३६ सालमा पाँचथर जिल्लामा एक किसान परिवारमा भएको हो । एक दाजु, एक भाइ, बहिनी र म गरेर हामी हाम्रो आमबुवाको ४ जना सन्तान हौँ । हामीबाहेक आमाबुवाका केहि बच्चा जन्मदै खेर गएका थिए रे ।

मेरो बाल्यकाल सामान्य रह्यो । परिवारको पहिलो छोरी भएकोले होला कि ! हाँसखेल गर्ने, रमाउने समय र वातावरण नै थिएन । घरधन्दा गर्ने, गाईबस्तु चराउने, घाँसदाउरा गर्नेलगायतका काममै समय बित्थ्यो । घरको पहिलो सन्तान दाजु, म ९ बर्षको हुँदासम्म घरमा हुनुहुन्थ्यो । त्यसपछि घरबाहिर कता कता जानुहुन्थ्यो । बेलाबेलामा मात्रै घर आउनुहुन्थ्यो । घरको कामकाजको लागि उहाँको भर पर्ने कुरै हुन्थेन । म भन्दामुनिका भाइ र बहिनी अलिक सानै थिए । काम गर्न सक्ने दाइ नहुँदा म काममा पेलिएँ । आमा पनि काममै व्यस्त हुँदा भाइ बहिनीलाई पनि मैले हेर्नुपर्थ्यो । उनीहरूको सरसफाईमा ध्यान दिने, लड्लान्, भोकाउलान् भन्नेतिर ध्यान दिने गर्थें । म त बालखमै आमाजस्तो भएँ । म आफै पनि बेलाबेला बिमार परिरहन्थें । म बारम्बार बिमार परिरहेपछि आमाले मलाई ‘रोगी बच्चा’ भन्नुभएको थियो ।

भाइ र बहिनी स्कूल जान थाले । म घरधन्दा र खेतबारीकै काममा व्यस्त थिएँ । भाइ बहिनी स्कूल जान थालेपछि मलाई पनि आमाबुवाले स्कूल पठाउनुभयो । बहिनी र म सँगै २ कक्षामा पढ्न थाल्यौँ । बहिनी परीक्षामा

पास भयो र ३ कक्षामा गयो। म पास भइनँ, उही २ कक्षामै फेरी दोहोर्याउनुपर्ने भयो। आफूभन्दा स-साना भाइबहिनीहरू भन्दा सानो कक्षामा पढ्न लाज लाग्यो। अनि म स्कूल गइनँ। बालखा बेलाको बुद्धि ! त्यत्तिकै मैले पढाई छाडें। त्यसबेला मलाई पढ्नुपर्छ भन्ने पनि कोही भएनन्। बरू घरमै काम सघाउदा घरको कामकाज सकिन्थ्यो र आमाबुवालाई केही भरथेग पनि मिल्थ्यो। त्यसैले होला म पढ्दिन भन्दा कसैलाई नराम्रो लागेन। घरकै कामकाज गर्दै म हुर्किंदै थिएँ।

मेरो उमेर बढ्दै गयो। म सँगैका सबै साथीहरूको महिनावारी पनि शुरु भयो। मेरो चाहिँ भएन। साथीसँगीहरूको बिहे पनि हुन थाल्यो। उनीहरूको घरजम भएसँगै मेरो घरपरिवारलाई पनि मेरो बिहेको चिन्ता लाग्न थाल्यो। तर मभन्दा पहिला दाइको बिहे गर्नु थियो। भनेजस्तै दाइले बिहे गर्नुभयो। बिहे गर्नुभएको ४ महिनापछि उहाँ आफ्नो परिवार लिएर छुट्टिनुभयो। दाइको बिहेपछि मेरो पालो आयो। जब मेरो बिहेको कुरा चल्न थाल्यो, तब मेरो महिनावारी नहुने कुराबारे धेरैथरीको भनाइ र विचारहरू आउन थाले। मेरो बिहेको प्रस्ताव आयो। त्यसरी प्रस्ताव आउँदा त्यसबेला केही खुशी त लागेको थियो। तर बिहे गरेर श्रीमान्सँग जान्छु, आफ्नै एउटा बेग्लै घरपरिवार बसाउँछु भन्ने मेरो रुचि थिएन। बिहे गर्ने मेरो सपना थिएन।

आमाबुवाको पनि मेरो महिनावारी नहुने कुरालाई लुकाएर बिहे गरिदिनु राम्रो होइन भन्ने इमान्दार सोच थियो। उहाँहरूलाई चिन्ता थियो, 'बिहेपछि छोरीको बारेमा थाहा पाएपछि उसको घरकाहरूले हेला गर्छन्, घर गरिखान नसक्ला र माइती नै फर्केर आउनुपर्ला'। त्यसैले उहाँहरूले मेरो बिहे गरिदिनुभन्दा पनि मेरो बारेमा साँचो बताउनु उचित ठान्नुभयो। मलाई माग्न आउनेहरूलाई साँचो कुरा बताइदिनुहुन्थ्यो। त्यसपछि त मेरो महिनावारी नहुने कुरा एक कान दुई कान हुँदै सबैको कानकानमा पुग्यो। त्यसपछि मेरो बिहेको लागि प्रस्ताव आएन। सबैलाई लाग्यो होला, म बिहेको लायक छैन।

मलाई पनि बिहे गर्ने कुरामा आकर्षण थिएन। आफ्नै आमाबुवा, दाइ, भाइ र बहिनीसँगै सँधै बस्न पाउँ भन्ने लाग्थ्यो। म जे जस्तो भएपनि हामी आमा, बुवा, भाइ, बहिनी सामान्य रुपले दिन काट्दै थियौँ।

खुशीको कुरा दाइको बिहेपछि भाइको पनि बिहे भयो। भाइको पनि परिवार बसेकोमा म निकै खुशी भएको थिएँ। केही महिना हामी सबैजना सँगै मिलेरै बस्यौँ। समय बित्दै जाँदा बुहारीको मप्रतिको व्यवहार र सोच बद्लिदै जान थालेको पाएँ। त्यो घर त जे भनेनि उनीहरूकै थियो, रहीरहनेछ। त्यसमा मैले हक दाबी गर्न खोजेको हैन। म त परिवारको अनि घरको एक सदस्यको स्थान मात्रै चाहन्थें र चाहन्छु। तर म त्यहाँ पराइजस्तो हुन पुगें। त्यो मेरो घर होइन, मेरो माइतीको घर हो भन्ने कुरा प्रमुख हुनथाल्यो। म त्यहाँ उनीहरूको अनुकूल र उनीहरूले चाहेजसरी बस्नुपर्ने हुन थाल्यो।

बहिनीको पनि धनकुटामा बिहे भयो। उसको आफ्नै घरपरिवार भयो। बालबच्चाहरू भए। उसले आफ्नो भागभोग गरेर खान थाल्यो। घरमा आमा, बुवा, भाइ, बुहारी र म भयौँ। सबैको लागि त्यो घरमा ठाउँ थियो। तैपनि म आँखाको कसींगार झैँ बन्न पुगेँ। म किन यत्ति अभागी परेछु भन्ने सोचेर दिक्क लाग्थ्यो। २०५९ सालतिर हामी पाँचथरबाट मोरङ झर्यौं, बसाइ सरेर। मोरङ झरेपछि पनि हाम्रो दिनचर्या उस्तै रह्यो। मप्रतिको बुहारीको हेर्ने नजर र मलाई गर्ने व्यवहार सुध्रिएन। बरू मप्रतिको व्यवहार अझ नराम्रो बन्दै गयो।

पैसा कमाउने दरिलो स्रोत केही थिएन हामीसँग। आम्दानीको दाँजोमा परिवार ठूलै भयो। आमाबावु बिस्तारै बलको काम गर्न नसक्ने हुँदै जानुभयो। उहाँहरूको हेरचाह गर्ने जिम्मा पनि भाइकै थाप्लोमा आयो। कमाउन र परिवार धान्नको लागि भाइ वैदेशिक रोजगारीमा गयो। भाइ कमाउन गएपछि हाम्रो घरको आर्थिक अवस्थामा के कस्तो सहयोग भयो त्यो त मलाई थाहा भएन। किनकी मलाई घरव्यवहारबारे केही पनि थाहा हुदैनथियो। तर मेरो अवस्था भने अझ बिग्रियो।

२०७१ साल जेठको एक दिन म कहिले भुल्न सक्दिनँ । त्यो एउटा भयानक कालो दिन थियो, मेरो जिन्दगीको । त्यही दिनदेखि मैले घरको भान्सामा पस्न नपाउने भएको थिएँ । त्यही दिनदेखि बुहारीले मैले छोएको पानी र खाना नखाने निर्णय गरेको थियो । मलाई साह्रै नमज्जा लाग्यो । आमासँग मैले दुखेसो पोखें । त्यसो नगरे हुने भन्ने भावले आफ्ना कुराहरू राखें । आमाबुवाले बुहारीलाई केही भन्नुभएन । उल्टै मलाई सम्झाउनुभयो । मैले नै सबै बुझेर सम्झौता गर्नुपर्ने भयो, गरें । त्यसबेला मलाई लाग्यो, म आफ्नै घरपरिवारमा, आफ्नो आमाबुवासँगै बसीरहँदा पनि कत्ति एक्लो रहेछु !

त्यो दिनदेखि भातभान्साको कामबाट म मुक्त भएँ । भान्साकोठासँग टाढिए । बाहिरै बसेरै खाना खान थालें । पहिले पहिले कथित तल्लो जातका भनिनेहरूलाई घरबाहिरै बसालेर खाना दिएजसरी बसेर खान थालें । म आफैलाई 'पानी नचल्ने' जातमा राखिएझैँ महशुश गरेँ । मैले जे महशुश गरेपनि मसँग कुनै उपाय थिएन । जतिबेला दिन्छन्, त्यत्तिबेला खान थालें । जस्तो र जति दिन्छन् त्यस्तै खान थालें । नदिए पनि हकले मागेर खाने हैसियत मेरो रहेन । भोक लागेपनि मन बाँधेर बस्नुपर्ने भयो । मलाई कहिलेकाहीँ आफैले पकाएर खान मन लाग्थ्यो । अहिलेपनि लाग्छ । कहिलेकाहीँ उनीहरूलाई पकाएर खुवाउन पाए पनि हुने भन्ने पनि लाग्छ । कहिलेकाहीँ उनीहरूले पनि समयमा पकाउन भ्याउदैनन् । तैपनि उनीहरूले कहिले जुटाउलान्, पकाउलान् अनि देलान् र खाम्ला भनेर म कुरेर खाने गरेको छु । मलाई आफ्नै त्यस्तो अवस्थासँग असाध्यै दुःख लाग्छ । आमाबुवा साथ हुञ्जेलसम्म जसोतसो दुईछाक खान र एक ओछयान् सुत्न पाइएला, त्यसपछि के होला भनेर आफ्नै पीर पनि लाग्ने गर्छ । उमेरको यो पडावमा घरपरिवारबाट साथ र स्नेहको साटो यस्तो भेदभाव भोग्नु पर्दा आफ्नै कर्म त्यस्तो रहेछ भन्ने लाग्छ ।

वर्षमा दुई छेक म खेताला जान्छु। धान लगाउने छेक र धान काट्ने छेक। खेताला गएर पाएको पैसाले म आफ्नो लागि लुगाफाटो, जुत्ता चप्पल, केही श्रृंगारका सामान- चुरा, टीकाहरू किन्ने गर्छु। कतै जानुपर्दा गाडी भाडा, खाजा खर्च टार्ने गर्छु। खेताला जानु नपरेको बेलामा घरमा मैले छोएको नचल्ने भएपछि गाइबस्तु चराउन जान्छु। साँझमा नजिकैको मन्दिरमा भजन गाउने गरिन्छ। त्यही गएर भजन सुन्छु, मन भुलाउँछु।

२०७९ असारमा भाइ बिदेशबाट फर्कियो। हामी दिदीभाइबीच बोलचाल भएन। मैले आफ्नो अवस्थाबारेमा कुराकानी गर्नको लागि समाजका केही मान्छेहरू भेला गरें। घरका सबैजनाको मप्रतिको व्यवहारबारे सबैका सामु आफ्नो कुरा राखें। मैले भात पकाउन नहुने, खाना पकाउन नहुने, भाँडाकुँडा छुन नहुने, मैले पानी थापेको खान नहुने किन हो ? भनेर प्रश्न सोधें। तर समाजको अगाडि त्यस्तो होइन, हामीले सबै खान्छौँ भनेर उनीहरूले आफ्नो कुरा राखें। उल्टै मलाई नै झूटो बोलेको भन्ने पारे। उनीहरूमाथि आरोप लगाएझैँ मलाई नै गाल पारे। मैले 'भाइ पनि मसँग बोल्दैन' भन्दा उनीहरूले समाजको अगाडी हामी सबै बोल्छौँ भने। 'नबोलेको भए आजदेखि बोल्ने, मिलेर बस्नू' भनेर समाजले पनि कुरा टुङ्ग्याइदियो। बाँकी मेरा कुराहरूलाई त्यत्तिकै बेवास्ता गरियो। तर कम्तीमा बिहे नगरीकन माइतीमै बसेको छोरीचेलीलाई 'किन हेला गरेको ?' भनेर सोध्ने बाटो त छ। मैले बिहे गरेर गएको भए सायद बच्चा जन्माउन नसक्दा सौता ल्याइन्थ्यो र त्यहाँबाट म बेघरबार पारिइन्थे। मेरो जाने ठाउँ कहाँ हुन्थ्यो र त्योबेला ? फेरी माइतीमै फर्केर आउने त थिएँहूला ? त्यस्तो भइदिएको भए त्यत्ति भन्ने बाटो नि हुन्थेन होला। त्यसैले म आशाबादी थिएँ।

मलाई आशा थियो, त्यो दिनदेखि हाम्रो सम्बन्ध केही त सुध्रिनेछ भनेर। म घरमा पहिलेजसरी बस्न पाउँछु होला भन्ने सोचेको थिएँ। तर मैले आश गरेजस्तो केही भएन। न उनीहरू मसँग बोलचाल गर्न आए। न मैले बोलाउँदा उनीहरू बोलें। न मैले भान्सामा पस्न पाउने भएँ, न मैले पकाएर खान र खुवाउन नै सक्ने भएँ। स्थिति जस्ताको तस्तै रह्यो। मेरो वास्तविकता गाउँ, छरछिमेकलाई थाहा नभएको पनि होइन। तर पनि कसैले केही गर्न सक्ने पनि होइन रहेछ। जे गर्ने हो हामी घरपरिवारकै मान्छेले गर्ने हो रैछ। घरपरिवारले मलाई नअपनाएपछि अहिलेसम्म सम्बन्धमा कुनै सुधार आएको छैन। मैले आफ्नो सम्पूर्ण ठानेको मेरो घरमा मैले फेरी कहिले खुलेर जिउन पाउछु होला ? के फेरी कहिले त्यस्तो दिन आउदैन ? एकमुठ्ठी सास यो ज्यानमा रहुञ्जेलसम्म आश रहन्छ- त्यो दिन पक्कै आउनेछ।

# सन्तानसँगै हुर्कँदा...

*– मदन प्रसाद कुर्मी*

म एक निम्न आर्थिक स्थिति भएको अति सामान्य श्रमजीवी मान्छे हुँ। चार सन्तान, श्रीमती र म खेतीपाती र ज्याला मजदुरी गरेरै जीविकोपार्जन गर्दै आइरहेका छौँ। म यहाँ मेरो दोस्रो सन्तानसँगको जीवन भोगाई र सहयात्राबारे केही कुरा राख्छु।

२०६३ साल माघ १ गतेको दिन थियो, म चिम्नी भट्टामा काम गरीरहेको थिएँ। घरबाट फोन आयो। फोनमा छोरा जन्मेको शुभ समचार सुनेँ। म एकदम खुशी भएँ। साथीहरूले केको खुशी हो ? भन्दै सोधे। म दंग पर्दै 'मेरो छोरा भएछ' भनेँ। साथीहरूले खुशीयालीमा भोज खुवाउनुपर्ने माग गरे। म लड्डु किन्न गएँ। अनि त्यो दिन साथीहरूलाई भोज पनि खुवाएँ। मेरो खुशीको समयलाई हामी सबै साथीहरू मिलेर झनै रमाइलो र सुखद बनायौँ।

छोरा जन्मेको चौथो दिनमा श्रीमतिको फोन आयो। उनले केही आत्तिएको स्वरमा मलाई छिटो आउनु बाबु धेरै बिरामी भयो भनिन्। श्रीमती उनकै माइतीमा थिइन बाबुसँग। म फोन आएको भोलिपल्टै ससुराली घर पुगेँ। बाबुलाई हेरेँ, बाबु एकदम ठिक थियो। बाबुलाई तेल घस्ने बेलामा तेल घस्ने दिदीले यो बच्चाको त दुबै यौनांग छ भनेर भन्नुभएपछि श्रीमती एक्कासी आत्तिएकी रहेछिन्। हो, हाम्रो छोरा दुबै यौनांग लिएर जन्मिएको रहेछ। अब के गर्ने त ? हामीलाई केही थाहा थिएन। त्यस्तो कुरा कहीँ कतै हामीले देखेका र सुनेकै थिएनौँ। गाउँघरमा पनि त्यसबारे कसैलाई थाहै थिएन।

हामीले छोरालाई जँचाउनको लागि भारतको रक्सौलस्थित डंकन अस्पताल लिएर गयौँ। डाक्टरले चेक जाँच गरेपछि त्यहाँ इलाज हुन नसक्ने र बच्चा एक बर्ष पुगेपछि पटना लिएर जानु भन्यो। हामी ज्याला मजदुरी गरेर खाने मान्छे। पटना लिएर जाने खर्चबारेमा मेरो पहिलो चासो रह्यो। डाक्टरले १ देखि डेढ लाखसम्म लाग्ने जानकारी पनि दिए। उनले फेरी दोहोर्याएर भने, 'अहिले नजानुस्, एकवर्षपछि मात्रै जानुस्' । हामी घर फर्कियौँ। बाबुको स्वास्थ्य स्थिति एकदम ठीक थियो। कुनै समस्या भने थिएन।

मेरो आमाले त्यस्तो बच्चा जन्मियो भनेपछि ९ दिनसम्म बाबुको मुखै हेर्नुभएन, कतै ऊ नबाँच्ला कि भनेर। हेरेपछि माया लाग्छ, पछि गाह्रो होला भनेर आमाले त्यत्तिञ्जेलसम्म आफूलाई रोक्नुभयो । दशौँ दिनमा भने आमाले खानेकुरा, कपडाहरू लिएर बुहारी र नाती भेट्न जानुभयो । हाम्रो चलनअनुसार आमाले मेरो ससुरालीमा जान मिल्दैनथियो । त्यसैले बुहारी र नातीलाई ससुराली घर नजिकै बोलाएर भेट्नुभयो । बाबुलाई काखमा लिनुभयो । हेर्नुभयो । अनि हामीलाई भन्नुभयो, 'अब यो बच्चा यस्तो जन्मियो। बच्चाको राम्रोसित इलाज गर। बरू आफ्नो फूलबारी (बगैचा) बेचिदेउ तर बाबुको इलाज राम्रोसँग गर' । मैले उहाँलाई एक वर्षपछि मात्रै इलाज हुनसक्ने कुरा बताएँ।

हामी ससुरालीबाट आफ्नै घर फर्कियौँ। बच्चा र आमा देखेपछि सबैले सोधखोज गरे। छरछिमेकीहरूले वास्तविकता थाहा पाएपछि 'रोगी', 'राक्षस' भनेर बाबुलाई भन्न थाले। आसपासकाहरूले 'ए, त्यस्तो पो जन्मेछ, उस्तो पो जन्मेछ' भनेर कुरा काट्न थाले। एकदिन हाम्री ठूली छोरी भाइलाई बोकेर छिमेकीको घरमा गएछ। छिमेकीले छोरीलाई 'यो सरुवा रोग जस्तै हो रे, मेरो सन्तान पनि जन्मेपछि यस्तै हुन्छ, मेरो घरमा यस्तो बच्चा लिएर नआउ' भनेर पठाएछ। त्यसपछि छोरीलाई भाइ बोकेर एता-उता नजानु भन्यौँ।

एकदिन, गाउँका चार-पाँच जना बुढापाकाहरूले मलाई भने, ‘यो बच्चा राक्षस हो। यसलाई मारिदेउ’। उनीहरूले कसरी त्यस्तो भन्न सके कुन्नी ?! जे जस्तो भएपनि बाबु हाम्रो सन्तान नै हो। उनीहरूले त्यसो भनेपछि त झन् मलाई बाबुको धेरै माया लाग्यो। मैले उनीहरूलाई ‘जे भयो, भयो, जस्तो भएनी मेरो हो, तपाईको के भएको छ र ? मेरो बाबुलाई म पाल्छु’ भने। त्यसपछि त अरूहरूलाई बाबुको बारेमा बताउनु पनि डर लाग्न थाल्यो। कतै केही नराम्रो भन्देलान् भनेर मैले बाबुको बारेमा कसैसँग केही नभन्ने मनसाय बनाएँ। तर बाबुको जन्मजात अवस्थालाई कसरी सुधार्न सकिएला भन्ने पनि उत्तिकै चिन्ताको कुरा थियो। म कुनै न कुनै उपायको खोजीमा थिएँ।

मेरो साथी प्रभु प्रसाद यादव एउटा स्कुलमा पियनको जागिर गर्थे त्यसबेला। उनीसँग मैले बाबुकोबारेमा आफ्नो समस्या राखेँ। उनले स्कुलको शिक्षक राकेश पाण्डेसँग मेरो समस्याबारे कुरा राखेछन्। राकेश पाण्डे एकदिन पत्रकार सुदिप अर्यालसँग मेरो घर आइपुगे। मेरो बाबुको फोटो खिचेर लगे। त्यसको केही दिनमा मैले मेरो बाबुको बारेमा पत्रिकामा समाचार छापिएको बारे थाहा पाएँ। म कलैया पुगे पत्रिका किनेर हेर्नलाई। मलाई थाहै नदिइकन बाबुको फोटो पत्रिकामा छापिएछ। पत्रिकामा छापिन्छ भनेको भए म फोटो खिच्न नै दिन्नथेँ। अरूहरूको अनेक अनेक वचनहरू झेल्नुभन्दा म आफ्नो बाबुबारे जतिसक्दो कुरा आफैभित्र राख्न चाहन्थे। तर पत्रिकामै छापिएपछि त मेरो बसमा केही रहेन।

एकदिन, मलाई जनकपुरबाट फोन आयो। फोन गर्ने मान्छे प्रदिप प्रसाद यादव रहेछन्। उनी बाबुलाई हेर्न घर आए। उनलाई काठमाडौँबाट सुनिलबाबु पन्तले पठाएका रहेछन्। पन्तले पत्रिकामा बाबुको बारेमा देखेपछि जनकपुरमा बसेर काम गर्ने यादवलाई कुरा बुझ्न अह्राएका रहेछन्। सुनिलबाबु पन्त त्यत्तिबेला नेपालका लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूको अधिकार अभियानका नेता रहेछन् र प्रदिप यादब चाहिँ जनकपुरमा बसेर

त्यही अभियानमा काम गर्दा रहेछन् । प्रदिप यादवले बाबुको फोटो खिचेर लगे । केही दिनपछि प्रदिप यादबले फोन गरेर सोधे, ‘मदन दाइ तपाई काठमाडौँ आउन सक्नु हुन्छ ?’ । मैले भनेँ, ‘म आउँन सक्छु । तर म यता-उता घुम्न सक्दिनँ, गौशाला भन्ने ठाउँसम्म चाहिँ आइपुग्छु’ । किनकी मलाई काठमाडौँबारे केही थाहा थिएन । गाडीले ओराल्ने र चढाउने ठाउँबाहेक अरू ठाउँबारे मलाई केही ज्ञान थिएन ।

मेरी श्रीमती र ५ महिनाको बाबुलाई लिएर म काठमाडौँ गएँ । काठमाडौँको गौशाला पुगेर प्रदिप यादवलाई फोन गरें । उनी आफै लिन आए गौशालामा र सुनिलबाबु पन्तसँग भेट्न लिएर गए । सुनील दाइले हामीलाई टेकु हस्पिटलमा लग्नु भयो । त्यहाँ बाबुको केस लिन मानेनन् । अरू अस्पतालमा पनि उहाँले फोन सम्पर्क गर्नुभयो । त्यहाँ पनि कसैले बाबुको केस लिएनन् । अन्तिममा बि.एण्ड.बि अस्पताल गयौँ । डाक्टर जगदीस लाल बैद्यले बाबुलाई हेर्नुभयो । उहाँले आफ्नो क्लिनिकमा बोलाउनुभयो । हामी दिनको २ बजे उहाँको प्राइभेट क्लिनिकमा पुग्यौं । उहाँले बाबुको सामान्य जाँच गरेपछि भोलिपल्ट बिहान ६ बजेदेखि बाबुलाई केहि नखुवाउनु र १० बजे मेरो क्लिनिकमा आउनुस् भनेर हामीलाई फर्काइदिनुभयो । डाक्टरले भनेझैँ भोलिपल्ट हामी १० बजे उहाँको क्लिनिक पुग्यौं । बाबु भोकले रुँदै थियो । बिहान ६ बजेदेखि भोकै राखेर बच्चालाई २ बजे जँचाउनको लागि लगियो । साँझ ७ बजे बच्चा मेरो हातमा ल्याएर थमाइदिए । बच्चा रोइ नै राखेको थियो । डाक्टरले फेरिपनि ‘दुध नखुवाउनुस रुन दिनुस्’ भन्नुभयो । खै त्यो कस्तो खालको उपचारको तरिका थियो कुन्नी ?

साढे ७ बजेतिर श्रीमतीले बाबुलाई दुध चुसायो । बाबुलाई दुध चुस्न गाह्रो परिरहेको थियो । दुध चुस्न छाडेर ह्वाँ ह्वाँ रोइरहेको थियो । के भएको हो यस्तो, बाबुले दुध नचुसेर रून्छ मात्रै भनेर मैले डाक्टरलाई सोधेँ । उहाँले

फेरीपनि दुध नखुवाउने सल्लाह नै दिनुभयो। तर श्रीमतिको मनै मानेन। उनले बाबुलाई दुध चुसाइन्। केही समयपछि त बच्चाले पनि राम्रोसँग दुध चुस्यो।

बाबुको उपचारको बेला सुनील दाइ र प्रदिप यादव पनि हामीसँगै रहनुभयो। त्यहाँ हामीलाई थाहा भयो कि हाम्रो बाबु छोरा र छोरी दुबै हो। उसको जति भाग पुरुषको छ त्यत्ति नै महिलाको पनि छ। उसको पाठेघर र अण्डाकोष दुबै छ। अण्डाकोषको दायाँपट्टिको भाग बाहिर र बायाँपट्टिको भाग चाहिँ माथि पेटमा छ। त्यसको अप्रेसन गर्न सकिने तर डाक्टरले चार वर्षपछि बच्चालाई ल्याउनु भन्नुभयो। अप्रेसनको लागि खर्च के कसो होला भनेर मैले सोधेँ। ५ लाख अप्रेसन खर्च, ३ तीन लाख क्रोमोजोम टेस्ट र २ लाख अरू उपचार खर्च, जम्माजम्मी १० लाखको अनुमानित लागत डाक्टरले दिनुभयो। क्रोमोजोम टेस्ट थाईल्याण्डबाट गरेर ल्याउनुपर्ने भएकोले खर्चिलो हुने कुरा पनि उहाँले बताउनुभयो।

१० लाख लिएर ४ वर्षपछि बच्चालाई अप्रेसनको लागि लिएर आउने डाक्टरको कुरा सुनेपछि सुनील दाइले सोध्नुभयो, ‘अप्रेसन गर्नको लागि तपाईसँग लाइसेन्स छ ?’। डाक्टरले, ‘यस्तो बच्चा नेपालमा जन्मेकै छैन त लाइसेन्स कहाँबाट आउँछ ? तपाई लाइसेन्स उपलब्ध गराई दिन सक्नुहुन्छ भने म मेरो चार्ज फ्री गर्दिन्छु’। सुनिल दाइले लाइसेन्स उपलब्ध गराईदिउला भन्ने तत्कालिक जवाफ दिनुभएसँगै हामी त्यहाँबाट निस्कयौँ।

सुनिल दाइले अस्पतालमै मलाई अरु केहि समस्या छ भनेर पनि सोध्नुभयो। उहाँको प्रश्न सुन्नासाथ मेरो दिमागमा बाबुको जन्म दर्ता नपाएको याद आयो। मैले उहाँलाई त्यही कुरा बताएँ। म बाबुको जन्म दर्ता बनाउन गाविस कार्यलय गएँ। त्यहाँ आवश्यक विवरण सोधियो। मैले बताउदै गएँ- ‘बच्चाको नाम ?’, ‘मन्दिप कुमार पटेल’, ‘छोरा कि छोरी ?’, ‘दुबै’। मेरो जवाफ सुनेर मलाई प्रश्न सोध्ने कर्मचारी रन्थनियो। उसले झोक्किदै भन्यो, ‘कि महिला भनेर बनाउ कि पुरुष भनेर। दुबै भनेर बनाउन मिल्दैन’। मैले

उनलाई डाक्टरले पुष्टि गरेको र आफ्नै आँखाले देखेकै कुरा भनेपनि मेरो कुराको सुनुवाइ भएन। म खाली हात फर्किएँ।

कलैयामा बारा जिल्लाभरिका सचिवहरूको तालिम हुँदैछ भन्ने कुरा मैले थाहा पाएँ। मैले त्यही ठाउँमा गएर एउटा निवेदन लेखेँ, 'जन्म दर्ता पाउँ भन्नेबारे'। निवेदन दर्ता गराएर निवेदन बुझाएँ। बुझाउनुअघि त्यसको फोटोकपी आफूसँग राखेँ। त्यहाँ पनि मलाई बाबुको जन्म दर्ता हुन सक्दैन भनियो। त्यसपछि म जिल्ला विकास कार्यालय पुगेँ। त्यहाँ निवेदन हालेँ। निवेदन दर्ता गरेको ४ महिना बित्यो। त्यत्तिञ्जेलसम्म म बारम्बार त्यहाँ सोधखोज गर्न गइरहेँ। जति पटक गए त्यत्ति नै पटक उनीहरूले हाम्रो बैठक हुन्छ अनि त्यो कुरा हुन्छ भनेर मलाई टारीरहे। यही कुरा सुनिल दाइलाई मैले सबिस्तार भनेँ।

सुनिल दाइले मसँग नागरिकता भए-नभएको निक्यौंल गरेपछि स्थानीय विकास मन्त्रालय जाने सल्लाह दिनुभयो। श्रीमती, आमाबुवा र मेरो नागरिकता लिएरै मैले सबै ठाउँमा धाइरहेको थिएँ। कहिले कहाँ कुद्नुपर्ला भनेर चाहिने कागजागतहरू सबै साथमै राखेर हिड्ने गर्थे। अब स्थानीय विकास मन्त्रालय किन नजाने त ? जान्छु भनेर त्यहाँ पनि गए। त्यो दिन मलाई याद छ, २०६४ साल असार ४ गते स्थानीय बिकास मन्त्रालयमा निवेदन हालें। मन्त्रालयका पञ्जीकरण अधिकारीले त्यहाँ केहि हुन नसक्ने भएकोले भोलि त्यो निवेदन सिंहदरबार पठाउने जानकारी गराए। भोलिपल्ट ५ गतेको दिन म र सुनिल दाइ मेरो बाबुलाई लिएर सिंहदरबार गयौँ। निवेदन दियौँ। ७ गते मन्त्रीमण्डलको बैठक बस्यो। गिरिजा प्रसाद कोइराला त्यो बेलाका प्रधानमन्त्री हुनुहुन्थ्यो। उहाँले हस्ताक्षर गर्नुभएछ। ८ गते सिंहदरबारबाट मलाई एउटा पत्र उपलब्ध भयो। त्यो पत्र मैले स्थानीय बिकास मन्त्रालयमा बुझाउनुपर्ने रहेछ, बुझाएँ। ९ गते स्थानीय बिकास मन्त्रालयले जिल्ला बिकास कार्यालयको नाममा एउटा पत्र लेखेर मलाई थमाइदियो। बाबुको चेकजाँच र जन्मदर्ताको काममा १८ दिन कुदिकुदाउ गरेर हामी घर फर्कियौँ।

मलाई मन्त्रालयले दिएर पठाएको पत्र लिएर जिल्ला विकास कार्यालय गए। त्यो पत्र बुझिलिने कोही भेटिन त्यहाँ। त्यसबेला माओवादीको द्वन्द्वका कारण स्थानीय विकास अधिकारी कार्यालयमा खासै भेटिनुहुन्नथ्यो। उहाँ जिल्ला प्रशासन कार्यलयमै बस्नुहुन्थ्यो। म उहाँलाई भेट्न त्यही पुगे। मैले आफूसँग बोकेको पत्र स्थानीय विकास अधिकारीलाई देखाएँ। उहाँले 'यो पत्र कस्ले लिएर आएको ?' भनेर सोध्नुभयो। मैले नै हो भनेपछि उहाँले 'जिल्ला विकास कार्यलयमा निवदेन नहाली स्थानीय विकास मन्त्रालय जानुभयो ? यो सीडीओ कार्यालय हो जिल्ला विकास कार्यालय होइन' भनेर निहुँ खोज्ने मनसाय प्रकट गर्नुभयो। जिल्ला विकास अधिकारीको त्यस्तो कुराले मलाई पनि रीस उठ्यो। 'जिल्ला विकासलाई निवेदन दिएको ४ महिना भयो। निवेदनको सक्कल जिल्ला विकासकै कार्यालयमा होला। त्यसको फोटोकपी र दर्ता नम्बर यही पत्रसँगै छ। राम्रोसँग हेर्नुहोस्' भनेर मैले आफ्नो विनम्रतालाई तोडेर अलिकति कडा स्वरुपमा प्रस्तुत भएँ।

पत्र र त्यससँगै रहेका कागजातहरू हेर्दै उहाँले 'आम्मा ! यो निवेदन त मेरो टेवलमा कहिल्यै आएको थिएन' भन्नुभयो। साँचो कुरा के थियो जिल्ला विकास कार्यालयका सम्बन्धित अधिकारीहरूलाई नै थाहा होला। उहाँको कुरा सुनेर मेरो मर्न लागेको रीस थाँती रह्यो। मैले पनि थपे, 'तपाईको टेवलमा निवदेन लैजाने को हो ? मैले निवदेन दिने बेलामा सोझै तपाईलाई लगेर निवदेन बुझाउनु भनेको भए म आफै तपाईको टेबलमा निवेदन लिएर आइपुग्थे'। हामीबीचको थोरै असहज संवादपश्चात अन्तिममा मेरो निवेदन पारित भयो। उहाँले ५ नम्बर कोठामा पञ्जीकरण अधिकारीकोमा मलाई जान भन्नुभयो। म त्यहाँ पुगे। पञ्जीकरण अधिकारीले फटाफट गाविसको लागि पत्र तयार गरिदिए। म त्यो पत्र लिएर निस्के।

अब पालो आयो गाउँ विकास समिति (गाविस) कार्यालयको सचिवसँगको लुकामारी। मैले ३ दिनसम्म गाविस सचिवलाई उनैको घर,

गाविस कार्यालयमा भेट्न धाएँ। अहँ, भेट्न सकिनँ। चौथो दिन, म जिल्ला विकास कार्यालयमा गएँ। स्थानीय विकास अधिकारीसँग मैले सबै कुरा राखेँ। उहाँलाई मैले भने, ‘अब म के गरुँ ? सचिवज्यूलाई कहाँ खोजुँ ? मलाई मद्दत गरिदिनुस्’। उहाँले मलाई एकछिन बस्न भन्नुभयो। आफ्नो पियनलाई सोध्नुभयो, ‘बलरामपुर गाविस सचिव को हो ? हेर’, पियनले फाइल हेर्दै भने ‘जितेन्द्र मल्ल’।

उहाँले पियनलाई तुरून्तै फोन गर्न अह्राउनुभयो। तुरून्तै जिल्ला प्रशासन कार्यालयमा आउनु भन्नुभएपछि गाविस सचिवज्यू केही बेरमै आइपुग्नुभयो। सचिव आइपुग्नासाथ स्थानीय विकास अधिकारीले ‘३ दिनदेखि यहाँ मान्छेले खोजीराछ। तिमी कहाँ बस्छौँ ?’ भन्नुभयो। गाविस सचिवले आफ्नै गाविस कार्यालयमा बसेको भनेर निर्धक्कसँगले झूट बोले। मैले उनको कुरामा प्रतिवाद गरेँ। हामीबीचको भनाभनकै बीचमा उनले हतारहतार ‘महिला र पुरुष (तेस्रोलिंगी)’ भनेर जन्मदर्ता बनाइदिए। बाबुको जन्मदर्ता बन्यो भनेर म एकदम मख्ख परें।

एकजना पत्रकारले मलाई बाबुको जन्मदर्ता बारे सोधे। बाबुको जन्मदर्ताको फोटोकपी पनि मागे। भोलिपल्ट पत्रिकामा आयो, महिला र पुरुष दुबै तेस्रोलिंगी बच्चा भनेर। उनै पत्रकारले मलाई भेट्न बोलाए, कलैयामा। भेटमा उनले मलाई जन्मदर्तामा भएको विवरण देखाउने भने, ‘के लेखेको यो ? महिला र पुरूष (तेस्रो लिंगी) ? दुइटा कि तीनटा लिंग छ ?’, मैले एकदम सामान्य रुपमा ‘दुइटा छ’ भने। पत्रकारको प्रश्न चाहिँ त्यसो भए तेस्रोलिंगी किन लेख्यो भन्ने थियो। उनको प्रश्नले मलाई पनि छोयो। त्यसबारेमा मैले विचार गरेको थिइन। तर अब गर्नैपर्छ भन्ने लाग्यो। म फेरी गाविस सचिवकहाँ पुगे। उनलाई भेटेर मैले मेरो बाबु महिला र पुरुष दुबै लिंगी हो, तेस्रोलिंगी होइन भने। त्यसपछि उनैले तेस्रोलिंगी लेखेको जन्मदर्ता च्यातेर नयाँ जन्मदर्ता बनाए- महिला र पुरुष दुबै लिंगी भनेर।

अब कुरा गरौँ, मेरो बाबुको पढाइको । मेरा अरू दुई सन्तान पढिरहेकै स्कूलमा बाबुलाई पनि भर्ना गरिदिएँ। दुई कक्षामा पुग्नेबेलामा स्कूलले पढ्न दिन्न भन्यो । मेरो जेठो छोरा र छोरीलाई किताब, स्कूल ड्रेस दियो । माइलो छोरा अर्थात् बाबुलाई दिएन । मैले हेडमाष्टरलाई किन यस्तो गरेको भनेर सोधेें। उनले मज्जाले 'म दिन्न, यो के हो ? यो न छोरा न छोरी, किन दिने त ?' भन्यो। पढ्नुसँग सरोकार राख्नुपर्ने हो। त्यसमा मेरो बाबुको छोरा र छोरी दुबै हुनु कसरी बाधा बन्यो कुन्नी ? मलाई रीस उठ्यो।

मैले जिल्ला प्रशासन कार्यालयमा निवेदन हाले। त्यही निवेदनको एक-एक प्रति महिला तथा बाल विकास कार्यालय, जिल्ला शिक्षा कार्यालय र मानव अधिकारको जिल्ला कार्यालयमा पनि बुझाएँ। त्यसबेला कृष्ण बहादुर पुस्कर जिल्ला प्रमुख हुनुहुन्थ्यो । मेरो निवेदनमा उहाँले तोक लगाउनुभयो र हेडमाष्टरको नाममा एउटा पत्र तयार पार्न लाउनुभयो- शुक्रबारको दिन भेट्नु भने व्यहोरा भएको। त्यो चिठ्ठी मैले नै लगेर हेडमाष्टरलाई दिएँ। शुक्रबारको दिन म जिल्ला प्रशासन कार्यालय गएँ। जिल्ला प्रमुख अधिकारी त्यो दिन कार्यालयमा हुनुहुन्नथ्यो । सहायक जिल्ला प्रमुखसँग भेटेँ। उहाँले मलाई किन निवेदन हाल्यौ यस्तो राम्रो हेडमाष्टरको विरुद्धमा भनेर उल्टै झपारेर चुप लगाउनुभयो। मैले मेरो छोराको अधिकार मागेको हुँ भनेँ। उहाँले चर्कोगरी 'अधिकार पाउदैन, जाउँ' भन्नुभयो। म चुपचाप निस्के त्यहाँबाट।

म त्यहाँबाट सिधै महिला तथा बाल बिकास कार्यालयमा पुगें । त्यतिबेला हाकिम गीता म्याडम हुनु हुनुहुन्थ्यो । संयोग कस्तो परेछ भने, त्यहीबेला महिला तथा बालबालिका मन्त्रालयको महासचिव त्यहाँ आइपुग्नु भएकोरहेछ । म्याडमले मेरो लागि एउटा निवेदन लेख्न लगाउनुभयो । त्यो निवेदन लिएर म महासचिव भएको ठाउँ  गए। मेरो निवेदन पढेपछि महासचिवले त्यहीबेला 'दुई जोर स्कुलको ड्रेस र एक थान किताब दिनु' भन्नुभयो। म एक सेटको लागि कराई रहेको थिएँ उहाँले दुईसेट पोशाक दिनु

भनिदिनुहुँदा म दंग परेँ। गीता म्याडमले अब तपाई जानुस् भन्नुपर्ने कुरा म भनिदिउँला भन्नुभयो। म काम बन्यो भनेर त्यो दिन ढुक्क भएर घर फर्के।

भोलिपल्ट, फेरि म गीता म्याडमलाई भेट्न उहाँको कार्यालयमा पुगेँ। उहाँले मलाई तपाईलाई काठमाडौँ पठाउनु भनेको छ भन्ने जानकारी दिनुभयो। मसँग एकसुको पैसा थिएन त्यो बेला। भन्नासाथ कसरी काठमाडौँ जानु ? पाँच दिनपछि गीता म्याडमले नै आफ्नै खर्चबाट २५ सय रूपैयाँ मलाई दिनुभयो। म काठमाडौँ हिडेँ। यो पाली भने म एक्लै सिंहदरबार गएँ। त्यहाँ गेटमा गएर मैले आफ्नो नागरिकता देखाएँ। भित्रबाट पास आयो अनि म भित्र गएँ- महिला तथा बालबालिका मन्त्रालयको महासचिवको कोठामा। उहाँले मलाई सहायक सचिवको कोठामा पठाउनुभयो। त्योदिन यसै पर्खाइमै बित्दै थियो। कार्यालय बन्द हुने समयमा मलाई आज केही हुन सकेन भोलि आउनुस् भनेर पठाइयो। साथमा उस्तै परेमा सर्वोच्चमा मुद्दा गर्न सकिन्छ, बरू निल हिरा समाजको कोही साथमा लिएर आउनुस् पनि भनियो।

भोलिपल्ट मैले उहाँहरूले भनेझैँ गरे। निल हिरा समाजको एकजना साथीसँग १२-३ बजेसम्म मन्त्रालयमा कुरेर बस्यौँ। सहसचिवले कुनै ऐन कानून भेटिएन के गर्ने भनेर उल्टै मलाई प्रश्न गर्नुभयो। कुर्दाकुर्दा त्यस्तो जवाफ पाएपछि मलाई पनि रिस उठ्यो। के मेरो बच्चाले पढ्नै पाउदैन त भन्ने सोचेर म आवेसमा आएर भनेँ, 'त्यसो हो भने मेरो गालामा दुई चाटा लगाउनुस् अनि मलाई जे भन्ने हो लेटर प्याडमा लेखेर दिनुस् र फिर्ता पठाउनुस्। तर म नेपालको हुँ। नेपालको ऐन कानूनले दिंदैन भने पनि म विश्व अदालतमा मुद्दा गर्छु। तर मलाई न्याय चाहियो। तपाईले न्याय दिने कि नदिने ? नत्र म मुद्दा लडेरै छाड्छु'। हामीबीच झगडा नै पर्लाझैँ भयो।

मेरो आवेस बढ्दै गएपछि सहसचिवज्यूले मलाई नरिसाउनु भन्दै थम्थमाउनुभयो। मैले फेरिपनि उहाँलाई यो मन्त्रालय बालबालिकाको लागि बनेको हैन ? अनि यहाँबाट नहेरे मेरो बाबुलाई कसले हेर्छ ? भनेँ। उहाँले

नम्र हुँदै मलाई सम्झाएरै फर्काइदिनुभयो। पछि मन्त्रालयबाट एउटा पत्र लेखेर जिल्ला शिक्षा कार्यालय र त्यसैको एकप्रति मलाई पठाइयो। २०७१ सालमा त्यो पत्र मैले पाएपछि त्यो मामिलामा केही हुन सकेको छैन।

मैले बाबुलाई बलरामपुर स्कूलबाट निकालेँ। श्री दुर्गा उच्च माध्यमिक विद्यालयमा भर्ना गरिदिएँ। मेरो बाबुले राम्रोसँग पढ्दै गयो। त्यहाँ त्यस्तो समस्या केही परेन। अहिले बाबु ८ कक्षामा पढ्दैछ। स्वस्थ छ। राम्रो पढिरहेको छ। उसले आफूलाई अन्तरलिंगी विशेषता भएको व्यक्ति हुँ भन्ने कुरा बुझेको छ। अहिलेसम्म उसले आफू छोरा भएरै बाँच्नमा सहज महशुश गरिरहेको छ। उसको पढाईको मासिक शुल्क तिर्नुपर्दैन। तैपनि उसको पढाईको लागि लाग्ने अरू खर्चसमेत व्यहोर्न मलाई गाह्रो छ। मैले दैनिक ज्याला मजदुरी नगरे हाम्रो चुल्होमा आगो बल्दैन। भान्सा पाक्दैन। उसको किताब, कापी र पोशाकको लागि क्याम्पेन फर चेन्जले सहयोग गरिदिनुभएपछि उसको पढाई केही सहज भएको छ।

बाबु जब ११ वर्षको भयो। उसको बायाँपट्टिको अण्डाकोष (जुन पेटमा छ भनिएको थियो)ले दुःख दिन थाल्यो सायद। उसको पेट एकदमै दुख्न थाल्यो। उसलाई बीरगञ्ज मेडिकल शिक्षण अस्पताल लगेँ। इमर्जेन्सीमा अप्रेसन गर्नुपर्यो। अप्रेसनपछि ऊ राम्रो भयो। त्यो अप्रेसनपछि डाक्टरले बाबुको पाठेघर पनि अप्रेसन गरेर फ्याँक्नु भन्ने सल्लाह दिनुभएको थियो। पाठेघर नफ्याँक्दा बाबुलाई कुनै समस्या हुन्छ कि हुँदैन भनेर सोध्दा समस्या नहुने कुरा पनि डाक्टरले बताउनुभएको थियो। केही समस्या नहुने भए अप्रेसन नगर्ने भन्ने निर्णय गरेर हामीले त्यसपछि केही गरेका छैनौँ। अहिलेसम्म उसलाई राम्रो भइराखेको छ। म मेरो बाबुले स्वस्थ, खुशी र लगनशील जीवन बाँचेको देख्न चाहन्छु।

# अप्ठ्याराहरू पन्छिदै गए

*– टि.के हुमागाईं*

मेरो जन्म २०४७ सालमा काभ्रे जिल्लाको फोक्सीङटारमा भएको हो । म जन्मदै महिला र पुरुष दुबै जनेन्द्रिय लिएर जन्मेको रहेछु । म भन्दा ६ बर्ष अघि जन्मिएका दाजु पनि म जस्तै महिला र पुरुषकै जनेन्द्रिय लिएर जन्मिनुभएको रहेछ । म भन्दा ६ बर्षपछि भाइ जन्मियो । ऊ पनि दाइ र म जस्तै जनेन्द्रिय लिएर जन्मियो । तीनैवटा सन्तान छोरा र छोरीकै यौनाङ्ग लिएर जन्मिएपनि बुवाआमाले हामी सबैजनालाई छोरीकै रुपमा हुर्काउनु भयो । मलाई स्कूल पढ्न पढाउदा छोरी भनेरै भर्ना गरिदिनुभयो । म छोरी बनेरै बच्चा बेलामा रमाउदै हुर्किदै थिएँ । स्कूलमा अरू बच्चाहरूसँगसँगै रमाउँथे । खेल्थेँ । हाँस्थेँ । ४ कक्षामा पढ्दै गर्दा बुबाको निधन भयो । बुबाको निधनपछि हाम्रो आर्थिक अवस्था खँस्किएको थियो । जसोतसो हाम्रो गुजारा चल्दै थियो । ५ कक्षा पास गरेपछि म भकुण्डेबेसीको श्री जनक उच्च माध्यमिक बिद्यालयमा पढ्ने भएँ । मेरो स्कूल परिवर्तन भएसँगै हामीले हाम्रो बसोबास पनि परिवर्तन गर्यौं । हामी सपरिवार डाँडापारी, फोक्सीङटारबाट भकुण्डेबेसीमा नै बसाइ सरेर आयौं ।

भकुण्डेबेसीमा पढ्न थालेपछि स्कूलको एकजना शिक्षकले म अरु केटाकेटीभन्दा फरक भएको कुरा थाहा पाउनु भयो । उहाँको बुझाईमा म एक तेस्रोलिंगी केटा थिएँ । मैले पनि त्यतिबेला त्यही कुरालाई सकारे । उहाँले नै मलाई रुलर हेल्थ एण्ड इजुकेसन सर्भिस ट्रष्ट (RHEST) नेपाल नामको एउटा संस्थासँग सम्पर्क गराइदिनुभयो । त्यो संस्थाले मेरो पढाइको लागि निरन्तर

सहयोग गर्दै लग्यो। त्यसबेला पढ्ने अवसर पाउनु मेरो लागि एकदमै ठूलो कुरा थियो। संस्थाको सहयोग पाएर म आफ्नो पढाई अघि बढाउदै थिएँ। मेरो उमेर बढेसँगै मेरो यात्रा कठिन हुँदै जान थाल्यो। ७-८ कक्षामा पुगेपछि आफैलाई अनुभव हुन थाल्यो, मेरो स्वर केटाको जस्तो धोध्रो-धोध्रो सुनिदै जान थाल्यो। मेरो त्यही आवाज सुनेपछि अरूहरूले मलाई गिज्याउँन थाले। कक्षामा पढ्दाखेरी शिक्षकले केही प्रश्न सोधे भने पनि मेरो जवाफ सही हो वा गलत कसैलाई मतलब हुँदैनथ्यो। बस्, मेरो आवाज सुनेर कक्षाकोठामा भएका सबै बिद्यार्थीहरू गलल हाँस्थे। उनीहरूको त्यस्तो व्यवहारले गर्दा म कक्षाकोठामा बोल्न छाडेँ। शिक्षकले पनि मलाई कुनै प्रश्न नसोधीदिए हुन्थ्यो भनेर मनमनै सोचेर बस्थेँ। त्यसबेला म कक्षाकोठाको भित्ताझैँ चुपचाप बसेरै आफ्नो सबै घण्टीको पढाई सकाउन चाहन्थेँ, ताकी म हँसीमजाकको बिषय नबनूं। मेरो आवाजलाई लिएर मेरो आत्मसम्मानमाथि प्रहार नहोस्।

त्यसबेलादेखि नै म आफुलाई छोराको रुपमा प्रस्तुत गराउन चाहन्थेँ। घरपरिवारले त्यसो गर्ने अनुमति दिनुभएन। १२ कक्षासम्म मैले आफुलाई महिलाको रुपमै प्रस्तुत गरेर बाँचे। महिलाको भेषमा बाँच्नुपर्दा मलाई निकै गाह्रो भएको थियो। म महिला होइन भन्ने कुरा मेरो मन मष्तिष्कलाई थाहा थियो। तर त्यही कुरा अरु कसैलाई भन्न सकीरहेको थिइनँ। म को हुँ र के हुँ भन्ने कुरा मसँगै थियो। मेरो शारिरीक बनावट केटाजस्तै बन्दै गएपछि स्कूलमा सबैले जिस्काउथे। आफ्नै साथीहरूले पनि जिस्काउँथे। म लाज र हीनताबोधले थिचिएर बस्थेँ, चुपचाप। स्कूल जाँदा आउँदा होस् वा अरु कुनै ठाउँहरूमा जाँदा आउँदा पनि कोही कसैको नजरमा नपरुम भनेर सकभर लुकी लुकी हिड्थेँ। आफैले आफूलाई अरूको नजरबाट बचाउन खोज्नुको त्यो असफल प्रयास कत्ति पीडादायी थियो, म यहाँ शब्दमा बयानै गर्न सक्दिनँ।

मैले प्लस टु सकाएँ। स्नातक पढ्ने समय आयो। त्यही मौकामा मैले आफ्नो पहिचान बदल्ने निर्णय लिएँ। कपाल काटेर ब्योइज कट पारेँ। सर्ट

प्यान्ट लगाएँ । धुलिखेलमा स्नातक तह पढ्न गएँ । आफुले आफुलाई केटाको रुपमा परिचय गराएँ। त्यसरी आफूलाई प्रस्तुत गर्दा र परिचय गराउँदा असाध्यै सहज लाग्यो । मलाई क्याम्पसमा सबैसँग खुलेर बोल्न, पढ्न पनि सजिलो भयो । तर घरमा मलाई छोराको रुपमा स्वीकार्न निकै गाह्रो भयो । मेरो त्यस्तो रुप देखेपछि हामीबीच बोलचाल बन्द भयो । तैपनि म आफूले आफूलाई केटाको रुपमा उभ्याउन पाएकैमा एक हिसाबले खुशी थिएँ। केही समयपछि घरमा पुनः हामीबीच बोलचाल शुरु भयो ।

म पढ्दै थिएँ, बेलाबेलामा RHEST नेपालको बिभिन्न कार्यक्रमहरूमा सहभागी पनि हुने गर्थे । कार्यक्रमहरूमा एचआइभी एड्स र यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBT) हरूबारे जानकारी गराउँथे । हामीलाई उनीहरूले विभिन्न कुराहरूबारे जानकारी गराउँथे। त्यही सिलिसलामा दुईटा लिङ्ग भएको दुईलिङ्गी व्यक्ति भनेर इन्टरनेटमा भएको केही फोटोहरू पनि हामीलाई देखाएका थिए। तर प्रायःजसोले त्यस्तो विशेषता भएकाहरूलाई तेस्रोलिंगी नै भन्ने गर्थे । त्यस्तै कार्यक्रमहरूमा सहभागी हुँदाहुँदै मैले निल हिरा समाजबारे थाहा पाएको थिएँ । म २०७० सालदेखि नै त्यहाँ जान चाहिरहेको थिएँ। RHEST नेपालकै म्यामहरूले इन्टरनेटबाट पत्ता लगाएर निल हिरा समाजको केन्द्रीय कार्यालय लाजिम्पाटमा मलाई लिएर जानु भयो। त्यहाँ भक्तिजीसँग चिनजान भयो। त्यसपछि त्यहाँबाट सञ्चालन गरिने कार्यक्रमहरूमा मलाई पनि बोलाउन थाल्नु भयो । गाइजात्राको अवसरमा गरिने कार्यक्रममा पनि म जान्थे । २०७२ सालको गाइजात्रा कार्यक्रममा इशानजीसँग छोटो भेट भयो । त्यसपछि म धुलिखेल फर्किएँ। इशानजीसँग मेरो फोनमा कुरा हुन थाल्यो । एकफेर इशानजी तालिमको लागि धुलिखेल आउनु भएको थियो। उहाँले आफू बसेको होटेलमा मलाई फोन गरेर बोलाउनु भयो । त्यहाँ म भेट्न गएँ । त्यो भेटघाटले हामीबीच राम्रो चिनजान भयो । मैले आफ्नो कुरा इशानजीलाई सुनाएँ। उहाँसँगको कुराकानीबाट मैले मेरो

वास्तविक पहिचान थाहा पाएँ। म अन्तरलिङ्गी व्यक्ति रहेछु। त्यो दिनको हाम्रो कुराकानी सकियो। तर हाम्रो कुराकानीको सिलसिला भने जारी रह्यो। मलाई थाहा नभएको कुरा उहाँसँग सोध्न र आफ्नो कुरा भन्न पनि सजिलो लाग्थ्यो। उहाँले मेरा हरेक प्रश्नहरूको उत्तर राम्रोसँग बुझाएर दिनुहुन्थ्यो। हाम्रो भेट पातलिए पनि फोनमा लगातार कुराकानी भइरह्यो। इशानजीको सल्लाह, सुझाब र प्रोत्साहनले मलाई धेरै राहत मिल्थ्यो। ऊर्जा भरिन्थ्यो।

मैले मेरो दाजु पनि मजस्तै आफ्नो बारेमा स्पष्ट होस् भन्ने चाहें। उहाँलाई पनि मलाई जस्तै छोरी बनाएर हुर्काइएको थियो। डाँडापारीको गाउँमा खेतीपाती, घाँसदाउरा गर्दै उहाँ हुर्किनुभयो। घरको पहिलो सन्तान भएकोले सानैदेखि उहाँले घरको कामकाजमा लाग्नुपर्यो। स्कूल पढ्ने मौका पाउनुभएन। म ६ कक्षामा पढ्दै थिएँ। दाइको आवाज भारी हुँदै गयो। दाह्री पलाउन थाल्यो। उहाँलाई ‘ऊ दाह्री पालेको केटी’ भन्दै गिज्याएको देख्थेँ। सुन्थेँ। दाइले आफू केटा भएर हिड्ने कुरा गर्दा घरमा कसैले मानेनन्। उल्टै दाइलाई झपारे। गाली गरे। दाइले सबैको गाली बेइज्जती सुन्नुभयो। एकदिन, कपाल काटेर केटाको कपडा लाएर दाइ घर आउनुभयो। त्यही कुरामा घरमा झगडा भयो। दाइ रिसाएर घर छाडेर हिड्नुभयो। उहाँले आफू छोरा भएर बाँच्नकै लागि घर छाड्नुभएको थियो।

उहाँ काठमाडौँ जानुभएछ। त्यहाँ ब्याग बनाउने कारखानामा काम गर्न थाल्नुभएछ। आफूलाई पुग्ने र घरपरिवारलाई पनि अलि अलि सहयोग गर्न सक्ने गरी पैसा कमाउन थाल्नुभयो। बेलाबेला घरमा आउने गर्नुहुन्थ्यो। त्यही बेलामा म उहाँलाई RHEST का सरहरूसँग भेटाउन खोज्थेँ। तर उहाँ जानै नमान्ने। मेरो कुरा नपत्याए पनि उहाँहरूको कुरा पत्याउनु होला भन्ने आशा थियो मलाई। तर उहाँले कुरा बुझ्नै चाहनुभएन। एकोहोरो हुनुभएको थियो। २०७२ सालकै एकदिन उहाँ धुलीखेलको मेरो कोठामा आउनुभयो। हामीले सँगै खाना खायौँ। भोलिपल्ट विहानै उहाँ काठमाडौँ फर्किनुभयो।

काठमाडौँ हिडेको मान्छे धुलीखेलको जंगलमा मृत अवस्थामा भेटिनुभएछ । उहाँले आत्महत्या गर्नुभयो भन्ने खबर पायौँ । मैले कहिल्यै नसोचेको कुरा भयो ! किन ? कसरी ? त्यस्तो के भयो ? त्यसको कारण हामी कसैलाई थाहा थिएन । पछि थाहा पायौँ- काठमाडौँमा उहाँ कुनै केटीको प्रेममा पर्नुभएको रहेछ । केटीले उहाँलाई छोडेर गएपछि उहाँ निकै विक्षिप्त हुनुभएको रहेछ । त्यहीबेला उहाँ घर आउनुभएको रहेछ । उहाँले आफ्नो पीडा हामीलाई बताउनुभएन । हामीले नि उहाँको समस्या बेलैमा पत्ता लगाउन सकेनौँ । सायद त्यही घटना अनि अरू पनि धेरै पीडाहरूले गाँजेर हो की आफ्नो ज्यान आफैले लिनुभयो भन्ने अनुमान मात्रै लगाउन सक्यौ हामीले । उहाँले आफ्नो सबै दुःख कष्ट आफैसँग लिएरै जानुभयो । हामीलाई थाहै दिनुभएन । उहाँले पनि आफ्नो बूताले भ्याएसम्मको संघर्ष त गर्नु नै भयो । तर सायद मैले र भाइले जसरी सहयोगी साथ र हातहरू पायौँ, उहाँसम्म त्यस्ता साथ र हातहरू पुगेनन् । अथवा उहाँले पनि त्यस्ता साथ र हातहरूसम्म पुग्ने मनसाय नै बनाउनुभएन । म आफैले पनि उहाँलाई त्यो मामिलामा गर्नुपर्ने जति सहयोग गर्न सकिनँ । हाम्रा भोगाई र दुःख कष्टहरू भिन्न थिए होलान् तर समान खालका पनि पक्कै थिए । हामीले त्यसलाई आपसमा साटासाट गर्न सकेनौँ । एकअर्कालाई भरथेग दिन सकेनौँ । त्यही भएर हो की उहाँले आफ्नो संघर्ष यात्रालाई बिश्राम दिनुभयो ।

त्यो घटनापश्चात गाउँघरका मान्छेहरूले हामीलाई- 'यिनीहरूले नि त्यस्तै गर्छन्, यिनको'नि बुद्धि छैन, मर्छन् कुनदिन' भन्न थाले । तर मलाई र भाइलाई आफ्नो बारेमा धेरै कुरा थाहा भइसकेको थियो । दाइलाई मैले केही सम्झाउन बुझाउन नसकेपनि भाइलाई आफूसँग भएको जानकारी र ज्ञानहरू भन्ने गर्थेँ । म जस्तै भाइले पनि RHEST नेपालकै सहयोगमा पढिरहेको थियो । साथै मानसिक रुपमा तयार रहनको लागि म आफै उसलाई सहयोग गर्दै आइरहेको थिएँ । हामीजस्ता थुप्रै मानिसहरू छन् र सबैले आ-आफ्नै हिसाबले संघर्ष

गरिरहेका छन् भन्ने कुरा हामीलाई पहिल्यै थाहा भइसकेको थियो। त्यसैले राम्रोसँग पढ्ने, काम गर्ने र सम्भव भएमा अप्रेसन गर्ने धूनमा म लागिसकेको थिएँ। भाइ पनि आफ्नो पहिचानसहित उभिनको लागि पाइला अघि बढाउदै गइरहेको थियो। त्यसैले अरूहरूले भनेझैँ हामीले आत्महत्या गर्नेछौँ भन्ने कुरामा म रत्तिभर विश्वास गर्दिनथेँ। जे जस्तो समस्या परेपनि हामीले केही न केही गरेरै खान्छौ भन्ने लाग्थ्यो। म सही पनि सावित भएको छु। अहिले भाइले शिक्षाशास्त्रमा स्नातक सकाएर धुलिखेलमै एउटा कार्यालयमा काम गरिरहेको छ। आफ्नो खर्च आफै जुटाउन सक्ने भइसकेको छ।

मैले माथि भनेझैँ आफ्नो अप्रेसन गराउने सोचेर २०७३ सालमा धुलिखेल हस्पिटलमा आफ्नो चेकअप गराएँ। डाक्टरले २ पटक अप्रेसन गर्नुपर्छ भन्यो। म अप्रेसनको लागि तयार भएँ। मेरो पहिलो अप्रेसन भयो। त्यो अप्रेशन ५० प्रतिशत जति सफल भयो भनेर मलाई भनियो। सुखद कुरा, त्यो अप्रेशनपछि अहिलेसम्म समस्या भने देखिएको छैन।

मैले गृह मन्त्रालयद्वारा जारी यौनिक तथा लैंगिक अल्पसंखयक समुदायका व्यक्तिहरूलाई लिंगको महलमा अन्य जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका २०६९ अनुरूप 'अन्य' को पहिचानमा नेपाली नागरिकता लिएको थिएँ। पासपोर्ट बनाएँ, वैदेशिक रोजगारीमा जानको लागि। नाम चाहि तिल कुमारी हुमागाईं थियो– नागरिकता र पासपोर्टमा। मेरो नागरिकताको विवरण र मेरो स्वरुप देखेपछि प्रायःजसो जिज्ञासु हुन्थे। कोही कसैले सोधीहालेमा कागजात बनाउँदा हतारमा त्यस्तो भएको हो, खासमा त्यहाँटि.के हुनुपर्ने हो भन्ने गर्थें। मेरो कुरा पत्याएर कसैकसैलेटि.के भनेर बोलाउँथे पनि। त्यसबेला मेरो हाँसो फुत्किन्थ्यो। म अहिले आफूलाई टि.के नामले चिनाउँछु।

म २०७५ सालमा कुकको काममा साउदी अरब गएँ। नेपालमा मलाई भनिएजस्तै त्यहाँ पुगेपछि काम र तलब पाएँ। त्यहाँ २ वर्ष राम्रोसँग काम गरेँ। विश्वभर कोभिड १९ को महामारी तीव्र रुपमा फैलियो। म काम गरेको मुलुकमा पनि त्यसले नराम्रोसँग प्रभाव पार्न थाल्यो। मैले गर्नुपर्ने काम नै हुन छाड्यो। कोभिडको प्रभावले बिनाकाम म त्यहाँ ३ महिना बसे। कुनै काम र दामबिना अरूको देशमा बस्नुभन्दा आफ्नै मुलुक फर्किनु बेस भनेर म नेपाल फर्किए। म नेपाल फर्किएपछि मेरो दोस्रो पटकको अप्रेसन गराउने सोचमा थिएँ। कोभिडले गर्दा त्यसो गर्ने मेलोमेसो नै मिलेन।

साउदी अरबबाट फर्केपछि मैले २०७८ सालमा बिवाह गरेँ। म धुलीखेल क्याम्पसमा पढ्दैगर्दा उनीसँग मेरो भेट भएको थियो। त्यहाँ पढ्दा उनको नजरमा म एक केटामान्छे नै थिएँ। मेरो अन्तरलिङ्गी विविधताबारे उनलाई मैले बताएको थिइनँ। तर म विदेश गएर फर्केपछि हामीले बिहे गर्ने भनेर दुबैले सहमति गरेर छुट्टिएका थियौँ। म बाहिर गएपछि गाउँका मान्छेहरूबाट उनले म पहिले केटीमान्छे भएको कुरा थाहा पाएछ। उनले मलाई फोनमै त्यो कुरा सोधिन्। उनले एक्कासी त्यसरी सोध्दा मैले त्यो वास्तविकता उनी सामु स्वीकार्न सकिनँ। मैले 'त्यस्तो होइन' भनेर केही समय उनको प्रश्नलाई टारे। मेरो आफ्नै वास्तविकतालाई ढाकछोप गर्न खोजेँ। तर त्यो सही थिएन। पछि मैले उनलाई साँचो कुरा बताएँ। उनलाई साँचो बताउनुपर्छ भनेर मलाई हिम्मत दिने इशानजी हुनुहुन्थ्यो। मेरो कुरा सुनेपछि उनको प्रतिक्रिया के हुनेहोला भनेर म चिन्तित थिएँ। उनले के निर्णय लिनेहोला भनेर म डराएको थिएँ। मेरो वास्तविकता बुझिसकेपछि पनि उनी आफ्नो वाचामै अडिग रहिन्। ओहो ! कस्तो खुशीको कुरा। उनले मलाई म जे थिए र जे हुँ त्यसैलाई सहर्ष स्वीकारिन्। म नेपाल फर्केपछि हामीले बिहे गर्ने कुरा यथावतै रह्यो।

म नेपाल फर्के। हाम्रो बिहेको कुरा चल्यो। मेरा घरकाहरू हाम्रो बिहे गर्ने कुरामा सहमत भएनन्। घरकाहरूलाई उनको नियतमाथि शंका थियो र

मप्रति चिन्ता थियो। उनले मसँग बिहे गरेर मैले विदेशबाट कमाएर ल्याएको सबै कमाइ लिएर मलाई छाडीदिन्छ भन्ने उहाँहरूको चिन्ता थियो। त्यस्तो कुरामा मैले विश्वास गरिनँ। मलाई उनीमाथि विश्वास थियो। उनको मप्रतिको भरोसामाथि मलाई भरोसा थियो। हामीले घरपरिवारको सहमति बेगर नै भागेर बिहे गर्यौँ।

हामी आफ्नै बेग्लै कोठामा बस्न थाल्यौँ। एकअर्काको साथ पाएपछि हामी खुशी थियौँ। हाम्रो सम्बन्ध घरमा स्वीकार्य नहुनुको पीडा त छँदैथियो। सुखदुःख जीवन चलाउदै गर्यौँ । हामीले धुलिखेलमा एउटा सानो होटल खोलेर चलाउन थाल्यौँ। हामी सँगै खुशी भएको, गरेर खाएको देखेपछि विस्तारै घरकाहरूले पनि हाम्रो सम्बन्धलाई मान्न थाले। म घर जाँदा उनीपनि साथमा जान थालिन्। उनलाई बिस्तारै बिस्तारै छोराको बुहारी, भाइको बुहारीको दर्जा दिन थालियो। घरपरिवारले हाम्रो जोडीलाई स्वीकारेपछि हामी झन् खुशी भयौँ। अहिले मेरो भाइ, मेरी श्रीमती र म एउटा फ्ल्याट लिएर सँगै बस्दैछौँ। हाम्रा अप्ठ्याराहरू बिस्तारै हट्दै जान थालेको महशुश गर्न थालेको छु।